# अध्याय १

# परिचय

## १.१पृष्ठभूमि

नेपाल एउटा भौगोलिक रुपमा अति सानो र सुन्दर राष्ट्रको रुपमा रहेको छ । जहाँ विभिन्न किसिमका भौगोलिक धरातल वनजङ्गल,वातावरण,वनस्पती जस्ता प्राकृतिक स्रोतले भरिपुर्ण रहेपनि तिनीहरुमा निकै नै विविधता भएको  पाईन्छ । यसरी भौगोलिक रुपमा विविधता भएको मुलुकमा विविध जातजातिका मानिस (मानव) हरुको बसोवास भएाको पाईन्छ । नेपाल एउटा वहुजातिय, वहुभाषी, वहुधार्मिक, बहुसाँस्कृतिक मानिसहरुको बासोबासरहेको थलो हो । त्यसैले श्री ५ वडामहाराज पृथ्वीनारायण शाहले सन १८ औं शताब्दीको मध्यतिर नेपाललाई एकिकरण गरी “ चार जात छत्तिस वर्णको साझा फुलबारी हो” भनेर घोषणा गरे । यहि चार जात छत्तिस वर्णको साझा फुलबारी भित्रको एउटा प्रमुख जातको रुपमा थारु जात पनि रहेको छ (दहित,गोपाल,२०६२) ।

थारुजाति नेपालको मुल आदीवासी अर्थात तराईको धर्तिपुत्र हुन् । यिनीहरुको आफ्नै गौरवमय इतिहास रहेको छ । नेपालको पुर्व झापा देखि पश्चिम कञ्चनपुर सम्मका तराई तथा चुरे भित्रि तराईका जिल्लाहरुमा सदियो देखि सघनरुपमा बसोवास गर्दै आएको पाइन्छ ।थारुसमुदायमा गजबको सांस्कृतिक मूल्य मान्यता रही आएको छ । बसाईसराई गर्नु पर्‍यो भने पनि थरुजाति कहिल्यै पनि हिमाल, पहाडमा बसाईसराई गर्दैनन् । बसाई सरे पनि उनीहरु थरुहट तराईमा  मात्रै सिमित रहेर सर्ने गर्दछन् । हिमाल, पहाडमा स्थानन्तरण गर्न उनीहरु रुचाउदैनन् । यो आदिवासी थारुभूमिपूत्रको विशेषता हो (चौधरी, २०६६) ।

तराईको कैलाली, कञ्चनपुर, बांके, बर्दिया, सुर्खेत, दाङ/देउखुरी, नवलपरासी, रुपन्देही, कपिलवस्तु, चितवन, बारा, पर्सा, रौतहट, सिरहा, सुनसरी, सर्लाही, धनुषा जिल्लाहरुमा थारु समुदायको सघन रुपमा बासोबास गर्दै आइरहेको देखिन्छ भने काठमाडौ, ललितपुर जिल्लामा पनि पहिला भन्दा अहिले तुलनात्मक रुपले  जनसङख्या वृद्धि भएको देखिन्छ ।साथै यिनिहरु तराई तथा उपत्यका जस्तै : उदयपुर को त्रियुगा उपत्यका, दाङ् उपत्यका र चितवनमा पुष्टौ पुष्टा देखि बसोवास गर्दै आएको पाईन्छ रतराईका २२ जिल्लाहरुका थारुजाती सघन रुपमा रहेतापनि नेपालको पचहत्तरै जिल्लामा थारुहरु रहेको देखिन्छ । तसर्थ तराईको एक प्रमुख मुलबासी नै थारु जाती हो ।नेपालको पुर्व पश्चिमको समथर भु-भागमा जनसङख्याको एक प्रमुख भाग थारु जातिले नै ओगतेको छ । वि.स. २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार कुल थारुहरुको जनसङख्या १७,३७,४७० रहेको छ । जसमा पुरुषको संख्या ८,५२,९६९ र महिलाहरुको संख्या ८,८४,५०१ रहेको छ ( चौधरी ,मिनराज ,२०७३) ।

जनसङख्याको हिसाबले ब्राहमण, क्षेत्रि, मगर पछिको चौठो स्थानमा रहेको आदिवासी भूमिपत्र थारुजातिको गौरवमय इतिहास छ , इतिहसको लामो कालखण्डमा सम्पुर्ण तराईक्षेत्रमा थारुहरुको आफ्नै शासन प्रशासन को मौजा रहेको थियो । यस शासन कालमा उनीहरुका भाषा, धर्म, संस्कृति, सभ्यता, भेषभूषा, कला, साहित्य, रितिरिवाज, परम्परा आदि समृद्ध र सवल अवस्थामा रहेको थियो ।

थारु जातिको आफ्नै मौलिकइतिहास रहेकोछ । शान्तिका अग्रदुत गौतम वुद्ध ,राजा अशोक सम्रात, राजा दंगीशरण जस्ता अग्रजहरु यिनै थारु जातिका सन्तान हुन् भन्ने इतिहास विदहरुको भनाइ रहेको छ (श्रेष्ठ, पदम, २०५७) । तराईको घनाजङ्गलमा हिंस्रक जनावर , प्राणघातक रोगब्याधि सँग पुष्टौ पुष्टा देखि जीवनमरणको अथाक संघर्ष गर्दै बस्ती योग्य फाँट बनाउने र यसै फाँटमा सुनका दाना फलाउने श्रेय पाउने थारु जाति नै हुन् । यस जातिको प्रमुख पेसा कृषि र पशुपालन हो । यिनीहरुको आफ्नै पहिचान रहेको छ । छुट्टै भाषा, रहन सहन, धर्म, सँस्कृती, नाचगान, पुजा आजा, देवि देवता, भेष भुषा  आदि रहेका छन् । यस जातिको सबभन्दा अमुल्य गहना भनेको सोझोपन, इमान्दारिता, मेहनतिपन, स्वालम्वि, सहयोगी र शहनसिलता हो । आज पनि यिनै विशेषताहरुले थारु जातिलाई नेपाल तथा विश्वले चिन्ने गर्दछ । यिनिहरु आफ्नै बाहुवलमा विश्वास गर्दछन् । यस जातिमा हामी भन्ने भावनाको विकास भएको पाईन्छ । यसैको फलस्वरुप नेपालका तराई तथा भित्रि तराईका हरिया फाँटहरुमा पौराणिक कालदेखि नै अन्न उत्पादन गरेर देशको आर्थिक मेरुदण्डमा महत्वपुर्ण योगदान पुर्‍याउदै आएका छन् (साँहारी,२०६८) ।

यस थारु जातिलाई शारिरिक रुपमा मङ्गोल मुलका मानिन्छन् । यिनिहरु मझौला कडका हुन्छन् । वर्णका हिसावले गहु गोरो मानिन्छन् । कोहि काला तथा नाक थेप्सो , ओठ वाक्लो र कस्सिएको मजबुत शारिरिक बनावटका हुन्छन् । यिनिहरु आफ्नो छुट्टै पहिचान भएको परम्परागत भाषा, धर्म , रितिरिवाज , सामाजिक संरचना , बसोवास गरेको क्षेत्र भएको लिखित वा अलिखित इतिहास रहेको छ (डि.एन. मजुमदार, द फर्च्युनस अफ प्रिमिटिभ ट्राइब्स) ।

थारु जातिको उत्पत्तिको बारेमा विभिन्न विद्वानहरुको आ-आफ्नै मतभिन्नता रहेको पाइन्छ । मजुमदारले “ थारु मरुभुमि बाट आएकाले थारु कहलिएका हुन् “ भन्ने आफ्नो विचार राखेका छन् भने कसैले चितौंरे (राजदुत) मुसलमानको आक्रमण भएपछि राजपुतहरुले १२ औं शताब्दि तिर आईमाईहरुलाइ सुरक्षा दिन उत्तर पहाड तिरको जङ्गलमा आफ्नो नोकर चाकर सहित पठाई आफु युद्धमा लागे , त्यस पछि लामो समय सम्म पनि आफ्नो श्रीमानहरु नफर्किएपछि आफ्नै साथमा आएका नोकरहरु सँग र त्यहाँका निम्न जातिलाई श्रीमान बनाएर तिनीहरु बाट जन्मेका सन्तान नै थारु भए भनि राय प्रकट गरेका छन् ( सिंह,२००६, चौधरी,१९९९, दोनाग,१९८४,राइजली,१८९२, कुक,१८९६) ।

त्यस्तै तराई तथा भित्रितराई क्षेत्रमा अवस्थित थारुहरुको उत्पत्ति बारे इतिहासकार तथाइतिहासकार शिरोमणि बाबुराम आचार्य वि.स.२०१० मा थारुको मुल घर कहाँ ? नेपाल साँस्कृतिक परिषद पत्रिका वर्ष २ अंक २ को अनुसार : थारुहरु नेपालको आदिवासी हुन् । उनिहरुको उत्पत्ति नेपालमा भएको हो (दहित, गोपाल, २०६२) । थारुको उत्पत्तिको बारेमा भन्नुपर्दा यिनिहरु राजपुतनामक मुसलमानको आक्रपण पछि नेपालमा आएका हुन् (विष्ट ई. १९७६) पदम श्रेष्ठ ( वि.स. २०५७ ) ।

थारु र शाक्य दुबै गौतम बुद्रका नश्ल नामक शिर्षकमा नेपाल समाचार पत्रका मंसिर ३० गते प्रकाशित लेख अनुसार गौतम वुद्व र थारु जाति मंगोलियन तराई क्षेत्रका आदिवासी हुन् । राजा अशोक सम्राट समेत थारु हुन् (दहित, गोपाल, २०६२) ।

थारुहरुलाई भारतको विभिन्न सिमानाका जिल्लाहरु गोंडा ,नैनिताल , गोरखपुर , र खिरि जिल्लाको उत्तर प्रदेशहरुमा भेटिन्छन् । यिनिहरु जनजातिय समुहमा पर्दछन् । थारुहरुले बोल्ने मुख्य भाषालाई थारु भषा भनिन्छ ।थारु भाषा पनि ठाउँ अनुसार फरक फरक रहेको पाईन्छ । पुर्वैली थारु भाषामा मैथली मिसिएको हुन्छ भने मध्यभागका थारुहरु भोजपुरी मिसाएर बोल्ने गर्दछन् । थारु भाषा पश्चिम तिर धल्किदै जाँदा थारुभाषा मिसावट मुक्त हुदै शुद्द थारु भषामा परिणत हुँदै गएको छ । यसरी थारुहरुले आफ्नो छुट्टै कला, धर्म , संस्कृती , भेषभुषा , पहिरन ,नाचगान , चाडपर्वले विश्वलाई चिनाउने पहिचान कायम गरेका छन् (डिवेडी, १९५५) ।

समग्रमा थारु जातिमा ठाउँ अनुसार बोलीभाषा ,रितितिथि , जन्म, मृत्यु , विवाह संस्कारहरु फरक-फरक तरिकाले गरेपनि यिनिहरुको जात भने एउटै हो । यिनिहरुको संस्कारमा विविधता रहेको पाईन्छ । त्यसैले यिनिहरुको उत्पत्ती पनि अन्योल नै रहेको छ । विभिन्न लेखकहरुले थारुहरुको बारेमा आ-आफ्नै तरिकाले ब्याख्या विश्लेषण गरेका छन् । विशेष गरी पहाडिया समुदायहरुले थारुहरुलाई मंगोलियन पृष्ठ भुमि भनेर भन्छन् भने मधेसीहरु भारतिय तिर थारुहरुको इतिहासलाई मोड्ने कोसिस गरेको पाईन्छ । अन्त्यमा जसले जे भनेपनि थारु तराई तथा भित्रि तराईको मुलवासी अर्थात भुमिपुत्र हो भन्ने कुरालाई कसैले नकार्न सक्दैन । थारु नै तराई भुमिको सबभन्दा पुरानो बासिन्दा हो । यहि नै सत्य हो ।

## १.२ सामाजिक आन्दोलन

सामाजिक आन्दोलन भन्नाले द्वण्दमा सहभागी भएका मानिसहरुको समुहलाई बुभ्नु पर्छ । उनीहरुको निश्चित परिचित दुश्मन हरु हुन्छन् भन्ने उनिहरु सँग साझा पहिचान एकीकृत विश्वास, साझा कार्यक्रम र सामुहिक ढँगले काम गर्न सक्ने इच्छाशक्ति रहेको हुन्छ । अर्को शब्दमा भन्दा सामाजिक आन्दोलनले विभिन्न किसिमका तत्वहरुलाई समावेश गरेको हुन्छ । जस्तै : साझा पहिचान र साझा उदेश्य विश्वासको समुह,साझा क्रियाकलापको समुह र विरोधि प्रति केन्द्रत भएको द्वण्द्वमा सहभागि भएको मानिसहरुको समुह रहेको हुन्छ ।

पहिचानको सिद्वान्त, प्रतिपक्षीय सिद्वान्त र सम्पुर्णताको सिद्वान्त सँग सामाजिक आन्दोलन सम्वन्धित छ, जहाँ सामाजिक कार्यकर्ताहरुले आफ्नो पहिचान दिन्छन् । नेपालि समाज, उत्पीडित जाति र पिछडिएका समुदायहरु राजनैतिक खिचातानीको चपेटामा परी उपेक्षित भएका घटनाहरु नेपाली इतिहासमा नौलो होइन । यस्तो घटना नेपालको एकीकरण पश्चात भएको हो । नेपाल आदिवासी जनजातिको पहिचान र मान्यता आदिवासि जानजाति आन्दोलनको उपज हो । नेपालमा आदिवासि जनजातिहरुको यस्तो पहिचान र अधिकारमुखी आन्दोलनको इतिहास लामो समय देखि नै गर्दै आएको छन् । नेपालमा राज्जको तर्फ बाट आदिवासी जनजातिहरुको भोग्नु परेको अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन को विरुद्ध उनीहरुले धेरै पहिला देखि संगठित तथा असंगठित रुपमा संघर्ष गर्दै आएका छन् । यसरी दमन र शोषणले गर्दा कुनै पनि ब्यक्तिले त्यसको प्रतिकारको लागि संगठित हुने गर्दछन् । त्यस्तै फरक-फरक इच्छा आकंक्षा र चाहाना भएका व्यक्ति, समुह,जाति वा राष्ट्रबिचमा हुने टकराव पुर्व अवस्थालाई नै द्वण्द्व भनिन्छ । द्वण्द्व सार्वभौमिक प्रक्रिया हो । किनकि संसार नै द्वण्द्वमय छ । हरेक समाजमा कुनै न कूनै किसिमको द्वण्द्व रहेको छ । आफ्नो उदेश्य प्राप्तीको लागि गर्ने संघर्ष नै द्वण्द्व हो । मानिसको जिवनमा द्वण्द्वै-द्वण्द्व वा संघर्षले भरिएको छ । हरेक

पाइलामा अगाडि बढाउन विरोधिहरुको भावनाहरुलाई दबाउनु पर्ने हुन्छ (अर्याल, भाजेन्द्र, २०६९ ,नेपाली समाज र संस्कृतिका उपागमहरु ) ।

थारुहरु नेपाल तराई भुमिका मुलवासी अर्थात धर्तिपुत्र पुर्व झापा देखि पश्चिम कञ्चनपुर सम्मका २२ जिल्ला लगायत थारु ऐतिहासिकता बोकेका उदयपुर उपत्यका, सिन्धुलीको कमला खोँच, चितवन, सुर्खेत र दाङ्ग उपत्यकाका विभिन्न जिल्लाहरुमा सदियो देखि मुलवासीको रुपमा बस्दै आईरहेका छन् । थारुहरु औलो रोगको महामारी सँग लड्दै तराईको समथर भुभागलाई वस्ती योग्य र खेति योग्य बनाए । नेपालमा २०३२ सालमा औँलो उन्मुलन भयो । त्यस पछि पहाडबाट बाहुन, क्षेत्रि, लगायतका तमाम जातिहरु क्रमशः तराईतिर बसाइसराई भए । तराईमा आइसकेपछि विभिन्न बहानामा ती सोझा अनपढ थारुहरुको जग्गा लिइ भुमिविहिन कमैया बनाए । सोझा र अनपढ थारुहरु आफ्नो जग्गाको मुल्य नबुझी र मालपोत बुझाउन नसक्ने भएपछि भुमिविहिन हुन पुगे । किनकि जब नेपालमा नयाँ मुलुकी एन वि.स. १९९० मा लागु भयो । नेपाल सरकारले पहाडी भेगका मानिसहरुलाई तराई तिर बासोबास गराउने भुमिका खेल्यो र वि.स.२०२१ सालमा जब भुमिसुधारको नाममा जमिनको हदबन्दि कायम गऱ्यो र सुनियोजित ढङ्गले थारु जमिन्दारबाट जमिन हड्पेर सुकुम्वासीको नाममा जग्गा वितरण गरियो । पहाडबाट पुनर्वास योजनाको माध्यमले थारुहरुको बस्तिहरुमा समुहगत बाहुन, क्षेत्री, ठकुरी आदिलाई स्थानान्तरण गराएर अल्पसंख्या बनाउन सुरु गरे । र भारतको विहारबाट बाढी पिडितको नाममा दोस्रो समुहगत बस्ति समेट प्रोत्साहित गरियो । थारुहरुको पुरानो वस्ति गाउँ ब्लकको नाममा नापी भए पश्चात उनिहरु झन् समस्या भोग्न बाध्य भए । जातिय विभेदको लामो श्रृंखला पार गर्दै थारु आफ्नो जल, जंगल, जमिन उपरको अधिकार गुमाए (थारु,२०६६) ।

यसरी सदियो देखि विभिन्न शोषण, उत्पीडन र दु:खहरु भाग्दै आइरहेका थारुहरु आफ्नो मुक्तिको लागि विभिन्न किसिमका ऐतिहासिक आन्दोलनहरु गर्दै आएका इतिहास भेटाउन सकिन्छ । वर्दिया जिल्लाको भौंराटप्पाको बेलुवामा २००८ सालमा बैशाख १५ गते किसान विद्रोह भएको थियो ।जसमा कोइली देवि थारु लगायत ६ जना थारुहरुले सहादत पाएका थिए र १७ जना गम्भीर घाइटे भएका थिए (दहित, गोपल, २०६३) । यसै गरि दङ्गामा गुमरा चौधरी को अगुवाइमा “जग्गा कसको जोत्नेको घर कसको पोत्नेको “भन्ने मुल नाराका साथ २०१६ साल माघ १७ गते देखि सुरु गरिएको थियो । तर अगुवा गुमरा चौधरी २०१७ साल साउन ६ गते राज्य पक्षको गोली लागेर शहिद भए, पछि आन्दोलनले गति लिन सकेन । यस्ता आफ्नो अधिकारको लागि विद्रोहका आवाज नउठेका भने पक्कै होइनन् तर निरन्तरता र व्यापकता लिन सकेन ।

थारु आन्दोलन थारुहरुको पहिचान, अधिकार र स्वतन्त्रताको लागि गरिएको आन्दोलन हो । भु-भागको दृष्तिकाणले हेर्दा समथर र तराई भुमिलाई थरुहट भुमिलाई थारुहट भन्न सकिन्छ । थारु आन्दोलनको दृष्टिकोणले हेर्दा नेपालको तराई क्षेत्रमा बासोबास गरेका मानिसहरु जो उत्पिडनमा परिएका छन् । सदियौँ देखि शोषित पिडित र विभेदमा पारिएका छन्,यिनिहरु पहिचान र अधिकारको लागि थालिएको आन्दोलन नै थारु आन्दोलन हो (चौधरी,२०६६) ।

थारुहरुको उत्थान गर्ने एकल उदेश्यले स्थापित थारु कल्याणकारिणि सभा लगायत थारु नामबाट कार्य गरिरहेका विभिन्न संस्था समुहले पनि थारुहरुको वास्तविक मुक्तिमा खासै टेवा

पऱ्याउन सकिरहेको छैन । एक्काइसौं शताब्दि र नेपालमा लोकतन्त्र आइसकेपनि थारुहरुले वास्तवमा लोकतन्त्रको अनुभुति सम्म पनि गर्न नसकेको थारु समुदायको गुनासो रहेको छ । थारु माथिको दमनकारि काला रातहरु अझ सक्रिय देखिन्छन् । यिनिहरु घर देखि कार्यालय, गाँउ देखि शहर र स्थानिय देखि केन्द्रिय तह सम्म सवाल रहेका छन् । यस्तो दमनकारी प्रवृति विरुद्ध थारुहरु आफ्नो नेतृत्वमा सशक्त विद्रोह जबसम्म गर्न सक्दैनन् तब सम्म थारुजातिको वास्तविक मुक्ति असम्भव छ । लोकतन्त्र वा गणतन्त्रको दुहाई दिदैमा सबै नेपालिको घरआँगनमा वास्तविक लोकतन्त्र आउन सक्दैन ( दहित , गोपाल , २०६३) ।

नेपालमा विगत २४० वर्षको लामो समय देखि एक छत्र शासन गर्दै आइरहहेको राजतन्त्रमा थारु समुदायको हितमा नदेखिएकोले बेलाबखत अधिकारको लागि आन्दोलनहरु हुने गरेका छन् । झण्डै दुई दशक लामो जातिय तथा क्षेत्रिय मोर्चाहरुको संघर्ष १० वर्षे जनयुद्ध, मकै पर्व १९९७, २००७ सालमा प्रजातन्त्र स्थापना, लगत्तै २०१७ देखि २०४६ सम्म र त्यसपछि २०६२/६३ को १९ दिने संयुक्त जनसंघर्षमा सहभागि भई ऐतिहासिक रुपमा अहम भुमिका निर्वाह गरेको पाईन्छ । जनआन्दोलन २०६३ लाई टकेर २०६४ चैत्र २८ गते संविधानसभाको निर्वाचान पश्चात देशमा संघियताको वहस सुरु भयो । राज्यको पुनः संरचना गरि राज्यबाट हेपिएका, पिल्सिएका, पिडित जातजातिलाई अधिकार सम्पन्न बनाउने विषय जवरजस्तरुपमा उठेको थियो । आत्मनिर्णयको अधिकार, स्वयत्तता, आरक्षण जस्ता विषयहरु वहस भएका थिए । जातिय राज्य कि भाषिक तथा भौगोलिक राज्य बन्ने बहस पनि भए । जातियताले देश बिखण्डन गर्ने, आशंका गरे । जनजातिहरुले आरोप लगाएको पाईन्छ । जसले गर्दा मधेसी शामन्तहरुको आडमा २०६५ माघ २५ गते थारुहरु लगायत तराइका अन्य २१ आदिवासी,जनजाति तथा दलितहरुको स्वतन्त्र पहिचाज नष्ट हुनेगरी मधेसिको सुचिमा ९२ जनजातिलाई सुचिकृत गरी ठुलो घाट गऱ्यो । तत्पश्चात थारुहरुको ऐतिहासिक आन्दोलन २०६५ को सुरुवाट भयो ( चौधरी ,मिनराज , देवनारायण,२०६६) ।

थरुहट आन्दोलनको सुरुवात २०६५ फाल्गुन १६ गतेका दिन थरुहट संघर्ष समितिको पत्रकार सम्मेलन भयो र फाल्गुन १८ गते साझा थरुहट तराईको सम्पुर्ण जिल्ला र काठामाडौं उपत्यकामा गरिएको भब्य मसाल जुलुसले ताप र राप दिएपछि फाल्गुन १९ देखि निरन्तर चैत्र १ गते सम्म थारुहरु तातिरहे,आम बन्द हडताल सशक्त रुपमा सफल रह्यो । थारु कल्याणकारिणी सभाले यस आन्दोलनमा नैतिक समर्थन जनायो भने विभिन्न राजनितिक दल, जातिय संगठन, विद्यार्थि, पेशाकर्ता आदिले सहकार्य तथा ऐकेबद्वता जनाए । यस आन्दोलनले ५ ओटा मुद्दालाई अगाडि सारेको थियो । ति हुन् :

- सार्वजनिक सेवालाई समावेसी बनाउने नाममा जारी गरिएको अध्यादेश र यसै सँग जोडिएको ९२ जातजातिलाई मधेसिकरण गर्ने सुचिलाई खारेज गरि थारुहरुलाई थरुहट तराईका मुल आदिवासिको रुपमा स्थापित गर्ने र थारुहरुको लागि सबै खाले सार्वजनिक सेवामा उनिहरुको जातिय जनसंख्याको अनुपातमा स्वतन्त्र पहिचान सहित अलग्गै नियुक्तिको कानुनी व्यवस्था गर्ने ।
- यसैगरी मुस्लिम,तराईका अन्य आदिवासि जनजातिहरुको पनि स्वतन्त्र पहिचान सहित अलग अलग सार्वजनिक सेवामा प्रवेशको कानुनि ब्यवस्था गर्ने ।

- अर्को महत्वपुर्ण मुद्दामा राज्यको हरेक अंग र क्षेत्रको सबै तहमा जातिय र जनसंख्याको आधारमा पुर्ण समानुपातिक प्रतिनिधित्वको संवैधानिक सुनिश्चितता गराउन ।
- चौथो आन्तरिम संविधान को धारा ६३ मा रहेको मधेसलाई खारेज गरी सोको ठाउँमा थरुहट तराई स्थापित गराउन ।
- अन्तिम तर महत्वपुर्ण मुद्दामा स्वतन्त्र विद्यार्थी युनियनको चुनाव पुर्ण समानुपातिक रुपले गराउनु पर्ने  (दहित ,गोपाल (२०६६) पृ.३ ।

यस आन्दोलनले पहिलो पटक थारुहरुको नेतृत्वमा थारुहरुको अधिकारको लागि ऐतिहासिक रुपमा सफल पारे । थारु हरुका ऐतिहासिक बस्ति रहेको २४ जिल्लामा आम जनसमुदायको ब्यापक समर्थनका कारण आमहड्ताल बन्द पुर्ण रुपमा सफल भएको थियो । यस आन्दोलनमा चार जना शहिद भएका थिए । अमर शहिद कमल चौधरी, विपीन चौधरी, प्रकाश चौधरी र रामप्रसाद चौधरी बिस शहिदका हिमायति हुन् । सयौं आन्दोलनकारी घाइते भएका थिए । करोडौ धनजनको क्षति भएको थियो । यसर्थ नयाँ संविधानमा आफ्नो पहिचान  र अधिकार स्थापित नभएसम्म आन्दोलनको उत्कर्षणले निरन्तरता पाईराख्नु पर्छ भन्ने जनआवाज रहेको थियो ।

थारुहरु तराईको मुल आदिवासी हुन् भन्ने यथार्थता अन्ततः नेपाल सरकारले स्वीकार्‍यो । थरुहट संयुक्त संघर्ष समिति र नेपाल सरकार बिच २०६५ चैत्र १ गते भएको ६ बुँदे सहमति पत्रमा अर्को कुरा पनि उजागर भयो । यो हो, नेपालको तराई भुभागमा आदिवासि थारुहरु आदिम काल देखि नै निरन्तर रहेका छन्.। लाखौँ वर्षको इतिहास र वलिदानी दिएको थारुहरुको पहिचान र आत्मसम्मान यसै गरी आदिवासि अधिकार र नागरिक को अधिकारको संवैधानिक र कानुनि ब्यवस्था गर्न नेपाल सरकारले मन्जुरी जनाएको थियो। साथै थारुहरुको पहिचानलाइ आफ्रेल पार्ने खालका त्रुटि र कमजोरीहरु रहेका आन्तरिक संविधान गर्न सहमति जनाएको थियो (दहित ,गोपाल (२०६६) । १३ दिनको पहिलो आन्दोलन र १२ दिन पछिल्लो थारु आन्दोलनले देश विदेशका सत्ताधारीहरु र नागरिकहरुलाई धेरै पाठ सिकायो (चौधरी , देवनरायण (२०६६) । थरुहट संयुक्त संघर्ष समिती र नेपाल सरकार बिच २०६६ चैत्र २ गते गरिएको ६ बुँदे र २०६९ जेष्ठ १० गते १० बुँदे सहमति गरेको थियो । तर द्विपक्षिय विच भएको सम्झौता अझै सम्म कार्यान्वयन हुन सकेको छैन । यस मुलुकको बहुसंख्यक पिछडिएका जनजाति, दलित, मुस्लिम, मधेसि, महिला, अल्पसंख्यक पिछडावर्गका जाति र समुदायलाई राज्यको मुलधारमा लैजाने ब्यवस्था सहित संविधान बन्ने निश्चित भए पछि वि.स. २०६९ जेष्ठ १४ गते मध्यरातमा सुनियोजित रुपले नाटकिय ढङ्गबाट एनेकपा माओवादी सरकारको प्रधानमन्त्रि डा. बाबुराम भट्टराईले नेपाली जनताका आशा र चाहना विपरित संविधान सभा विघटन भएको घोषणा गरे । समग्रमा नेपाली जनता र विशेषगरी थारु आदिवासि, जनजाति, दलित, मुस्लिम र पिछडिएका वर्गको लागि सबै भन्दा दुःखद् घटना भयो । एक वर्ष पछि संविधान सभा विघटन पश्चात अध्यक्ष खिलराज रेग्मी नेतृत्वको कर्मचारी तन्त्र सरकारले वि.स. २०७० मंसिर ४ गतेका दिन दोस्रो ऐतिहासिक संविधान सभाको निर्वाचन सम्मन्न भयो । त्यस पछि आफ्नो हक अधिकार अवको बन्ने संविधानमा सुनिश्चित हुन्छ भनि फेरी ओइलाइरहेको आशा मौलाएको जस्तो देखिन्थ्यो । तर जब फेरी विभिन्न राजनैतिक दलहरुले आपसी मतभेदहरु बढ्न थाल्यो । जसले गर्दा आदिवासी, जनजाति, मधेसी, दलित, मुश्लिम, लगाएतका महिला तथा पिछडिएका वर्गहरुको पक्षमा

कानुन नबन्ने जस्तो देखा पर्न थाल्यो । आफ्नो पहिचान र अधिकार शुनिस्चित गराउने हिसावले फेरि पनि यी वर्गहरु संगठित भएर आन्दोलन गर्ने तयारी गरे ।

जब राज्यको पुनसंरचना गर्दा पहिचानका ५ आधार र सामर्थ्यका ४ आधारहरुको आधारमा सम्पन्न स्वायत्त प्रदेशहरुको संरचना गरिनु पर्दछ भन्ने सहमति गरे (लाहुर्निप, २०७२) । तर उच्च स्तरीय राज्य पुनसंरचना आयोगको प्रतिवेदन अनुसार गरिएन । त्यसैले फेरी थारु, मधेसि, मस्लिम, दलित लागायत विभिन्न वर्गहरुले आन्दोलन गर्न थाले । थरुहरुले आफ्नो अर्को ऐतिहासिक आन्दोलनको सुरुवाट विभिन्न किसिमका संघर्ष समितिमा सांसद संघर्ष समितीको संयोजक रामजनम चौधरी थारु कल्याणकारिणी सभाको अध्यक्ष धनिराम चौधरी र विद्यार्थी समाज संघर्ष समितिको संयोजक रमेश चौधरी यी तीन वटा संघर्ष समितीबाट संयुक्त थरुहट संघर्ष समिति गठन गरी यसको संयोजक धनिराम चौधरी लाई चयन गरी थारुहरुको आन्दोलन शुरु भयो । थारुहरुले आफ्नो थरुहट प्रदेश कायम गराउन र हरेक निकायमा समान अवसर प्रदान गर्न लगायतका थुप्रै माग संवोधन गराउने र विगतमा राज्य सँग सम्झौता भएका सहमतिहरु कार्यान्वयन गराउनको लागि २०७२ साउन २३ गते देखि अधिराज्य भरि विभिन्न थरुहट जिल्ला जिल्लास्तरिय र क्षेत्रस्तरिय संघर्ष समिति बनाई ठाउँ-ठाउँमा साँझ ५ बजे तिर मसाल जुलुस निकाली आन्दोलन शुरु भएको पाइन्छ । त्यसपछि विभिन्न ठाँउ-ठाँउ तराईका जिल्लाहरुमा बन्द हड्ताल आम सभा नारा जुलुसका कार्यक्रमहरु गर्न थाले र विभिन्न किसिमका संगठनहरु सँग सहकार्य गर्दै आफ्ना आन्दोलनका कार्यक्रमहरु गर्न थालेको पाइन्छ । त्यस्तै पूर्वतिर मधेशीहरु पनि आफ्नो थुप्रै माग सहित आन्दोलनको सुरुवाट गरेको पनि पाइन्छ । र त्यसपछि सरकारलाई दबाव दिनको लागि सवै जनजाती थारु, मधेशी, मुस्लिम, दलित, महिला लगायत थुप्रै संगठनहरु सहकार्य गरी आन्दोलन गर्न सुरु गरे । यसरी लामो समय सम्म आन्दोलन गरी रहदा पनि सरकारले ती थारु लगायतका मधेशी जनजातीहरुको हक अधिकार शुनिश्चित गर्नको सातो राज्य पक्षबाट दमन शोषण गर्न थाल्यो । त्यसपछि जनताहरु झन आक्रोशित हुदै गए र सुन्दर पश्चिमको कैलाली जिल्लाको क्षेत्र नं. १ टीकापुर भन्ने ठाउँमा २०७२ भदौ ७ गते थारुहरु र राज्य पक्षबाट सुरक्षाकर्मीहरु बिच दोहोरो झडाप हुँदा एउटा नवबालक सहित ८ जना सुरक्षाकर्मीहरुको ज्यान गयो ३ जना आन्दोलनकारीहरुको पनि सहादत प्राप्त गरे । र थुप्रै आन्दोलनकारीहरु गोली लागि घाइते भएको विभिन्न एफ. एम. रेडियो, टेलिभिजन पत्रपत्रिकाहरुमा सम्प्रेशन भएको पाइन्छ ।

त्यसपछि यस्तो नहुने घटना घटेपछि राज्यपक्षबाट सेना परिचालन गरी आन्दोलनकारीहरुलाई खोजी-खोजी समातेर जेलमा बन्द गर्न थाल्यो र विभिन्न किसिमका यातना दिएर झुठा मुद्दा लगाएर हाल अहिले सम्म लक्ष्मण थारु, धनिराम चौधरी लगायत २० जनालाई कारागारमा थुनेर राखेको छ । त्यस्तै घटनाको लगत्तै टीकापुरमा रहेका निर्दोष थारुहरुको घर, पसल लगायत थुप्रै धनमाल लुटी आगो लगाउने कार्य भएको पाइन्छ । यसरी ती थारुहरुको घर, पसल जलाउने माथी कुनै पनि किसिमको अनुसन्धान भएको छैन । जसले गर्दा थारुहरुको आन्दोलनलाई तुहाउने ठुलो षड्यन्त्र भएको देखिन्छ । त्यस्तो भएको कारणले थारुहरुको आन्दोलन उठ्न सकिरहेको छैन् । तर अझै थरुहट पहिचानको अभियान अझ समाप्त भएको छैन । यिनीहरुले जातिय जनसंख्याको आधारमा राज्यका हरेक अंगमा प्रतिनिधित्व र थारु कलष्टर जोड्ने गरी प्रदेशको सिमाङ्कन गर्न पाउने अधिकारको संवैधानिक सुनिश्चितता चाहन्छन् । तसर्थ आन्दोलनको क्रममा आत्म स्वाभिमान स्वतन्त्र पहिचान,

पूर्ण समानुपातिक सहभागिता र आत्मनिर्णयको अधिकारका लागि थारु तथा अन्य आदिवासी जनजाति, दलित,मुश्लिम, मधेशी बीच एकता कायम प्रदर्शन भएको त्यो अझै सम्म कायम रहेको छ

नेपालको सँविधान २०७२ साल असोज ३ गते अन्तरीम संविधानले व्यवस्था गरेका विभिन्न महत्वपूर्ण अधिकारहरु कटौती गरी जारी भएको छ । त्यसमा समावेशी, संघियता पहिचानलाई धरापमा परेको छ । किनकी यो संविधान जारी हुँदा मधेशीवादीहरु र थारुहरु आन्दोलन मै थिए त्यतिवेला जारी भएको संविधान अस्विकार गर्दै जलाएको छ । त्यस दिन देखि थारु र मधेशी लगायत थुप्रै जनजाती, दलित समुदायका मानिसहरु विशेष गरी थारु र मधेशीहरुले कालो दिन घोषणा गरेका छन् । अन्तमा थारु आन्दोलन पहिचान र अधिकारको लागि गरिएको आन्दोलन त्यो आन्दोलन समान राजनीतिक अधिकार राज्यका अंगहरुमा समानुपातिक समावेशी सहभागीताको सुनिश्चितता,स्वायत्त थारुप्रदेश र मधेश स्वतन्त्र प्रदेशको स्थापना गरी नयाँ ढंगले नेपालको साझा फुलवारीका लागि हो । जारी थारु, मधेशी आन्दोलन दलिय मात्र नभई सामाजिक आन्दोलनको रुपमा दुखिएको छ ।

### १.३ समस्याको कथन

नेपाल एउटा बहुजाती, बहुभाषी, बहुधार्मिक मानिसहरुको बासोबास भएको राष्ट्र हो । त्यसैले यो देशमा विभिन्न किसिमका समस्याहरु रहेको पाईन्छ । यस देशमा रहेका प्रमुख समस्या भनेको राजनितीक अस्थिरता हो । यसले गर्दा विभिन्न वर्ग समुदायका मानिसहरुले आफुले पाउनु पर्ने अधिकारबाट वञ्चित भइरहेको अवस्था छ । नेपालको विभिन्न आदीवासी जनजाती मध्येका एक प्रमुख आदिबासी थारु हो । यिनीहरु सदियों देखि तराई तथा भित्री तराईका जिल्लाहरुमा वसोबास गर्दै आइरहेको थारु जातिको आफ्नै लिखित वा अलिखित इतिहास रहेको पाइन्छ । साथै सदियों देखि यसै भूमिको लागि संघर्ष पूर्ण जीवन व्यतित गर्दै आइरहेका छन् । पुस्तौ-पुस्ता देखि तराईका हरियो फाँटलाई खेती योग्य र वस्ती योग्य बनाउने यिनै थारुहरुको जीवन मरणको अथाक प्रयासबाट भएको हो भनि दिनको घामसरी सवै सामु झुल्कि रहेको छ । यस तराईको जनसंख्याको एक प्रमुख भाग थारु जातिले नै ओगतेको छ । नेपालको वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार कुल थारुहरुको संख्या १७,३७,७४० रहेको पाइन्छ । तर थारु कल्याणकारिणी सभा लगायत कैयन संस्थाहरुको दाबी यो भन्दा निकै बढी करिब ३७ लाखको हाराहारीमा रहेको भन्ने छ । यसरी सरकारी तथ्याङ्क प्रणाली दुरुष्ट नरहेको र आदिवासी जनजाती तथा दलित प्रति पूर्वाग्रही राज्य प्रणाली रहेकोले यिनीहरुको जनसंख्यालाई ढाकछोप गरी थोरै जनसंख्या देखाई उनीहरु माथी हेपहा व्यवहार गरेको आरोप जनजाती तथा दलितहरुले लगाई आएका छन् (दहित , गोपाल ,थारु संस्कृति ,२०६२) ।

परापूर्वकाल देखि तराई क्षेत्रको बहुसङ्ख्यक बासिन्दा रहेको यथार्थको वावजुद चारकोसे झाडी र चुरे श्रृङखलामा अतिक्रमण बढेपछि थारुहरु असुरक्षित महसुस गरे । झर्न, विर्ता, वक्सिस तथा मौजा हरुलाई भरदारहरुले हत्याउन थाले पछि थारुहरुको आदिभूमी जमिन्दारी प्रथाको माध्यम बाट उपयोग हुनथाल्यो । यसले दनुवार, राजवंशी, धिमाल, गन्गाई, बाटर, मेचे, कोचे, ताजपुरिया आदि समेत प्रभावित भए, उनीहरुलाई सुनियोजित रुपमा शासकहरुले चरम दमन, शोषण, अन्याय, अत्याचार गर्दै गएपछि समाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक हिसाबले उनीहरु कमजोर र पछाडी परिए ।

स्वभावले अति साझो इमान्दारीता नै थारु जातिको गहना हो । त्यसैले यिनीहरुलाई हरेक अवसरबाट बञ्चित गराएको पाइन्छ । यस जातिको प्रमुख पेशा नै कृषि रहेकोले यिनीहरु खेतीपातीलाई प्रमुख आयस्रोतको रुपमा लिएको पाइन्छ । २००७ सालमा राणाशासनको अन्त्य भएपछि सबै जनताका छोराछोरीहरु पढ्ने अवसर पाइसकेपछि पनि सोझा थारुहरुको पढाइमा अर्थात शिक्षामा ध्यान जान पाएन । त्यसैले यिनीहरु अशिक्षित अनपढ भएकाले होला हरेक कुराबाट बञ्चित हुनु पर्ने अवस्था सृजना भएको हो । साथै नेपालमा २०३२ औलोको उन्मुलन पश्चात पहाडबाट बाहुन, क्षेत्री लगायत तमाम जातजातीका मानिसहरुको तिब्र रुप बसाईसराई गरी कोही शिक्षक कोही मुखियाको रुपमा तराईमा आएर सोझा र अशिक्षित थारुको जग्गालाई विभिन्न मौका छोपी आफ्नो बनाउन सफल भएको पाइन्छ । त्यसपछि ती सदिपौं देखिको खुनपसिना बगाएर बनाएको भूमिबाट भूमिहिन कमैया भएर बाँच्न परिरहेको अवस्था सृजना भएको छ । यिनै थारुहरुले यस राष्ट्रका लागि विभिन्न किसिमका ऐतिहासिक कार्यहरु गरेको इतिहास पाउन सकिन्छ । जस्तै भारतको सीमा अतिक्रमणबाट जोगाउने त्यस्तै नेपाल एकिकरण २००७ सालमा प्रजातन्त्रको स्थापना, २०४६ को जनआन्दोलन, १० वर्षे जनयुद्ध त्यस्तै २०६२/६३ को संयुक्त आन्दोलनमा सक्रिय सहभागिता जनाई अहम भुमिका निर्वाह गरेको पाइन्छ । तर आज आएर यस जातीलाई विभिन्न किसिमका बहाना बाजी गरेर उनीहरुले जुन पाउनु पर्ने अधिकारको त्यसबाट बञ्चित गराइरहेको अवस्था छ । जसले गर्दा आज थारुहरु आफ्नो पहिचान र प्रतिनिधित्व खोज्दै आन्दोलन गरिरहेको छन् ।

नेपालको अन्तरिम संविधान २०६३ मा केहि प्रतिशत सम्म भएको जाती समुदायलाई पहिचानको आधारमा राज्यको पुर्न संरचना गरिने सहमती हुँदा हुँदै त्यसको मूल मर्म र आशयलाई वेवास्ता गरि नेपालको संविधान २०७२ जारी भएको पाइन्छ । २४० वर्ष भन्दा लामो समय देखि एकछत्र रुपले शासन र शोषण गर्दै आइरहेको कठित उच्च जातका शासकहरु राज्यको सत्तामा रहिरहने २०७२ को संविधानले पुनरावृत्ति गराएको छ । संविधान देशको मूल कानुनले सबै जातजाती, जनजाती, वर्ग, क्षेत्र, धर्म, लिङ्गको भावना र चाहना समेतिने गरि सबै दलहरुको सहमति निर्माण गरि संविधान जारी गर्नु पर्दथ्यो । तर त्यस्तो हुन सकिन । यसले पुनः अर्को द्वन्द्व निम्त्याउन सक्ने बारे अनुमान गर्न सकिन्छ ।

नेपाल एउटा चार जात छत्तीस वर्णको साझा फुलवारी भित्र सम्पूर्ण फूलहरु समान रुपले मौलाएको हुनु पर्थ्यो । तर यसो भएको पाइदैन । कुनै फुलहरु जो सानोमा नै मलजल पायो त्यो फुल राम्रो सँग ढकमक्क फक्रेको पाइन्छ भने त्यस्तै फुलवारी जो राम्रो सँग गोडमिल मलजल पाएन त्यो त्यतिकै ओइलाएर जमिनमै लडेको पाइन्छ । अर्थात जो उच्च जातीमा छन् उनीहरुको पहुँच भएको छ भने उनीहरु राज्यका हरेक अंगका अधिकार सुनिश्चित भएको पाइन्छ । तर जसको पहुँच छैन तल्लो जातिको छ भने उसले हरेक कुराबाट बञ्चित गराएको पाइन्छ । के फुलवारीमा एउटै जातको मात्र फुल हुन्छन् ? अन्य जाति (थारु) जातिको फुल कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा खोइ रोपिएको । नेपालको भुगोलमा सबै जाति बासोबास गर्दैमा साझा फुलवारी हुँदैन । सहि अर्थमा फुलवारी हुनका लागि राज्यका सवै निकायमा सबै जातजाती, भाषाभाषी, वर्ग, लिङ्ग र समुदायको उपस्थिती जरुरी छ । तर आज यस्तो नभएको अवस्थाको कारणले गर्दा नेपाली समुदायका जो सदियों देखि संघर्ष गर्दै आइरहेका थारु जाति जनजाती, मुस्लिम, मधेशी, दलितहरु आफ्नो अस्तित्व पहिचान

र अधिकार प्राप्तिको लागि र राज्यको हरेक अंगमा समान पहुंचको लागि आन्दोलन गर्नु पर्ने अवस्था छ र वर्षौं देखि आन्दोलन गरिरहेको पनि छ ।

### १.४ अनुसन्धनात्मक प्रश्नहरु

क) थारु आन्दोलन के का लागि भयो ?

ख) थारु आन्दोलनले उठाएका अधिकार हरु के के हुन् ?

ग) त्यो अधिकार प्राप्तिका लागी के के गरेका हुन् ?

घ) थारु आन्दोलनबाट के कस्ता उपलब्धीहरु भयो ?

ङ) थारु आन्दोलनले के कस्ता समस्या र चुनौतीहरु भए?

च) अबको बाटो के ?

### १.५ अध्ययनको उद्देश्य

हरेक अध्ययन अनुसन्धानको निश्चित उद्देश्य प्राप्तिका लागि आ-आफ्नै मौलिक उद्देश्यहरु रहेको हुन्छन् । यस अध्ययनको मूख्य उद्देश्य नेपालको तराई क्षेत्रमा सदियो देखि बासोबास गर्दै आइरहेको थारु जाती जसको छुट्टै ऐतिहासिक पहिचान रहेको छ । र तिनीहरुको वर्तमान अवस्थाको बारेमा र राज्यका हरेक निकायमा समान पहुँच र सहभागिता सँगै पहिचान र अधिकारमा आधारित आन्दोलनले समाज र राज्यमा पारेको प्रभाव सम्वधिमा एक समाजशास्त्रीय ढंगले अध्ययनमा केन्द्रित हुने छ ।

त्यस्तै विभिन्न सामाजिक समस्या र थारु जातिको जल्दाबल्दा मागहरुलाई कसरी स्थानिय स्तर देखि केन्द्रिय स्तर सम्म सम्वोधन गर्न सकिन्छ । साथै समाजमा रहेका विविध आदिवासी, जनजाती, महिला, मुस्लिम, महिला, पिछडा वर्ग, अल्पसंख्यक मधेशी आदिहरुको स्वतन्त्र पहिचान र अधिकार स्थापित गर्न सकिन्छ । र जातिय ऐतिहासिक पृष्ठभूमीको आधारमा आत्मनिर्माणको अधिकार सहितको स्वयत्त संघीय गणराज्यहरुको स्थापना राज्यको हरेक संरचना निकाय र अंगहरुको प्रत्येक तहमा जातिय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्वको संवैधानिक सुनिश्चितता कसरी गराउन सकिन्छ भन्ने उद्देश्यमा निश्चित गरिने छ । र थारुहरुको पहिचान र अधिकारको लागि थालिएको आन्दोलनको निम्न बुँदागत उद्देश्यहरु रहेका छन् ।

- थारु समुदयको अधिकार प्राप्तिका लागि भएको थारु आन्दोलनको महत्वबारे विश्लेषण गर्न ।
- थारु समुदायको राजनितिक पहुचकोअवस्था पहिचान गर्न ।

### १.६ अध्ययनको सीमा

कुनै पनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बासोबास गर्ने आदिबासी थारुहरुको वास्तविक स्थिती बारे थाहा पाउन तथा उनीहरु सँग सम्बन्धित पक्षहरुको अध्ययन गर्नु हो । यस अनुसन्धान सुदुर पश्चिम प्रदेश मा पर्ने कैलाली जिल्लाको क्षेत्र नं. १ को जानकी गाउपालिका वडा नं. ७ मा सिमित रहने छ । यस क्षेत्रमाबासोबास रहेका विभिन्न जातजाती मध्ये थारु जाति शासन प्रशासन प्रणालीमा सहभागिता सँगै सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, पक्षको गहन अध्ययन गरिएको छ ।

### १.७ अध्ययनको महत्व

नेपाल एउटा बहु वर्ण सामाजिक व्यवस्थामा आधारित राष्ट्रको रुपमा रहेको छ । किनकी यहाँ १२५ जातजाती १२३ भाषाभाषी समुदायका मानिसहरुको बासोबास रहेको छ । यस राष्ट्रको तराई भूमिमा सदियो देखि मुलबासी अर्थात भूमीपुत्रको रुपमा बासोबास गर्दै आइरहेको थारुहरुको वर्तमानमा भइरहेको अस्तित्व पहिचान र अधिकार सम्बन्धी आन्दोलनको अध्ययनबाट यिनीहरुको वास्तविकता बुझ्नको लागि महत्व रहेको छ । यस अध्ययनले नेपालको राज्यप्रणालीमा समावेश तथा समान सहभागिता र पहुँचको सम्बन्धमा अन्य जाती समुदाय भन्दा किन बाहिर रहन गयो भन्ने अवस्थालाई विश्लेषण वा चित्रण बारे बुझ्नको लागि गरिएको छ । यस देशमा ठूला-ठूला ऐतिहासिक आन्दोलन र परिवर्तन भयो तर किन आज यस जातिको मागलाई सम्वोधन गर्न राज्य तयार भएको छैन र विभिन्न किसिमका सम्झौताहरु पनि कार्यान्वयन भएन भन्ने सन्दर्भमा राज्यको थारु जाति प्रतिको दृष्टिकोण किन पूर्वाग्राही रहेको छ भन्ने कुराको यथार्थ र वास्तविकता उजागर गर्न नै यस अध्ययनको महत्वलाई केन्द्रित गरिएको छ ।

यस अध्ययन गर्नुभन्दा पहिला थारु जातिको विषयमा महत्वपूर्ण शोध कार्य स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरुले गरेको पाइन्छ । ती मध्येका डि.एन.मजुम्दार, अर्जुन गुबबणरत्ने, सिल्भा लेवी, ब्राउन हडसन, पेमेला डवेल, क्रसकफ, कुर्त मेयर, सुबोध सिंह, मातृका प्रसाद कोइराला, डोर बहादुर विष्ट, बावुराम आचार्य, पदम श्रेष्ठ, महेश चन्द्र रेग्मी, डिल्लीराम दहाल, रामानन्द प्रसाद सिंह थारु, तेजनारायण पञ्जियार, महेश चौधरी, अशोक थारु, शंकरलाल चौधरी, भूलाई चौधरी, गोपाल दहित, कृष्णराज चौधरी(सर्वाहारी) आदि हुन् । यिनीहरु भन्दा एउटा फरक र सरल भाषाशैलीमा यस थारु जातिको बारेमा भन्दा पनि यिनीहरुका वर्तमान अवस्थामा भइरहेको सामाजिक गतिविधी बारेमा सजिलै बुझ्न र थाहा पाउन सकिने छ । यस अध्ययनले आउँदा दिनमा यसबारे अनुसन्धान कार्य गर्ने अनुसन्धानकर्ता र भविष्यको आउने पिंढीहरुलाई सजिलो हुनेछ । र थारु जातिको समस्याहरु समाधान गर्नका निम्ति राज्यको भावी तयारी कार्ययोजना मार्गदर्शन सिद्धान्त बारे विभिन्न सरकारी दस्तावेज एवं बौद्धिक समुदायका धारणा बुझ्ने अध्ययनलाई परिणाम मुखी बनाउने छ । थारु जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक र राजनीतिक अवस्थाको अध्ययन औचित्यलाई व्यवहारिक महत्व गरिनेछ । यस जातिको विगत र वर्तमान राजनितिक, प्रशाशनिक र पेशागत सुधार बारेमा अध्ययन विस्तृत गरिने छ । यस जाति हरेक क्षेत्रमा किन? पछाडी परेको छ । र उनीहरुको अवस्थामा किन सुधार आउन सकिरहेको छैन भन्ने व्यवहारिक खोजी बारे अधययन गरिएको छ ।

# अध्याय २

## २.१ साहित्य सन्दर्भको पुनराअवलोन

नेपाल एउटा विश्वको मानचित्रमा झण्डै मध्ये भागमा रहेको छ । त्यसैले यहाँ मंगोल, आर्य, अष्ट्रिक र द्रविड चार वटै नश्लका जातिय समुहको अस्तित्व रहेको छ । नेपालमा १२५ जातजाती र १२३भाषाभाषी समुदायका मानिसहरुको बासोबास रहेको छ ।

थारु जाती नेपालको राज्यको एक अभिन्न अंग हो । नेपाल राज्यको निर्माण, विकास र विस्तारमा नेपालका थारुले महत्वपूर्ण योगदान पूऱ्याएका छन् । तर १८ औं सताब्दीमा निर्मित आधुनिक नेपाल राज्यले आदिबासी जनजातीहरुलाई संस्थागत रुपबाटै उपेक्षा र अपहेलना गर्दै आईरहेको छ (प्रा. डा. गुरुङ, ओम, २००६)।

नेपालको कुल जनसंख्या मध्येको ६.५६ प्रतिशत थारुहरुको बासोबास रहेको छ । नेपालमा रहेका यस समुदायका मानिसहरुको आफ्नै भौगोलिक क्षेत्र, मौलिक इतिहास, भेषभुषा, छुट्टै बोलीभाषा, कला, संस्कृति र रहनसहन लगायत हामी भन्ने भावना रहेको पाईन्छ । यीनीहरु सदियो देखि तराईका भु-भागमा बासोबास गर्दै आईरहेको थुप्रै इतिहास भेटिन्छ र यिनीहरुको आफ्नो छुट्टै पहिचान स्थापित गरेको पाईन्छ (दहित, २०६२) ।

वि.सं. २०६२/०६३ को आन्दोलन महिला, जनजाति, मधेशी उत्पीडितको संघर्ष होइन । यो आन्दोलन अधिकांश साक्षर शिक्षित ग्रमीण क्षेत्र एवम् खेती सम्बन्धी काम र व्यवसायबाट निस्कन बाध्य वा इच्छुक रहेको परम्परामा भविष्य नदेख्ने यूवाको हो । यो आन्दोलनप्रति समुह विशेष, व्यक्ति विशेष, क्षेत्र विशेषका यूवाको लगनका केही पाट विशिष्ट किसिमका थिए र छन् । तर सबैजसो यूवाको मर्मभने पुरानो सत्ताबाट मुक्ति नै हो (मिश्र, चैतन्य, २००६) ।

नेपालमा जब नयाँ मुलुकी ऐन वि.सं. १९१० सालमा लागु भयो र नेपाल सरकारले पहाडी भेगका मानिसहरुलाई तराई तिर बासोबास गराउने भुमिका खेल्यो । वि.सं. २०२१ सालमा भुमि सुधार लागु गऱ्यो र भुमि सुधारको नाममा जमिनको हदबन्दी कायम गरी सुनियोजित ढंगले थारु जमिन्दारबाट जमिन हड्पेर सुकुम्बासकिो नाममा जग्गा वितरण गऱ्यो । पहाडबाट पुनर्वास योजनाको माध्यमले थारुहरुका वस्तीमा समुहगत बाहुन, क्षेत्री र ठकुरी हरुलाई स्थानान्तरण गराएर थारुहरुलाई अल्पसंख्यक बनाउन सुरु गरे र ती सोझाथारुहरुको जग्गा जमिनलाई विभिन्न बहानामा आफ्नो बनाउन सफल भए र तीनीहरु आफ्नो जल जमिन र जंगल उपर अधिकार गुमाएपछि पहाडीयाहरुको घरमा दास भएर काम गर्न बाध्य भएको पाईन्छ (चौधरी, २०६६) ।

यस थारु समुदायको इतिहासमा आफ्नो छुट्टै राज्य रहेको थियो जुन राज्यको राजा दंगीसरण थिए भन्ने इतिहासमा उल्लेख भएको पाइन्छ । यस थारुहरुको राज्य विकास हुने क्रममा वि.सं. १८२५ को राज्य विस्तार पछि यी समुदायको अस्तित्व मेताउने कार्य भयो र राज्य एकिकरणको नाममा एकल राष्ट्रिय राज्य बनाउने काम भयो ( गुनरत्ने,सन् २००६) ।

जब नेपाल १८ औं शताब्दीमा राज्य एकीकरण भयो र पृथ्वीनारायण शाहले आफ्नो दिब्य उपदेशमा “नेपाल चार जात छत्तीस वर्णको साझा फुलवारी” हो । भनी सबैलाई चेतना भए भनेका

थिए । यसै चार जात भित्रको सामाजिक उच्च नीच संरचना सँगै त्यसबेलाका पहिचान जनित छत्तीस वर्ण बीच साझेदारीता विनाको नेपाल सायद उनको सोचाइमा थियो भन्ने प्रष्ट हुन्छ (दहित, गोपल २०६२) ।

नेपालको सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेसले केही थारुहरुलाई अगाडी बढाउन खोजेको जस्तो छ । तर तिनीहरुलाई जिम्मेवार तहमा पुग्न दिएको छैन । तिनीलाई किन मन्त्री बनाइएन । नेकपा एमाले र एमाओवादीबाट थारु सांसदलाई मन्त्री बनाउन किन हिम्मत गरिएन । यी तीनै ठूला दलका नेताहरु "नेपाल चार जात छत्तीस वर्णको फुलवारी हो" भनी डम्फु पिटेर कहिल्यै थाक्दैनन् । के फुलवारीमा एउटै जातका फुलमात्र हुन्छन् ? थारु जातिको फुल कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा खोइ रोपिएको ? नेपालको भूगोलमा सबै जाति बासोबास गर्दैमा साझा फुलवारी हुँदैन । सही अर्थमा फुलवारी हुनका लागि राज्यका सबै निकायमा सबै जातजाती भाषाभाषी, वर्ण, लिङ्ग र समुदायको उपस्थिती जरुरी छ । संविधान सभाबाट बन्ने नयाँ संविधानले भेदभाव नगरी सबै भाषा, जात, धर्म र भूगोलका नागरिकलाई समान अवसर तथा सम्भावना हुनेछ । यस बहुचर्चित संविधानले हाम्रो मागलाई संवोधन गर्नेछ र हामीलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी गराउन सुनिश्चित गराउने छ भन्ने थारु, मधेशी जनजातीलाई पूर्ण विश्वास थियो । तर यस संविधानले पनि थारु , मधेशी र जनजातीलाई राज्यका सबै निकायमा समावेश नगरेपछि यिनीहरु इतिहासकै सबैभन्दा लामो आन्दोलनमा उत्रे । आज थारुहरु आफ्नो पहिचान र प्रतिनिधित्व खोज्दै सदियो देखि आन्दोलनरत छन् । इतिहासमै सबैभन्दा लामो तथा शान्तिपूर्ण आन्दोलन थारु र मधेशीहरु गरिरहेका छन् । चाहे २००७ सालको क्रान्ति होस त्यो ७० दिन सम्म चलेको थियो भने २०४६ सालको जनआन्दोलन ४९ दिन र २०६२/६३ को दोस्रो जनआन्दोलन १९ दिन सम्म चलेको थियो । यति लामो समय आन्दोलनमा उत्रँदा पनि सरकार संवेदनशिल भएको देखिएन , ठूला भनिएका अन्य राजनीतिक दल पनि उदासिन देखिएका छैन । एकदमै हलुको रुपले थारुहरुको आन्दोलनलाई लिएको पाइन्छ । सीमान्तकृत र वहिष्करणमा परेको थारु, मधेशी, आदीवासी जनजाती अधिकार, समानुपातिक समावेशी सहभागिता तथा राज्यका मामिलामा समान स्वामित्व र अपनत्वको आधारमा साझा नयाँ फूलवारीको आशा अझै पनि मरेको छैन । थारु आन्दोलन पहिचान र अधिकारको आन्दोलन हो । यसले समान राजनीतिक अधिकार राज्यक अंगहरुमा समानुपातिक समावेशी सहभागिताको सुनिश्चिता, स्वायत्त थारुहत प्रदेशको स्थापना गरी नयाँ ढँगको नेपालको साझा फुलवारीको लागि हो । "सबै जातिभाषा, वर्णका मानिस सहभागी गराई तत्काल नयाँ ढंगले फुलवारी रुपी नेपालको पुनः संरचना गरिएन भने आगामी पुस्ताले वर्तमान साझा नाममात्रको फुलवारी स्वीकार गर्ने खाले छैन" ( थारु, राधेश्याम (२०७२) पुस १९,अंक २४३, पृ.८ नागरिक दैनिक, कस्तो साझा पूलवारी । इतिहास, समाज, विज्ञान, भुगोलका अध्येता स्व. डा. हर्क गुरुङ्गको विश्लेषण अनुसार - "एकाथरि फुलहरु फुलवारीमा संरक्षित मलजलमा परे भने अर्को थरि उखेलेर फालियो झार सरि भन्नु भएको छ ।"

हाल वर्तमान युग भनेको जातिय पहिचानको युग हो । आज यस जातीय पहिचान विश्वव्यापी प्रकृया बनेको छ । पहिचानको निर्माण सम्बन्धी धेरै जसो सैद्धान्तिक र प्राज्ञिक बहस आधुनिक राज्यको निर्माणको  इतिहाससँगै जोडिएको पाइन्छ । खासगरी राष्ट्र राज्यको निर्माणको सीमा रेखा कोरिएपछि स्वतन्त्र र स्वायत्त रुपमा जीवनयापन गरिरहेको आदिवासी जनजातीहरुको माथि भएको

विभिन्न खाले शोषणहरु हत्या हिंसा दमनशोषण असमान सामाजिक सम्बन्धका कारणले गर्दा आदिवासी जनजातीहरुको आफ्नो पहिचानहरु खोज्न वा निर्णय गर्न बाध्य हुन्छ । त्यसैले जातीय पहिचान सन्दर्भ, परिस्थिती र सम्बन्धजन्य हुन्छ । पहिचानको बारेमा विद्वानहरु बीच कुनै मतभेद पाइदैन । तर पहिचान प्राकृतिमा भने मतभेदहरु पाइन्छ । डा. ओम गुरुङ्गका अनुसार यसका खासगरी दुइ वटा धाराहरु छन् । पहिलो धारा अनुसार पहिचान भनेको शाश्वत र प्राकृतिक हुन्छ । यो वंशाणुगत र अपरिवर्तनशिल हुन्छ । यस्तो धारको प्रतिनिधित्व गर्नेहरुलाई साश्वत वा सारभूतवादी भनिन्छ । यस्तो धारको प्रतिनिधित्व गर्नेहरुमा आर्मस्ट्रङ् र एन्थानी स्मिथ पर्दछन् । र अर्का धारा अनुसार पहिचान तरल हुन्छ सन्दर्भगत हुन्छ । र निर्मित हुन्छ । यस्तो धारको प्रतिनिधित्व गर्नेलाई निर्माण वा संरचनावादी भनिन्छ र यसको प्रतिनिधित्व फ्रेडरिक वार्ड, इरिक्शन आदिले गरेका छन् ।

आदिवासी जनजाती पहिचानको मुख्य आधार हो र समाजशास्त्र मानवशास्त्र विषयमा आदिवासीलाई परिभाषित गर्ने सन्दर्भमा एक मत पाइदैन । आदिवासीलाई परिभाषित गर्ने क्रममा धेरै जसो विद्धानहरुको इतिहासलाई मुख्य आधार बनाएको पाइन्छ । तर इतिहाससम्म आदिवासीलाई परिभाषित गर्ने एक मात्र आधार होइन । त्यसका लागि अरु धेरै आधारहरु छन् । आदिवासी जनजातीहरुको भूमिसँगको विशेष सम्बन्ध र त्यसको ऐतिहासिक निरन्तरता साझा भाषा संस्कृति साझा इतिहास साझा सामाजिक-सांकृतिक मूल्य मान्यता सँग सम्बन्धित छ । त्यसका अलावा आदिवासीहरुको पहिचान निर्धारण गर्ने विशेषताहरुमा राजनीतिक बहिष्कारका कारण उत्पन्न सीमान्तीकरण र प्रभुत्वहीनता पर्दछन् । यस सन्दर्भमा अन्तराष्ट्रिय तथा राष्ट्रिय परिवेश र मापदण्डको बारे चर्चा गर्नु सान्दर्भिक देखिन्छ (प्रा. डा. ओम गुरुङ) ।

नेपालको आदिवासी जनजातीको पहिचान र मान्यता आदिवासी जनजाती आन्दोलनको उपज हो । नेपालका आदिवासी जनजातीहरुको यस्तो पहिचान र अधिकार मुखी आन्दोलनको इतिहास लामो समय देखि गर्दै आँइरहेका छन् । नेपालको राज्यको तर्फबाट आदिवासी जनजातीहरुले खेप्नु परेको अन्याय, अत्याँचार, शोषण, दमन र उत्पीडनको विरुद्व उनीहरुले धेरै पहिले देखि संगठित र असंगठित रुपमा संघर्ष गर्दै आएका छन् । सन् १७७८ मा पल्लो किरातका लिम्बुहरुले भाषिक दमनको विरुद्व गरेको आन्दोलन सन् १७९३ मा नुवाकोटका तामाङहरुले स्वशासनका लागि गरेको विद्रोह सन् १८०८ मा भोजपुरका राईहरुले भुमि अतिक्रमणको तामाङहरुले स्वशासनका लागि गरेको विद्रोह सन् १८५८ मा लमजुङको सुकदेव गुरुङले स्वशासनका लागि गरेको आन्दोलन सन् १८७७ मा गोर्खाको सुपति गुरुङले गरेको राणाशासन विरुद्वको विद्रोह सोहीताका धनकुतामा भएको दशैं वहिस्कार विद्रोह सन् १८८५मा नेपालका शासकहरुलाई बौद्ध धर्मग्रन्थ नष्ट गरेको विरुद्वमा गरेको आन्दोलन सन् १९६५ मा काठमाडौंका नेवारहरुको भाषा आन्दोलन सन् १९७५ मा चेपाङ किसानहरुको आन्दोलन, सन् १९८८ मा काठमाडौंमा नेवारहरुको र तापलेजुङ तथा पाँचथरमा लिम्बुहरुले भाषिक अधिकारको पक्षमा गरेको आन्दोलनहरु नेपालका आदिवासी जनजातीहरुले आफ्नो जातिय, सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक तथा आर्थिक अधिकारका लागि सुरु गरेका महत्वपूर्ण ऐतिहासिक आन्दोलनहरु मानिन्छन् ।

यी सबै आन्दोलनहरुलाई राज्य सरकारले सजिलै दमन गर्न सफल भएकाले आन्दोलनका प्रभाव आदिवासी जनजातिहरु बीच स्थायी रुपमा रहन सकेन ।

सन् १९९० मा बहुदलीय प्रजातन्त्रको उदय भएपछि नेपाली जनताले सीमित रुपमा भएपनि प्रजातन्त्रिक हक अधिकार प्राप्त गरे । देशमा प्रजातन्त्र स्थापना भएपछि पहिलाको तुलनामा अलि फराकिलो र उदार राजनीतिक वातावरण सिर्जना भएकोले नेपालका आदिवासी जनजातीहरु पनि आफ्नो जातिय हक अधिकारका लागि उत्साहित हुनाथाले सन् १९९१ को नेपालको संविधानले सर्वप्रथम नेपाललाई बहुजातिय बहुभाषिक तथा बहुसांस्कृतिक देशको रुपमा अङ्गीकरण गरेकाले नेपालका आदिवासी जनजातीहरुलाई आफ्नो भाषा, संस्कृति तथा धर्म-संस्कारको विकास तथा संरक्षणको विकास तथा संरक्षण-सम्बर्धन गर्न उद्देश्यले दर्जनौं जातीय संघ-संस्थाहरु स्थापना भए । ती एकल जातीय संघ-संस्थाहरुलाई समन्वय र समायोजन गरी जनजातीका सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनितिक हक अधिकारमुखी आन्दोलनलाई नेतृत्व प्रदान गर्न सन् १९९१ मा नेपाल आदिवासी जनजाती महासंघको स्थापना भयो । सन् १९९१ मा नौ वटा जातीय संस्था( मगर,गुरुङ,राई,लिम्बु,तामाङ,शेर्पा,थकाली,सुनुवार) बाट सुरु भएको नेपाल आदिवासी जनजाती महासंघको पहिलो दस वर्षसम्मको आन्दोलन जनजातीको जातीय पहिचान स्थापित गराउने मुद्दामा केन्द्रित भयो । त्यसका लागि महासंघले जनजातीका भाषा, संस्कृति, धर्म, कलाकौशल, भेषभुषा तथा परम्परागत ज्ञान र सीप सम्बन्धि चेतनामुखी अभियान सुरु गऱ्यो । त्यति बेला सम्म नेपालमा आदिवासी जनजातीको अवधारणा स्पष्ट भइसकेकाले नेपालको सन्दर्भमा जनजाती पहिचान गर्ने अधिकार के-के हुन भन्ने बारे जनजाती नेता तथा बुद्धिजीवीहरु बिच बहस सुरु भएको थियो ।

सयुक्त राष्ट्रसंघले सन् १९९३ लाई विश्व आदिवासी वर्ष घोषणा गरेकाले नेपालमा सुरु भएको जनजाती पहिचानको मुद्दाले अन्तरराष्ट्रिय समर्थन प्राप्त भयो । फलतः संयुक्त राष्ट्रसंघले निर्धारण गरेको अन्तरराष्ट्रिय मापदण्डहरुलाई समेत आधार मानी नेपालको सन्दर्भमा जनजातीहरुको परिभाषा गर्ने कार्य सन् १९९४ मा सम्पन्न काठमाडौंको लप्सीफेदी सम्मेलनले पूरा गऱ्यो । त्यसका साथै जनजातीका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक अधिकारमुखी आन्दोलनहरु पनि निरन्तररुपमा अगाडी बढ्यो । फलस्वरुप तत्कालिन सरकारले सन् १९९६ मा प्रा. सन्त बहादुर गुरुङको संयोजकत्वमा कार्यदल गठन गरी उक्त कार्यदललाई आदिवासी जनजाती उत्थान प्रतिष्ठान ऐन बनाउन प्रतिवेदन पेश गर्ने जिम्मा दियो । कार्यदलले आदिवासी जनजाती राष्ट्रिय प्रतिष्ठान ऐनको मस्यौदा प्रतिवेदन तयार गर्नुका साथै प्रतिवेदनको अनुसुचीमा ६१ जनजातीहरुको सूचि तयार गरी कानुनी मान्यताका लागि सरकारलाई बुझाइयो । सोही कार्यदलको सिफारिसमा सन् २००१ मा आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २००१ ले कार्यदलद्वारा सिफारिस गरेको ६१ वटा आदिवासी जनजातीहरु मध्ये मनाङ्गलाई सूचिबाट हटाई तथा चिन्तन र ठिन्तनलाई मिलाई तीनगाँउले नामकरण गरी जम्मा ५९ आदिवासी जनजातीहरुको पहिचान गरी सूचीलाई कानुनी रुपमा मान्यता प्रदान गऱ्यो । सोही ऐनको आधारमा सन् २००१ मा आदिवासी जनजातीहरुको पहिचान कानुनी रुपमा स्थापित भएको छ । नेपालमा सन् १९९० सम्म राष्ट्रियता र राष्ट्रिय एकताको नाममा राज्यले अपनाएको “एउटा जाति, एउटा भाषा, एउटा धर्म र एउटा संस्कृति” को एकल नीति सिद्धान्ततः अन्त्य भएको छ । उक्त ऐनले “आदिवासी जनजाती” भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ भनि किटानी गरेको छ ( गुरुङ , प्रा.डा.ओम, आदिवासी जनजाती जर्नल, नेपाल अदिवासी जनजातिआन्दोलनको इतिहास)।

नेपाल सरकारले आदिवासी जनजातीहरु सँग २०६४ साल साउन २२ र २० बुँदा सम्झौता गर्‍यो । तसर्थ सोही समयमा नेपाल सरकारले अन्तरराष्ट्रिय श्रम संगठन महासन्धि १६९ प्राप्ति गर्नुको साथै आदिवासी जनजातीहरुको अधिकार सम्बन्धी राष्ट्र संघीय घोषणा पत्रलाई अनुमोदन पनि गर्‍यो । यसको कार्यान्वयन गर्न नेपाल सरकार आफै दुविधामा रहेको छ । डा. भट्टचनको दृष्टिकोणमा बाहुनहरु १६९ महासन्धिले प्रदान गर्ने आत्मनिर्णयको समर्थन गर्ने भएपनि उनीहरुको समर्थन केवल सिद्धान्तमा मात्र सिमित रहेको छ । शासन समुहहरुमा आत्मनिर्णयको अवधारणा पुरानो भइसक्यो । र व्यक्तिगत अधिकारहरु मात्र प्रजातान्त्रिक हुन्छन् भन्ने भ्रम रहेको डा. भट्टचन भन्नु हुन्छ । बाहुनवादी समुहहरु आत्मनिर्णयको अधिकारले साम्प्रदायिक हिंसा बढ्ने र राष्ट्र नै विखण्डन हुने तर्क गर्दछन् ।

पहिचान भनेको जातिय सांस्कृतिक भाषिक आदि हुन सक्दछ । जसमा भौगौलिकताले निरन्तरता पाउन सक्दछ तर सामर्थ्य वा क्षमता भनेको हाँसिल गर्ने कुरा हो । नेपालमा धेरै राष्ट्र छन् । राष्ट्र उन्मुख आदिवासी जनजाती नै हुन् । थरुहट प्रदेश भनेको थारु राष्ट्रियतामा आधारित थारुहत राष्ट्र हो । पृथ्वीनारायण शाहले एक भाषा संस्कृतिको नाराले एकिकरण र विस्तार गरे । त्यस भित्र राष्ट्रको महत्व रहेन । राष्ट्र भनेको जाति जनजाती होइन । यो वर्ण हो प्रस्तावित प्रदेशहरु प्राकृतिक हुन् । संसारमा स्थिर रहने कुरा केहि पनि छैन । सबै कुरा तरल छ । परिवर्तनशिल छ , तर कुन हदको तरता भन्ने मात्र हो । हालको अवस्थामा संविधान बनाउन आयोग आवश्यक छैन् । संविधान सभामा प्रर्याप्त विशेषताहरु छन् ।समितीले धेरै विशेषज्ञहरु बोलाएर तिनीहरुको भनाईको आधारमा काम गरिरहेको छ । अहिले पनि बाहुन, क्षेत्रीको हेजिमानी बनाउन प्रयत्न भइरहेको परिभाषा गर्नु पर्दछ । सांस्कृतिक अधिकारको संरक्षण हुने गरि प्रदेशमा अधिकारको परिभाषा गर्नु पर्दछ ।

नेपालको अन्तरिम संविधान २०६३ ले गरेका भाषा सम्बन्धी व्यवस्थाहरु उदाहरणका लागि धारा-५ राष्ट्रका भाषाहरुले मातृभाषाहरुलाई राष्ट्रिय भाषाको रुपमा स्वीकार गरेको छ । सरकारी काम काजको भाषा नेपाली भएपनि यसले स्थानिय स्तर र कार्यालयहरुमा मातृभाषाको प्रयोग गर्न बाधा गर्दैन भनि भनिएको छ । यसैगरी धारा-१३ समानताको अधिकारले पनि प्रष्ट पार्दछ । कुनैपनि नागरिकको आफ्नो सामाजिक परिचय जे भए पनि बोलिने भाषा समेत समावेश गरेर सोको आधारमा भेदभाव गरिने छैन । संविधानका अरु धाराहरु १७,२३,२४ र ३५ ले पनि यस अधिकारलाई अनुमोदन गरेका छन् ।

जनआन्दोलन १ को समय अवधिमा सबै नागरिकलाई समान रुपमा व्यवहार गरिएको झै देखाएपनि सबैलाई पूर्ण नागरिकको रुपमा झै अस्वीकार गरिएको थिएन । यद्यपी विभिन्न समुहहरुको पहिचान एवमं संरक्षण गर्ने परिदृष्यहरु सृजना सम्म भयो तर उच्च वर्गको प्रतिष्ठा जोगाउन अनौपचारिक प्रणालीको माध्यमबाट व्यापक बहिष्करणले निरन्तरता पाइरह्यो । जनजाती आन्दोलनले जति-जति तिब्र र व्यापकरुपमा प्रगति गर्दै गर्‍यो । त्यसले त्यति नै अनुपातमा आफ्नो आन्दोलनका मुद्दाहरु जातिय पहिचान सहितको सामाजिक आर्थिक तथा राजनैतिक हक अधिकारहरु पति केन्द्रित गर्दै लग्यो । फलस्वरुप अब जनजाती आन्दोलन सिर्फ भाषा संस्कृतिको विकास र जातिय पहिचानको सवालमा मात्र केन्द्रित नभएर राज्यमा जनजातीहरुको जातिय पहिचान सहितको प्रतिनिधित्व सम्बन्धी सवालमा सशक्त रुपमा अगाडी बढ्यो । सन् १९९० को जन आन्दोलनद्वारा स्थापित बहुदलिय प्रजातन्त्रबाट नेपाली जनता र खास गरी देशको कुल जनसंख्याको अग्रस्थान ओगट्ने तर सामाजिक-

सांस्कृतिक, भाषिक, धार्मिक र मनोवेज्ञानिक रुपबा समेत विस्थापित भएका आदिवासी जनजातीहरुको आशा आकांक्षा र चाहनाहरु पुरा हुन सकेन ।

राज्य सत्ताको स्वरुप पहिलेकै जस्तै सामन्ती, केन्द्रित र एकात्मक भएकोले राज्य सत्ताको संरचनामा नेपालका आदिवासी जनजातीहरु समाहित हुन सकेन । सन् १९९१ को संविधानले नेपाललाई बहुजातिय, बहुभाषिक बहुसांस्कृतिक राज्यको रुपमा मान्यता प्रदान गरेतापनि व्यवहारमा नेपालको बहुजातिय, बहुसांस्कृतिक, बहुभाषिक तथा बहुधार्मिक समाजको प्रतिविम्बन झल्कन सकेन । राज्यले निरन्तर रुपमा संस्थागत रुपबाटै एउटा जाति एउटा भाषा, एउटा धर्म र एउटा संस्कृतिको एकल नीतिलाई अवलम्वन गर्न छोडेन । राज्यको यस्तो विभेदकारी नितीको कारण नेपालका आदिवासी जनजातीहरु राज्य संरचना र राष्ट्रिय राजनैतिक जिवन तथा विकास प्रक्रियाको मूलधारबाट बर्हिगमनमा परि फलस्वरुप नेपालका आदिवासी जनजातीहरुले नेपालमा लामो समय देखि स्थापित हिन्दु धर्म संस्कृतिको आधित्य र नेपाली खास भाषाको एकाधिकारलाई चुनौति दिनुका साथै उनीहरुले सामाजिक विभेद, आर्थिक शोषण तथा राजनैतिक उत्पिडन र दमनलाई पनि खुलारुपमा चुनौति दिन थाले, त्यसका अलावा राज्यको स्वरुप र चरित्र केन्द्रिकृत र एकान्त भएकोले त्यसलाई पूर्ण समावेशी, सहभागी र समानुपातिक रुपमा प्रतिनिधिमूलक बनाउन आत्मनिर्णयको अधिकार र जातिय प्रादेशिक स्वशासनको आधारमा राज्यको संघिय संरचनाको मुद्दालाई जोडदार रुपमा उठाउन थाले ।

निरङ्कुश राजतन्त्रलाई पराजित गरी लोकतन्त्र स्थापना गर्न सुरु गरिएको सडक आन्दोलन ( जनआन्दोलन-२) का बेला नेपाल आदिवासी जनजातीहरुले बेलायती शैलीको “जित्नेले सबै पाउने बहुदलिय प्रजातन्त्रको ठाँउमा नेपालको सबै जातजाती, जनजाती, वर्ग समुदाय लिङ्ग र क्षेत्रको सहभागिता र समानुपातिक प्रतिनिधित्व हुन सक्ने समावेशी लोकतन्त्रको भाग गरे र त्यस प्रकारको समावेशी लोकतन्त्र स्थापनाका लागि आत्म निर्णयको अधिकार र जातिय प्रदेशिक स्वशासनको आधारमा संघिय लोकतन्त्रिक गणतन्त्र राज्यको स्थापनाको मुद्दालाई चर्को रुपमा उठाए । त्यस बाहेक धर्म निरपेक्ष राज्यको घोषणा, भाषिक समानता र स्वतन्त्रताको अधिकार, शिक्षा तथा सरकारी सेवामा जनजातीका लागि आरक्षणको नीति तथा कार्यक्रम र शिक्षा सरकारी कामकाजमा मातृभाषाको प्रयोग गर्न पाउने अधिकारका मागहरु पनि आन्दोलनका बेला जोडतोडले उठाए ।

नेपाली जनताको बाल र बलिदानी पूर्ण योगदानबाट एकछत्ररुप चल्दै आइरहेको निरंकुशतन्त्र पराजित भइ हाल देशमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । तर पनि नेपालका आदिवासी जनजातीहरुको पहुँच राज्य संयन्त्रमा अझै सम्पन्न हुन सकेको छ । त्यसकारण नेपालका आदिवासी जनजातीहरुले २०६२/६३ को आन्दोलन पछि पनि जातीय पहिचान सहितको अधिकार सुनिश्चित गर्न आत्म निर्णयको अधिकार र जातिय क्षेत्रिय स्वशासनको आधारमा राज्यको संघिय संरचना गर्न तथा संविधान सभामा जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित लगायत आदिवासी जनजातीहरुको अधिकार सुनिश्चित गर्ने अन्तरराष्ट्रिय श्रम संगठन महासन्धी-१६९ र आदिवासी जनजातीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय घोषणा पत्र पारित गराउनु पर्ने जस्ता मुल मुद्दा उठाएर आन्दोलनलाई निरन्तरता दिए साथै आदिवासी जनजातीहरुले शिक्षा, स्वास्थ्य

तथा सरकारी सेवा र रोजगारको अवसरहरुमा आदिवासी जनजातीहरुको लागि विशेष अधिकारको माग पनि जोड उठाए (गुरुङ ,प्रा.डा. ओम ,नेपालमा अदिवासी जनजाति आन्दोलनको इतिहास) ।

त्यस्तै नेपालको तराई भेगमा सदियों देखि बासोबास गर्दै आइरहेको थारु जातिले पनि आफ्नो हक अधिकारको लागि होस या राष्ट्रको लागि थुप्रै ऐतिहासिक आन्दोलन गर्दै आइरहेको इतिहासहरु भेटाउन सकिन्छ । यिनीहरु सदियों देखि नै उत्पीडनमा पर्दै आइरहेको पाइन्छ । जसले गर्दा आन्दोलनहरु गर्नु पर्ने बाध्यता रहेको छ ।

कार्लमाक्सको सिद्धान्त अनुसार समाजमा हुने वर्गीयद्वन्द्वको सिद्धान्तलाई महत्वपूर्ण योगदान दिइएको पाइन्छ । उनले यस बारेमा जब कुनै पनि अलग-अलग तहमा रहेका पक्ष वा वर्गको बिचमा आफ्नो स्वार्थ पूर्तिका लागि सदा संघर्ष हुने गर्दछ । इतिहासमा पहिले देखि नै दुई वर्ग बीचमा संघर्ष हुँदै आएको छ । इतिहासको निर्माण नै वर्ग संघर्षबाट हुन्छ ।

माक्सले वर्ग संर्धष हुँदै जाँदा अन्ततः सर्वहारा वर्ग अर्थात उत्पिडित वर्गको विजय निश्चित रहेको कुरा उल्लेख गरेका छन ।

वास्तवमा संघर्षबाट प्राप्त सफलताको मानिसलाई खुशी तुल्याउँछ । समाजमा हुने नहुने बीचमा द्वन्द्व भइरहन्छ । सामाजिक, आर्थिक, राजनातिक, संस्कृतिक जस्ता विभिन्न पक्षहरुमा द्वन्द्व भइरहेको छ भने विश्व नै द्वन्द्वमय रहेको छ । वास्तवमा आन्दोलन सजिलो र प्रिय कार्य होइन । यो कार्य रहरले होइना बाध्यताले गरिन्छ । विगत लामो समय देखि पहिचान र अधिकारको लागि नेपालमा तथा विश्वका विभिन्न मुलूकहरुमा सडक तथा सदन संघर्ष भइरहेको नौलो कुरो होइन । नेपालका थारु लगायतका विभिन्न आदिवासी जनजाती, मधेशी, मुस्लीम, दलित, खास पिछाडा वर्ग आदिले पटक-पटक विभिन्न स्वरुपमा आन्दोलन गरी आउका छन् । र नेपाल सरकारसित भएका विभिन्न लिखित सम्झौताहरु राज्य पक्षले जानाजान वेवास्ता गर्दै कार्यान्वयन नगरेको सबैको सामु दिनको घाम सरी रहेको छ । वि.सं. २०६५ साल चैत्र १ गते सम्माननीय प्रधानमन्त्रीज्यूको सम्मुपस्थितिमा नेपाल सरकार र आदिवासी थारु समुदाय तथा नेपाल आदिवासी जनजाती मँहासंघका प्रतिनिधिबिचमा सहमति भई कार्यान्वयन भएको पाईदैन । यसरी आन्दोलनकारी र सरकारबीच पटक-पटक सहमती भएर कार्यान्वयन हुननसकेको इतिहास थुप्रै रहेको छ । जसले गर्दा समय-समयमा आन्दोलन भइरहेको स्थिति छ(शेर्पा,आङ काजी, २०६५) ।

नेपालको संविधान २०७२ साल असोज ३ गते अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेका महत्वपूर्ण अधिकारको कटौती गरि जारी गरिएको छ । यसले केन्द्रीकृत र नियन्त्रित अर्थात नाम मात्रको संघियता प्रस्ताव गररेको छ समावेशी लोकतन्त्रलाई कुन्ठित गरिएको छ । संघिय र पहिचानलाई धरापमा पारेको छ । अन्तरिम संविधानमा प्रदेशहरुको स्वायत्त र अधिकार सम्पन्न हुने व्यवस्था गरिएको थियो । तर नयाँ संविधानमा प्रदेशहरुलाई अधिकारविहिन बनाएको छ । यो संविधानमा आदिवासी जनजाती र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदा माथिको अग्राधिकार नहुने व्यवस्था प्रस्ताव गरिएको छ । निर्वाचित निकायहरुमा समानुपातिक समावेशितालाई असम्भव बनाएको छ । मधेशी, शील्पी समुदाय, मुस्लीम, आदिवासी जनजाती र अल्पसंख्यक समुदायको प्रतिनिधित्वलाई अनिश्चित तथा पहिला भन्दा पनि न्यून पारिएको छ । राज्य पुर्नसंरचना गर्दा पहिचानका५ आधारहरु र सामर्थ्यका ४ आधारहरुको आधारमा अधिकार सम्पन्न स्वायत्त प्रदेशहरुको

संरचना गरिनु पर्दछ । राज्य पुर्नसंरचना गर्दा उच्चस्तरिय राज्य पुर्नसंरचना आयोगको प्रतिवेदन अनुसार गरिएको पाईदैन (लाहुर्निप , (१० देखि १३ चैत्र,२०७२) ।

थारु जातीहरुलाई राज्यको मुल प्रवाहमा समाहित गरि उनिहरुको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अवस्थामा सुधार आउन सक्दछ । राज्यको पुरानो एकात्मक तथा केन्द्रिकृतअवधारणा लाई हटाइएको खण्डमा थारु जाति, लगायत अन्यसमुदायमा नयाँ परिवर्तन आउन सक्ने कुरालाई नकार्न सकिदैन । यो अवसर र सममान प्रदान गर्न भने राष्ट्रको चौतर्फि हित र राष्ट्रिता बलियो हुन्छ ।

# अध्याय ३

## अनुसन्धान विधि

हरेक अध्ययन अनुसन्धान कार्यको निश्चित उपलब्धि प्राप्तिका निम्ति विभिन्न विधिहरुको प्रयोगगरी अनुसन्धान गर्नु पर्ने हुन्छ । त्यसैले **"थारु समुदाको अधिकार प्राप्तिको लागी भएको थारु आन्दोलन"** को अध्ययन अनुसन्धान कार्य गर्नका लागि निम्नानुसार विधिको प्रयोग गरिने छ ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

कुनै पनि अनुसन्धान कार्यलाई मूर्तता प्रदान गर्न वा अध्ययन कार्यलाई क्रमिक रुपमा अगाडी बढाउन अर्थात सफल  पार्नका लागि सर्वप्रथम अनुसन्धान गर्न उपयुक्त स्थानको छनौट गर्न सकिएन भने अध्ययनको महत्व र औचित्य हुँदैन ।

ऐतिहासिक थारु आन्दोलनको थालनी "थरुहट संयुक्त संघर्ष समिति" को नेतृत्वको अह्वानमा भएको २०६५/२०६६ सालको १३ दिने र १२ दिने सशक्त आन्दोलन"थरु संयुक्त संघर्ष समिति" को अह्वानमा २०६९ साल चैत्र देखि जेठ सम्म भएको २१ दिने सशक्त आन्दोलन र"थरुहट/थरुवान संयुक्त संघर्ष समिति" को अह्वानमा २०७२ साल साउन २७ गते बाट निरन्तर रुपमा जारी रहेको छ । तीन वटा संघर्ष समितिले ऐतिहासिक रुपमा गरेको थरुहट आन्दोलनको मूलमर्म, उद्देश्य एवम् उपलब्धीको सम्बन्धमा राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा खोज, अध्ययन अनुसन्धानको विषय बनेको छ (चौधरी, मिनराज, २०७३) ।

यस अध्ययनका लागि कैलाली जिल्लाको जानकी गाउँपालिका वडा नं. ७ लाई अध्ययन क्षेत्र छनोट गरिएको छ । कैलाली जिल्लाको सम्पूर्ण थारूहरूको अध्ययन गर्न समय, स्रोत र साधन बढी लाग्ने भएकाले र उक्त क्षेत्र अनुसन्धानकर्ताका लागि सुविधायुक्त भएकोले जानकी गाउँपालिकाको वडा नं. ७ लाई अध्ययन क्षेत्र छनोट गरिएको हो । यस शोधपत्रमा जानकी गाउँपालिका वडा नं. ७ लाई शोधकर्ताले छनोट गर्नुका औचित्य :-

- अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकोले ।
- समय, अर्थ तथा अन्य जटिलतालाई मध्येनजर गर्दा शोधकर्ताको चितपरिचित क्षेत्र भएकोले
- अध्ययन क्षेत्रमा थारू जातिको बसोबास धेरै भएकोले ।
- यस भन्दा पहिले विभिन्न अनुसन्धान कर्ताहरुले यस थारु जातिको बारेमा मात्र गर्नु भएको अनुसन्धान बाहेक थारु जातिको स्वतन्त्र पहिचान र अधिकार प्राप्तिका लागि भएको **"थारु समुदायको अधिकार प्राप्तिका लागि भएको थारुआन्दोलन"** भन्ने छुट्टै शिर्षकमा फरक ढंगले थारु जातिको गतिविधि बारे प्रष्ट पारिने भएकोले ।
- थारु जातिको अन्य जाति संगको सम्बन्ध स्थानिय शासन प्रणालीमा सहभागिताको अवस्था बारे पनि अध्ययन गरिने ।
- त्यसै क्षेत्रमा बासोबास गर्ने थारू जातिको आन्दोलन र थारुहरुको सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक अवस्था बारे व्याख्या विश्लेषण गरिने ।

### ३.२ अध्ययन ढाँचा

यस अनुसन्धानले थारु जातिको पहिचान र अधिकार स्थापित गर्नकालागि आन्दोलनले समुदायमा पारेको प्रभाव र असर तथा राज्य व्यवस्थामा प्रतिनिधित्वको अवस्थाका बारेमा खोजी गर्ने हुँदा थारु जातिहरुको सामाजिक, आर्थिक तथा राजनितिक अवस्थाको बारेमा वर्णात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरुको वर्णन गरिएकोछ । त्यसैगरी थारु जातिको समुदायमा रहेका अन्य जाति सँगको सम्बन्ध राज्यको दृष्टिकोण, त्यसबाट पर्ने प्रभाव स्थितिको तथ्य निकाली अन्तरसम्बन्ध र अन्तरद्वन्द्व के-कस्तो रहेको छ । उनीहरुले के-कस्ता किसिमको परिवर्तन चाहन्छन् । सामाजिक, साँस्कृतिक,राजनीतिक, आर्थिक तथा अन्य विविध पक्षको व्याख्या र विश्लेषण गरिएको छ । साथै संख्यात्मक र गुणात्मक रुपमा विभिन्न तथ्याङ्कहरु संकलन गरी प्रस्तुत गरिएको छ ।

### ३.३ अध्ययन क्षेत्रको छनोट

नेपालको पाँच विकास क्षेत्रको सुदुरपश्चिम अन्चल विकास क्षेत्रमा थारु जातिको बाहुल्य रहेको कैलाली जिल्ला हो । यस जिल्लामा १३ वटा निर्वाचन क्षेत्र रहेको छ । यस कैलाली जिल्लाको निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. १ “क” जानकी गा. पा. वडा नं.७ अध्ययन क्षेत्र रहेको छ । जसको जनसंख्या ६०४६ रहेको छ , जसमध्ये पुरुष को संख्या २९२२ र महिला ३१२४ जना रहेका छन् । जम्मा १०३७ वटा घरधुरीकोसंख्या रहेको छ । त्यो क्षेत्र २०७२ नेपालको संविधान अन्तर्गत प्रदेश नं. ७ मा रहेको छ । यस अनुसन्धानको लागि अध्ययन क्षेत्र कैलाली जिल्लामा सदियों देखि बासोबास गर्दै आइरहेको थारु जातिलाई छनोट गरिएको छ ।

### ३.४ नमुना छनोटप्रकृया

कैलाली जिल्लाको क्षेत्र नं. १ मा रहेका विभिन्न जातजाति मध्ये थारु जातिको बाहुल्यता रहेको छ । समग्र जिल्लामा बासोबास गर्ने सम्पूर्ण थारुहरुको घरधुरीलाई अध्ययनमा समेतना नसकिने हुनाले कैलाली जिल्लाको क्षेत्र नं. १ को जानकी गा.पा.को वडा नं.७मा रहेको ५ वटा गाउँटोलका ३०० वटा घरधुरी मध्येबाट १०/१० वटा घरधुरी छनौट गरी जम्मा ५० वटा घरधुरी नमुना छनोट गरिएको छ। १० वटा घरधुरीका लागि उद्देश्यपूर्ण नमूना छनौट विधि प्रयोग गरिएको छ साथै छनिएको घरको घरमुली, यूवा, बुद्धिजिवी, समाजसेवी र राजनितिज्ञहरु सँग अन्तर्वार्तातथा छलफल गरेको छ । त्यसमा भएका थारु जातिहरुको बारेमा मात्रअधययन गरिएकोछ ।

### ३.५ तथ्याङ्कको स्रोत र प्रकृति

कुनै पनि विषयमा अनुसन्धान गर्नका लागि त्यस सँग सम्बन्धित सामाग्री सिद्धान्तको आवश्यकता पर्दछ । यस अध्ययन सम्बन्धी पुस्तक, लेख रचना, प्रतिवेदन अध्ययन, बहस, गोष्ठी, पत्र-पत्रिका तथा अन्य सन्दर्भ सामाग्रीहरुलाई प्रर्याप्त मात्रामा समेतिने छ । यसको अलावा पुस्तकालय अध्ययन, इमेल, इन्टरनेट लगायत अडियो भिडियो सामाग्रीहरुलाई प्रर्याप्त मात्रामा समेतिने छ । विज्ञहरुको विचार र उनीहरु सँग गरिएको छलफल, अन्तरक्रिया, प्रत्यक्ष भेटघाट, अवलोकन र प्रश्नावलीबाट तथ्याङ्क संकलन गरिएको छ ।

**३.६तथ्याङ्क संकलन विधि वा तरिकाहरु**

**३.६.१ स्थलगत अवलोकन**

यस अध्ययन कार्य गर्दा थारु जातिको विगत र वर्तमान स्थितिको अवस्थाबारे अध्ययन अवलोकन गरिएको छ । त्यस्तै उनीहरुको हरेक कार्य तथा सहकार्य अन्य जाति सँगको सम्बन्ध त्यस क्षेत्रमा उनीहरुको अस्तित्व झल्किने भाषा, धर्म, संस्कृति, परम्परा, रितिरिवाज र दैनिक जिवन शैलीको अवलोकन गरिनेछ । उनीहरुको शैक्षिक स्थितिको विवरण र स्थानिय प्रशासनमा सहभागिता र सुनिश्चितताको वर्णन गरी वास्तविक तथ्यपरक तथ्यहरुको अवलोकन गरिएकोछ । साथै उनीहरुको जिवनशैली, पेशा, परम्परा अन्य जाति समुदाय सँग के कति फरक रहेको छ भनि अध्ययनको विषय बनाइएको छ ।

**३.६.२ अर्न्तवार्ता / प्रश्नावली**

नमुना छनोट गरि निश्चित व्यक्तिहरुसँग अन्तरवार्ता र प्रश्नावलीको प्रयोग गरि सूचना संकलन गरिएकोछ ।

**३.६.३घरधुरी सर्वेक्षण**

नमुना छनोटमा परेका घरपरिवारको विस्तृत विवरणको सर्वेक्षण गरिएको छ ।

**३.७द्वितिय स्रोत तथ्यांकको अध्ययन**

अनुसन्धान कर्ताले आफ्नो अनुसन्धानको विषय अनुरुप द्वितिय स्रोत अन्तरगत अभिलेख, पत्र-पत्रिका, प्रकाशित र अप्रकाशित लेख रचना, डकुमेन्ट, इन्टरनेट अनुसन्धान पद्धति र कार्यालय आदिबाट तथ्याङ्क संकलन गर्न सजिलो भएको हुनाले द्वितिय स्रोतको महत्व र आवश्यकता अनुसन्धान कर्ताको लागि महत्व बढिरहेको छ ।

**३.८ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण**

अध्ययन अनुसन्धानको सफलता नै तथ्याङ्कहरुको समुचित विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्ने हुनाले यस शोधपत्रमा आदिवासी थारु जातिको बासोबास र त्यस क्षेत्रमा उनीहरुको स्थिती विवरणको लागि संकलित तथ्याङ्कलाई गुणात्मक र संख्यात्मक ढँगबाट प्रस्तुत गरिएको छ ।

# अध्याय - ४
## अध्ययन क्षेत्रको सामान्य परिचय

### ४.१ कैलाली जिल्ला

### ४.१.१ भौगोलिक अवस्था

प्रदेश नं. ७ (सुदूरपश्चिमाञ्चल) को पूर्व दक्षिणमा अवस्थित तथा सुदूरपश्चिमाञ्चलको ढोकाको रूपमा रहेको कैलाली जिल्ला ३३२५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । यस जिल्लाको पूर्वमा बर्दिया, उत्तरपूर्वमा सुर्खेत, उत्तरमा डोटी, उत्तरपश्चिममा डडेल्धुरा, पश्चिममा कञ्चनपुर र दक्षिणमा भारतको उत्तरप्रदेश पर्दछ । २८°२२' उत्तरदेखि २९°०' उत्तरी अक्षांश सम्म र ८०°३०' पुर्वदेखी ८१°१८'पुर्वी देशान्तर सम्म फैलिएर रहेको छ । उचाइको हिसावले यो जिल्ला समुन्द्र सतह देखि १९० मिटरदेखि १९५० मिटरसम्मको उचाइमा अवस्थित छ । यस जिल्लाको दक्षिण सिमानामा रहेको मोहना नदी कुनै ठाँउमा नेपालतर्फ र कुनै ठाँउमा भारत हुदै बगेको छ । (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११)

यस जिल्लामाँराज्य व्यवस्था भए अनुसार १३ वटा स्थानिय तह रहेका छन् । जसमा १वटा उप-महानगरपालिका, ६ वटा नगरपालिका र ६ वटा गाउँपालिका रहेको छ । क्षेत्रफलको हिसाबले यस जिल्लाको जनघनत्व प्रतिवर्ग कि.मी. १९२.२ जना रहेको छ । यस कैलाली जिल्लामा बसोबास गर्ने मुख्य जातिहरूमा सबभन्दा बढी थारू त्यसपछि क्रमश ब्राह्मण, क्षेत्री, कामी, मगर, नेवार, ठकुरी, दमाई, सार्की, शेर्पा आदि जातिहरूको बसोबास रहेको छ । (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११)

यस जिल्लाको हावापानी अधिकतम तापक्रम १९°-४४° सेल्सियस र न्युनतम ७.५°-२३.५° सेल्सियस तापक्रम रहने गरेको पाइन्छ र यहाँ औसत वार्षिक वर्षा १८४० मिली मिटर हुने गरेको पाइन्छ । यस जिल्लाको मानिसहरूको प्रमुख व्यवशाय कृषि हो यहाँ ६८.२५ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा संलग्न छन् भने ३१.७५ प्रतिशत जनसंख्या गैह्र कृषि क्षेत्रमा संलग्न देखिन्छ । यस जिल्लामा प्रमुख बालीहरूमा धान, मकै, गँहु, तोरी आदि हुन् । (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११)

यस जिल्लामा हाल सरकारी र नीजि गरी ५८९ वटा शैक्षिक संस्थाहरू रहेका छन् । हाल यस जिल्लाको साक्षरता ५२.६० प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता ६३.९७ प्रतिशत र महिला साक्षरता ४१.०५ प्रतिशत रहेको छ । यस जिल्लाका प्रमुख पर्यटकीय स्थलहरूमा घोडाघोडी ताल, टिकापुर, चिसापानी, गोदावरी, भजनी आदि हुन् । (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११)

### ४.१.२ जानकी गाउँपालिका

जानकी गाउँपालिका नेपालको ७ नं प्रदेश अन्तर्गत कैलाली जिल्लामा रहेको छ । यस गाउँपालिकामा साविकका दुर्गौली, जानकीनगर, मुनुवा र पथरैया गरि ४ ओटा गा.वि.स. समावेश गरि ९ वटा वडा कायम गरिएको छ । यो गाउँपालिका पूर्व पश्चिम राजमार्ग अवस्थित लम्की चोकबाट दक्षिणतर्फ करिब १० किलोमिटरको दुरीमा रहेको छ । विश्व मानचित्रमा जानकी गाउँपालिकाको भौगोलिक अवस्थिति २८°३१' देखि २८°३६'५" उत्तरी आक्षांस सम्म र ८१°२' देखि८१°१६' पूर्वी देशान्तरसम्म फैलिएको छ । त्यसैगरी १०७.२७ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बर्दिया जिल्ला, पश्चिममा जोशीपुर गाउँपालिका, उत्तरमा लम्कीचुहा नगरपालिका र दक्षिणमा टिकापुर नगरपालिका रहेका छन् ।

यस गाउँपालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ। यहाँको हावापानी अधिकतम तापक्रम १९°-४४° सेल्सियस न्युनतम ७.५° देखि २३.५° सेल्सियस तापक्रम रहने गरेको छ। यहाँको वार्षिक वर्षा १५५० मि. मिटर वर्षा हुने गरेको छ। यस गाउँपालिकामा थारू, ब्राह्मण, क्षेत्री, दमाई, ठकुरी आदि जातिहरूको बसोबास रहेको छ।

### ४.१.३ गाउँपालिकाको वडा विभाजन

**तालिका नं. १ : गाउँपालिकाको वडा विभाजन**

| समावेश भएका साविक गा.वि.स./गा.पा.हरु | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---:|---:|
| दुर्गौली | १, ३, ४ | १ |
| जानकीनगर | १-९ | २ |
| दुर्गौली | २, ६, ७ | ३ |
| मुनुवा | १, २, ३, ६ | ४ |
| पथरैया | १, २, ३ | ५ |
| दुर्गौली | ५, ८, ९ | ६ |
| मुनुवा | ४, ५, ७, ८, ९ | ७ |
| पथरैया | ४, ५, ६ | ८ |
| पथरैया | ७, ८, ९ | ९ |

*स्रोतः संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, २०७३*

कैलाली जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा जानकी गाउँपालिका रहेको छ। यसका अतिरिक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँपालिका वासी समेत दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। वि.सं. २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या ४८,५४० रहेको छ जसमध्ये महिलाको जनसंख्या २५,५८४ (५२.७१ प्रतिशत) र पुरुषको जनसंख्या २२,९५६ (४७.२९ प्रतिशत) रहेको छ। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। जनगणनाको तथ्याङ्क अनुसार सबैभन्दा बढी थारु जाति २९,३१७ जना (६०.४०%), दोस्रोमा ब्राह्मण ( पहाडी) ४,८८७ (१०.०७%) र तेस्रोमा क्षेत्री ४,७६२ (९.८१ )हरुको बसोबास रहेको छ। तराईक्षेत्रमा रहेको यस गाउँपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरुमा व्यापार, उद्योग, नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिकामा आधारभूत देखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन।

विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ ।

**४.१.४ जनसंख्याको विवरण**

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा गाउँपालिकास्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार जानकी गाउँपालिकाको जनसंख्या ४८,५४० रहेको छ जस मध्ये पुरुष ४७.२९ प्रतिशत (२२,९५६ जना) र महिला ५२.७१ प्रतिशत (२५,५८४ जना) रहेका छन् । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio)अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८९.७३ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ४५३ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५८.५० प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३४.०४ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ७.४६ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार जानकी गाउँपालिकामा ९,०५१ घरपरिवार रहेका छन् । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १.२६ प्रतिशत (६१४ जना) अपाङ्गता भएकाहरू रहेका छन् । जसमध्ये ३१२ जना पुरुष र ३०२ जना महिला छन् । हाल यस गाउँपालिकामा प्रति परिवार औषत ५.३६ जना सदस्य रहेको देखिन्छ । नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ । देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ ।

**तालिका नं. २ : जानकी गाउँपालिकाको जनसंख्याको विवरण**

| **विवरण** | **२०६८** |
|---|---|
| जम्मा जनसंख्या | ४८५४० |
| पुरुष | २२९५६ |
| महिला | २५५८४ |
| लैंगिक दर (१०० महिलामा पुरुषको संख्या) | ८९.७३ |
| जम्मा घरधुरी | ९०५१ |
| औषत परिवार आकार | ५.३६ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६५.०७ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ४५३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

### ४.१.५ वडा अनुसार जनसंख्या तथा घरधुरी विवरण

**तालिका नं. ३ : वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण**

| वडा नं. | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|
| १ | ९३७ | ४९७४ | २३५९ | २६१५ | ६०० |
| २ | ९९२ | ५९०५ | २९५९ | २९४६ | ४२१ |
| ३ | ९३२ | ४७६९ | २२१० | २५५९ | ५२६ |
| ४ | ९५३ | ५५१० | २६७८ | २८३२ | ६२४ |
| ५ | ८०१ | ४४५९ | २१८६ | २२७३ | ५३३ |
| ६ | ७५७ | ३९४० | १७७१ | २१६९ | ३०३ |
| ७ | १०३७ | ६०४६ | २९२२ | ३१२४ | ३३३ |
| ८ | १२२८ | ६२०३ | २८४४ | ३३५९ | ७५९ |
| ९ | १४१४ | ६७३४ | ३०२७ | ३७०७ | २२१ |
| **जम्मा** | ९०५१ | ४८५४० | २२९५६ | २५५८४ | ४५३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस जानकी गाउँपालिकालाई मिति २०७३ फाल्गुन २२ गते साविकका गाविसहरु दुर्गौली, जानकीनगर, मुनुवा र पथरैयालाई समेटेर जम्मा ९ वडा कायम गरी गाउँपालिका घोषणा गरिएको हा । यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं ९ रहेको छ जसमा जम्मा जनसंख्या ६,७३४ (पुरुष ३,०२७ जना र महिला ३,७०७ जना) रहेको छ । यस वडाको औषत परिवार आकार ४.७६ र घरधुरी संख्या १,४१४ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. ६ रहेको छ जसको कुल जनसंख्या ३,९४० (पुरुष १,७७१ जना र महिला २,१६९ जना) रहेको छ भने घरधुरी संख्या ७५७ र औषत परिवार संख्या ५.२० रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ४.१.६ जातजाती समूह अनुसार जनसंख्याको विवरण

**तालिका नं. ४ : जानकी गाउँपालिकाको जनसंख्या र जातको विवरण**

| क्र.सं. | जतजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | २९३१७ | ६०.४० |
| २ | ब्राम्हण पहाडी | ४८८७ | १०.०७ |
| ३ | क्षेत्री | ४७६२ | ९.८१ |
| ४ | कामी | ४०६२ | ८.३७ |
| ५ | ठकुरी | १०५०१ | ३.०९ |
| ६ | दमाई/ढोली | ८८७ | १.८३ |
| ७ | मगर | ८३७ | १.७२ |
| ८ | लोहार | ६५१ | १.३४ |
| ९ | अन्य | १६२६ | ३.३५ |
| १० | उल्लेख नगरिएको | १० | ०.०२ |
| **जम्मा** | | ४८५४० | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार कैलाली जिल्लामा २५ भन्दा बढि जातजातिको बसोबास रहेको छ । यसरी कैलाली जिल्लामा अवस्थित जानकी गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी थारु जाति २९,३१७ जना (६०.४० प्रतिशत) रहेका छन् । दोस्रोमा ब्राम्हण (पहाडी) ४,८८७ जना (१०.०७ प्रतिशत) र तेस्रोमा क्षेत्री ४,७६२ जना (९.८१ प्रतिशत) देखिन्छन् । त्यसैगरी विभिन्न जातजातिको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ४.१.७मातृभाषा अनुसार जनसंख्याको विवरण

**तालिका नं. ५ : मातृभाषा अनुसार जनसंख्याको विवरण**

| क्र.सं. | भषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | २९१६८ | ६०.०९ |
| २ | नेपाली | १०४७८ | २१.५९ |
| ३ | अछामी | ५५३८ | ११.४१ |
| ४ | डोटेली | १८८३ | ३.८८ |
| ५ | अन्य | १४५९ | ३.०१ |
| ६ | उल्लेख नगरिएको | १४ | ०.०३ |
| **जम्मा** | | **४८५४०** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू विविधता रहेको पाइन्छ । मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी थारु जातिको बसोबास रहेको हुँदा थारु भाषा नै बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात २९,१६८ ( ६०.०९ प्रतिशत) रहेको छ । दोस्रोमा नेपाली भाषा बोल्नेको संख्या १०,४७८ (२१.५९ प्रतिशत), तेस्रोमा अछामी भाषा बोल्नेको संख्या ५,५३८ (११.४१ प्रतिशत), चौथोमा डोटेली भाषा बोल्नेको संख्या १,८८३ (३.८८ प्रतिशत) रहेको पाइन्छ भने अन्य भाषा बोल्नेमा १४५९ (३.०१ प्रतिशत) संख्या रहेको छ । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा देखाइएको छ ।

### ४.१.८ स्वास्थ्य, खानेपानी तथा सरसफाई

स्वास्थ्य नै मानिसको प्रमुख धन हो । यस जानकी गाउँपालिका बासिन्दाको उपचार गर्ने मुख्य ठाँउ टीकापुर अस्पताल हो । यस गाउँपालिकामा सरकारी अस्पताल, सामुदायिक अस्पताल र गाउँपालिकाद्वारा संचालित प्राथमिक उपचार केन्द्र एउटा पनि नरहेको अवस्था छ । यसका साथै प्राइभेट क्लिनकहरू पनि धेरै संख्यामा छैनन् तर यस क्षेत्रमा बसोबास गर्ने मानिसहरू स्वास्थ्य तथा सरसफाइ बारे सचेत भएको पाइन्छ ।

"सफा पानी नै स्वास्थ्य जीवनको आधार हो ।" यो गा.पा. तराई क्षेत्र भएकोले जमिनको पानी नै खानेपानीको मूख्य स्रोत हो । नेपाल सरकारबाट ओभरहेड टंकी निर्माण गरी खानेपानी संस्थानले शुद्ध खानेपानीको वितरण गरेको पाइदैन । प्रायजसो घरहरूमा जमिनमुनीबाट पानी तानेर हेण्डपम्पबाट पानीको आपुर्ति गरिएको छ । खानेपानी संस्थानले हरेक गाउँबासीहरूलाई पिउनेपानी उपलब्ध गराउन नसकेपनि २७३५ परिवार यससेवाबाट प्रत्यक्ष लाभान्वित छन् । यस गा.पा. मा नीजि धाराहरूको संख्या २३३८ र सार्वजनिक धाराको संख्या १२ रहेको छ ।

### ४.१.९ विद्युत, यातायात र संचार

विद्युत सुविधाबाट हरेक किसीमका व्यापार गर्न सकिने भएकोले विद्युत आर्थिक विकासको लागि प्रमुख पक्ष हो । विद्युतको विकासले अन्य क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस गा.पा.का सबै वडाहरूमा विद्युत सेवा बिस्तार भएको छ । सबै वडाहरूमा सडक वत्तिको पनि व्यवस्था गरिएको छ । यस क्षेत्रका अधिकाशं मानिसहरू विद्युत सेवाबाट प्रत्यक्ष लाभान्वित छन् ।

यातायातको दृष्टिकोणमा यस गा.पा.लाई सुगम मान्न सकिन्न् । हरेक टोलमा जानका लागि ग्राभेल, कच्चि बाटाहरू खुलेका छन् । जिल्ला सदरमुकाम जोड्ने सडक लम्की देखि जानकी गाउँपालिकाको क्षेत्र समेट्दै भारतीय सिमाना मोहना नदी सम्म कालोपत्रे गरिएको छ । यस क्षेत्रका यातायातका साधनहरूमा साइकल, मोटरसाइकल, बस, मीनीबस, ट्रक, ट्याक्टर, नीजि जीप, टेम्पो रहेका छन् ।यस गा.पा.मा संचारसेवा अन्तर्गत रेडियो, टेलिभिजन, टेलिफोन, इन्टरनेट र हुलाकका साधनहरू उपलब्ध छन् । यस गा.पा.को ९ वटै वडाहरूमा मोबाइल, टेलिफोनको सुविधा पाइन्छ ।

### ४.१.१० राजनैतिक तथा प्रशासनिक केन्द्र

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका दुर्गौली, जानकीनगर, मुनुवा र पथरैया गा.वि.स. समावेश गरि जम्मा ९ वडाहरु कायम गरि जानकी गाउँपालिका घोषणा गरिएको हो । यस गाउँपालिकामा रहेका मतदाताहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६ गाउँपालिकाको मतदाता संख्या**

| क्र.सं. | मतदान केन्द्र,ठेगाना | वडा नं. | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | गाविस भवन, दुर्गौली | १ | ८६१ | ९०९ | १७७० |
| २ | जगन्नाथ नि. मा. वि., तोरैयापुर | १ | ६०४ | ६०५ | १२०९ |
| ३ | आदर्श मा. वि. , खर्गोली | २ | ५९९ | ६३२ | १२३१ |
| ४ | गाविस भवन , खैरेनी | २ | ६०७ | ६७२ | १२६९ |
| ५ | जय पर्वती नि. मा. वि. ,प्रागीपुर | २ | ४०० | ४०१ | ८०१ |
| ६ | कृषि भवन , सुवर्णपुर | ३ | ८२७ | ८७० | १६९७ |
| ७ | गौरीशंकर आ. वि. , भगतपुर | ३ | ४१७ | ४३७ | ८५० |
| ८ | गाविस भावन , मुनुवा | ४ | ७५७ | ७७३ | १५३० |
| ९ | जनता मा. वि. , कञ्चनपुर ,मुनुवा | ४ | ८३९ | ९५१ | १७९० |
| १० | बाल विद्या मन्दिर नि. मा. वि. , पथरैया | ५ | ६३० | ६१४ | १२४४ |
| ११ | राष्ट्रि मा. वि. , अमौरी | ५ | ६०७ | ५७७ | ११८४ |
| १२ | कालिका प्रा. वि. , धर्मापुर | ६ | ४९६ | ५६५ | १०६१ |
| १३ | बालज्योति मा. वि. , जगतपुर | ६ | ५६० | ६६१ | १२२१ |
| १४ | मोती मा. वि. , मोतीनगर | ७ | ९७१ | ९५५ | १९२६ |
| १५ | राष्ट्रिय आ. वि. , गोलौरी | ७ | ९४६ | ७१८ | १६६४ |
| १६ | गाविस भवन , भोक्सी | ८ | ८५६ | ९०५ | १७६१ |
| १७ | राष्ट्रिय मा. वि. , खैरीपुर | ८ | ८३१ | ८८१ | १७१२ |
| १८ | अरुणोदय मा. वि. , खैरीफाँटा | ९ | ७१६ | ७६८ | १४८४ |
| १९ | राष्ट्रिय मा. वि. , जगतपुर | ९ | ३४६ | ४२८ | ७७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | हिमालय राष्ट्रिय मा. वि. , अमरावती | ९ | ६३८ | ७३२ | १३७० |
| | जम्मा | | १३५०८ | १४०५० | २७५५८ |
| | प्रतिशत | | ४९.०१ | ५०.९९ | १०० |

*श्रोत: निर्वाचन आयोग, नेपाल, २०७४*

यस जानकी गाउँपालिकाको मतदाता संख्या तालिकामा उल्लेख गरिएको छ । तालिकामा देखाएअनुसार हाल जानकी गाउँपालिकामा जम्मा २७,५५८ मतदाता रहेको देखिन्छ जसमध्ये पुरुष १३,५०८ (४९.०१ प्रतिशत) जना र महिला १४,०५० (५०.९९ प्रतिशत) जना छन् ।

**४.१.११ आदिवासी / जनजातिको अवस्था**

आदिवासी जानजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार मातृभाषा र परम्परागत रितिरिवाज छुट्टै संस्कृति पहिचान छुट्टै समाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ ।

यस गाउँपालिकाको कुल जनसङ्ख्या ४८,५४० जना मध्ये ३०,२८२ जना ( ६२.६९ प्रतिशत) जनसङ्ख्या आदिवासी जनजाति ( थारु ,मगर ,तामाङ् ,गुरुङ् , नेवार आदि ) रहेका छन् । जसमा सबै भन्दा बढी थारु जाति २९,३१७ (६०.४० प्रतिशत) जनसंख्या रहेको पाइन्छ । मूख्यतय कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ । एकातर्फ बालविवाह , बच्चा जन्माउनु पूर्व नै मगनी गर्ने , गुरुवा ( धामी , झाक्री ) प्रथा जस्ता समाजिक प्रथाहरु यस समुदायमा हाल सम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ । यी समुदायद्धारा जानकी गाउँपलिकाको मौलिक संस्कृतिलाई जीवन्त राख्न सहयोग  पुगेको छ । यस समुदायबाट जनप्रतिनिधीको रुपमा हाल राष्ट्रको निर्णायक तहहरुमा केहि सहभागिता देखिएको छ । यस गाउँपालिका मा भिषण मलेरिया देखि हिंस्रक जनावार संग झण्डै आधा शतक देखि कुस्ती खेल्दै जानकी गाउँपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउँदै आएको यो समुदाय अहिले आएर सामाजिक , राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा केहि पछाडी परेको देखिन्छ । जानकी गाउँपालिकाको विकासको लागी यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ ।

# अध्याय - ५
# तथ्यांक प्रस्तुतिकरण
## थारु आन्दोलनको महत्व

## ५.१ थारु जातिको ऐतिहासिक अवस्था

### ५.१.१ थारू जातिको परिचय

नेपालको जनगणना २०६८ अनुसार २,६४,९४,५०४ कुल जनसंख्या मध्ये १७,३७,४७० संख्यामा रहेका छन् ।जसमा पुरुषको संख्या ८,५२,९६९ र महिलाहरुको संख्या ८,८४,५०१ रहेको छ । जनसङख्याको हिसाबले ब्राहमण, क्षेत्रि, मगर पछिको चौठो स्थानमा रहेको छ ।

आदिवासी भूमिपत्र थारुजातिको गौरवमय इतिहास छ , इतिहसको लामो कालखण्डमा सम्पुर्ण तराईक्षेत्रमा थारुहरुको आफ्नै शासन प्रशासन को मौजा रहेको थियो । यस शासन कालमा उनीहरुका भाषा, धर्म, संस्कृति, सभ्यता, भेषभूषा, कला, साहित्य, रितिरिवाज, परम्परा आदि समृद्ध र सवल अवस्थामा रहेको थियो ।

यस थारु जातिलाई शारिरिक रुपमा मङ्गोल मुलका मानिन्छन् । यिनिहरु मझौला कडका हुन्छन् । वर्णका हिसावले गहु गोरो मानिन्छन् । कोहि काला तथा नाक थेप्सो , ओठ वाक्लो र कस्सिएको मजबुत शारिरिक बनावटका हुन्छन् । यिनिहरु आफ्नो छुट्टै पहिचान भएको परम्परागत इतिहास रहेको छ ।

थारु जाति तराई तथा भित्री तराईका भूमिपुत्र हुन् । यस क्षेत्रमा थारुहरु नेपालको एकीकरण हुनु भन्दा पूर्व हजारौं वर्ष पहिले देखि रहेका छन् । थारु जातिको आफनै मौलिक इतिहास रहेकोछ । शान्तिका अग्रदुत गौतम वुद्व ,राजा अशोक सम्रात, राजा दंगीशरण जस्ता अग्रजहरु यिनै थारु जातिका सन्तान हुन् भन्ने इतिहास विदहरुको भनाइ रहेको छ । तराईको घनाजङ्गलमा हिंस्रक जनावर , प्राणघातक रोगब्याधि सँग पुष्टौ पुष्टा देखि जीवनमरणको अथाक संघर्ष गर्दै बस्ती योग्य फाँट बनाउने र यसै फाँटमा सुनका दाना फलाउने श्रेय पाउने थारु जाति नै हुन् । यस जातिको प्रमुख पेसा कृषि र पशुपालन हो । यिनीहरुको आफ्नै पहिचान रहेको छ । छुट्टै भाषा, रहन सहन, धर्म, सँस्कृती, नाचगान, पुजा आजा, देवि देवता, भेष भुषा  आदि रहेका छन् । यस जातिको सबभन्दा अमुल्य गहना भनेको सोझोपन, इमान्दारिता, मेहनतिपन, स्वालम्वि, सहयोगी र शहनसिलता हो । आज पनि यिनै विशेषताहरुले थारु जातिलाई नेपाल तथा विश्वले चिन्ने गर्दछ । यिनिहरु आफ्नै बाहुवलमा विश्वास गर्दछन् । यस जातिमा हामी भन्ने भावनाको विकास भएको पाईन्छ । यसैको फलस्वरुप नेपालका तराई तथा भित्रि तराईका हरिया फाँटहरुमा पौराणिक कालदेखि नै अन्न उत्पादन गरेर देशको आर्थिक मेरुदण्डमा महत्वपुर्ण योगदान पु¥याउदै आएका छन् ।

थारु जातिको उत्पत्तिको बारेमा विभिन्न विद्वानहरुको आ-आफ्नै मतभिन्नता रहेको पाइन्छ । मजुमदारले “ थारु मरुभुमि बाट आएकाले थारु कहलिएका हुन् “ भन्ने आफ्नो विचार राखेका छन् भने कसैले चितौंरि (राजदुत) मुसलमानको आक्रमण भएपछि राजपुतहरुले १२ औं शताब्दि तिर आईमाईहरुलाइ सुरक्षा दिन उत्तर पहाड तिरको जङ्गलमा आफ्नो नोकर चाकर सहित पठाई आफु

युद्धमा लागे , त्यस पछि लामो समय सम्म पनि आफ्नो श्रीमानहरु नफर्किएपछि आफ्नै साथमा आएका नोकरहरु सँग र त्यहाँका निम्न जातिलाई श्रीमान बनाएर तिनीहरु बाट जन्मेका सन्तान नै थारु भए भनि राय प्रकट गरेका छन् ।

त्यस्तै तराई तथा भित्रि तराई क्षेत्रमा अवस्थित थारुहरुको उत्पत्ति बारे इतिहासकार तथा इतिहासकार शिरोमणि बाबुराम आचार्य वि.स.२०१० मा थारुको मुल घर कहाँ ? नेपाल साँस्कृतिक परिषद पत्रिकाँ वर्ष २ अंक २ को अनुसार : थारुहरु नेपालको आदिवासी हुन् । उनिहरुको उत्पत्ति नेपालमा भएको हो । (दहित २०६२) थारुको उत्पत्तिको बारेमा भन्नुपर्दा यिनिहरु राजपुतनामक मुसलमानको आक्रपण पछि नेपालमा आएका हुन् , (विष्ट ई. १९७६) पदम श्रेष्ठ (वि.स. २०५७ )

थारु र शाक्य दुबै गौतम बुद्दका नश्ल नामक शिर्षकमा नेपाल समाचार पत्रका मंसिर ३० गते प्रकाशित लेख अनुसार गौतम वुद्ध र थारु जाति मंगोलियन तराई क्षेत्रका आदिवासी हुन् । राजा अशोक सम्राट समेत थारु हुन् । (दहित २०६२)

थारुहरुलाई भारतको विभिन्न सिमानाका जिल्लाहरु गोंडा ,नैनिताल , गोरखपुर , र खिरि जिल्लाको उत्तर प्रदेशहरुमा भेटिन्छन् । यिनिहरु जनजातिय समुहमा पर्दछन् । थारुहरुले बोल्ने मुख्य भाषालाई थारु भषा भनिन्छ ।थारु भाषा पनि ठाउँ अनुसार फरक फरक रहेको पाईन्छ । पुर्वैली थारु भाषामा मैथली मिसिएको हुन्छ भने मध्यभागका थारुहरु भोजपुरी मिसाएर बोल्ने गर्दछन् । थारु भाषा पश्चिम तिर धल्किदै जाँदा थारुभाषा मिसावट मुक्त हुदै शुद्द थारु भषामा परिणत हुँदै गएको छ । यसरी थाँरुहरुले आफ्नो छुट्टै कला, धर्म , संस्कृती , भेषभुषा , पहिरन ,नाचगान , चाडपर्वले विश्वलाई चिनाउने पहिचान कायम गरेका छन् ।

समग्रमा थारु जातिमा ठाउँ अनुसार बोलीभाषा ,रितितिथि , जन्म, मृत्यु , विवाह संस्कारहरु फरक-फरक तरिकाले गरेपनि यिनिहरुको जात भने एउटै हो । यिनिहरुको संस्कारमा विविधता रहेको पाईन्छ । त्यसैले यिनिहरुको उत्पत्ती पनि अन्योल नै रहेको छ । विभिन्न लेखकहरुले थारुहरुको बारेमा आ-आफ्नै तरिकाले ब्याख्या विश्लेषण गरेका छन् । विशेष गरी पहाडिया समुदायहरुले थारुहरुलाई मंगोलियन पृष्ठ भुमि भनेर भन्छन् भने मधेसीहरु भारतिय तिर थारुहरुको इतिहासलाई मोड्ने कोसिस गरेको पाईन्छ । अन्त्यमा जसले जे भनेपनि थारु तराई तथा भित्रि तराईको मुलवासी अर्थात भुमिपुत्र हो भन्ने कुरालाई कसैले नकार्न सक्दैन । थारु नै तराई भुमिको सबभन्दा पुरानो बासिन्दा हो ।आदिम कालदेखि नेपालमा बसोबास गर्दै आएका पुराना जातिहरू मध्ये थारू एक प्रमुख जाति हो । कृषि कामलाई मूलपेशा बनाई समथर भू-भागमा बसोबास गरी जीविकोपार्जन गर्ने थारू जाति कैलाली जिल्लामा बसोबासका दृष्टिले सबभन्दा पुरानो मानिन्छ ।थारू जातिको उत्पत्ती र इतिहासबारे स्वदेशी तथा विदेशी दुवै थरीका विद्वानहरूमा बैचारिक मतऐक्यता पाइदैन । थारूहरूलाई मंगोलियन, द्रविडीयन, द्रविड मंगोल र मिश्रित जातिको रूपमा चिनाउने पृथक-पृथक विद्वानहरू छन् । अधिकांश विद्वानहरू रुपरंग र शारीरिक बनावटको आधारमा थारूलाई मंगोलियन मान्दछन् भने केही विद्वान राजस्थानको थार प्रदेशसँग सम्बन्ध देखाई थारूलाई राजपुत क्षेत्री मान्दछन् । नेपालमा थारूजातिको पहिलो थलो दाङ उपत्यका मानिएको छ । त्यस उपत्यकामा भएका दंगौरा थारूहरू बसाई सर्दै कैलालीतर्फ आएका हुन् ।

### ५.१.२ थारू जातिको उत्पत्ति

विभिन्न विद्वान्हरुले थारू जातिको उत्पत्तिको सम्बन्धमा विभिन्न तरिकाले वर्णन गरेको पाइन्छ । यसै सन्दर्भमा केही विद्वानले थारू जातिलाई राजस्थानको थारमरुभूमिबाट आएकोले थारू भनिएको हुन सक्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । भने केही विद्वान्ले थारू जातिलाई मंगोलियन द्रवीडीयन अथवा शाक्य वंशसँग जोडेका छन् हालसम्म पूर्वप्रकाशित पुस्तक पत्रपत्रिका आदिको अध्ययनबाट थारू जातिको उत्पत्ति र परिचय सम्बन्धमा विद्वान्हरुका उल्लेखित भनाईहरु यसप्रकार रहेका छन् ।

नेपालमा थारूजातिको अध्ययन गर्ने पहिलो मानवशास्त्री डोरबहादुर विष्ट हुन् । उनले आफ्ना दुइटा People of Nepal र सबै जातको फुलबारीमा नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूको Ethnographicविवरण दिने क्रममा तिनका थर र उपथरको परिचय दिने क्रममा थारूजाति सम्बन्धी खोजमूलक विवरण दिई व्याख्या गरेका छन् । उनका अनुसार, “थारूहरूको बनोटमा देखीने मंगोलियन आकृतिको प्रत्यक्ष असर हालसालको नयाँ कुरा हुन सक्दैन । किनभने पश्चिम पहाडमा खस आर्यहरू आई पुग्नुअघि मात्र मंगोलियन आकृतिका मानिससँग पश्चिम तराईमा बस्ने थारूहरूको सम्पर्क भएको हुनसक्दछ । खस आर्यहरू यस क्षेत्रमा बस्न थालेपछि कोही पनि मंगोलियन आकृतिका मानिस सुदुरपश्चिम पहाडमा देखिएका छैनन् । त्यो समयलाई पछ्याउन खोज्ने हो भने त्यसैपनि ३००० वर्षजति पछाडि फर्कनु पर्ने हुन्छ । उनी त्यसबेलादेखि थारूहरूलाई तराईमा बसिआएको मान्ने हो भने राजपुत आईमाईका सन्तान भन्ने केवल पाँचसय वर्ष अघिमात्र हुनसक्ने घटनाक्रमसँग थारूजातिको उत्पत्तिलाई गास्न मिल्दैन ।” (विष्ट, वि.सं. २०५५)

तर थारूको उत्पत्ती वा मूलको सम्बन्धमा विद्वानहरूबीच एकमत हुन सकेको देखिदैन । प्रसिद्ध समाज अन्वेषक जनकलाल शर्माले थारूहरूको उत्पत्ती, विकास र यिनीहरूको सामाजिक, साँस्कृतिक उत्पत्ती माथि प्रकाश पारेका छन् । उनी भन्दछन्, “थारूहरूमा स्वास्नी मानिसको प्रधानता भएकोले मुसलमानी आक्रमणको समयमा आत्मरक्षाका लागि पहाडी कन्दरामा लुक्न आएका चितौड वा राजपुतका राजपुतरमणीहरूले यही बसोबास गर्ने विचार गरी नोकरचाकर र स्थानिय बासिन्दासँग विवाह गरे । तिनैका सन्तती आजका थारू हुन् । रानाथरका थारूमा भात दिईसकेपछि खुट्टैले धस्काईदिने चलनले यस तर्कको पुष्टि गर्दछ ।” (शर्मा, वि.सं. २०३९)

नेपाल, यात्री (वि.सं. २०३३) का अनुसार, “थारूजातिको उत्पत्तिको बारेमा विद्वानहरूको एकमत छैन् । थारू जातिहरूले लेख्ने जातिय शब्द व्युत्पत्तिको विज्ञान ९भ्तथकययिनथ० का आधारमा उत्पत्ति भएको उल्लेख गरेको पाइन्छ । कसैले अनुश्रुतीका आधारमा भारतको थार मरुभूमि क्षेत्रका राजपुतका घरानासँग सम्बन्धित भनेका छन् । जतिबेला मुश्लिमहरूले राजपुतनाहरूलाई आक्रमण गरी सबैलाई मारे र त्यसबाट बाच्न सफल भएका राजकुमारी र राजपरिवारका अन्य सदस्य भाग्न सफल भए र तिनीहरू राजपरिवारका सदस्य, नोकरहरू जो तल्लो जातका थिए । धेरै बर्षसम्म सँगै बसे । राजकुमारीहरूले नोकरसँगै विवाह गरे र तिनीहरूबाट जन्मिएका सन्तान थारू कहलिए । थार मरुभूमिबाट आएका हुनाले यिनीहरूलाई थारू भनेर लेखकहरूले लेख्न थाले ।”

नेपालको पूर्वी भागमा बस्ने थारू जातिको साँस्कृतिक पक्ष पनि बाहिरबाट बसाई सरी आउने अन्य जाति तथा संस्कृतिको प्रभावले कमजोर हुँदै गएको पाइन्छ । थारूहरु आफूलाई तराईको

मौलिक आदिवासी जातिको रुपमा विश्वास गर्दछन् । कसैले थारू आफूलाई कपिलवस्तुको शाक्यवंशसँग सम्बन्धित रहेको सिद्धार्थ गौतम बुद्धको पुस्ता मान्दछन् ।

"पूर्वी तराईमा बसोबास गरिरहेका थारूहरुको सामाजिक साँस्कृतिक तथा अन्य पक्षहरुमा केही प्रकाश पार्ने जमर्को गरेका छन् । उनका अनुसार थारू जातिको बारेमा विभिन्न अनुसन्धान तथा खोज भए तापनि उनीहरु को थिए ? कहाँबाट कसरी आए भन्ने कुरा रहस्यमय नै छ । कति विद्वान्हरु यो जातिको पूर्खा मंगोलियन मान्दछन् भने कति यसलाई आर्य राजपुत वंशज मान्दछन् " (डा. शर्मा, वि.सं. २०४४) ।

मधुसुदन पाण्डेले (वि.सं. २०६०), "थारू जातिको उत्पत्तिको सम्बन्धमा प्रस्ट्याउदै यसरी भनेका छन् । कसैले यिनीहरूलाई सिन्धुप्रदेशको थार भन्ने ठाँउबाट नेपाल आएका हुन भने कसैले मुसलमानी आक्रमणबाट बच्न चितौढ (भारत) बाट पहाडी भू-भागतर्फ आएको जाति हो भनेका छन् । कसैले शाक्य वंशका आपसी सम्बन्ध टुट्दै गएपछि यस वंशबाट सम्बन्ध हटेर अलग्गै नामधारी समाजमा परिणत भएको समाजनै आजको थारू समाज हो भनेका छन् । त्यसैगरी कसैले भारतको थारमरूभूमिबाट यिनीहरू नेपाल आएका हुँदा थारू कहलिएका हुन भनेका छन् । कसैले थारू आदिमकाल देखि नै यहीका बासिन्दा हुन् भनेका छन् । यसरी अनुसन्धानपिच्छे फरकफरक मतहरू अघि सारेर यो जातिको मुलथलो नै विवादित हुनपुगेको छ । तापनि थारूवासी नेपालको आदिवासीनै हुन् ।"

"विभिन्न (थार मरुभूमि, थरुवा, स्नानु, टिकाउ, शीवजीको एक) थारू शब्दोत्पत्ती गाँसिन्छ । राजपुताना (राजस्थान), काराजपुत, हुण, बृज्जी, किरातसँग ठूलो संख्यामा छरिएर रहेका यी जाति खासगरी पूर्वीतराइमा यी जाति झापा, मोरङ क्षेत्र र पश्चिममा भित्री मधेशमा दागं उपत्यका, सुर्खेत, तराईमा कैलाली, कञ्चनपुर, बर्दियामा बसेका यिनको क्षेत्रलाई थारूवान वा थरुहट भन्दछन्" (पाण्डे, वि.सं. २०४२) ।

रेशराज अधिकारी (वि.सं. २०५६) का अनुसार, "नेपालका थारू जातिको उत्पत्तीको सम्बन्धमा विभिन्न प्रकारको राय पाईन्छ । केही विद्वानहरूले थारूहरूलाई शाक्यवंशसँग सम्वन्धित गरी यिनीहरूको उत्पत्ती नेपालभित्र नै भएको बताउँछन् भने राना थारूहरूले आफुलाई राजपुत भन्दछन् । भारतमा मुगलबाट राजपुत पराजित भएपछि तिनीहरूको पत्नीहरू नोकरहरूलाई लिएर नेपालको तराई प्रवेश गरे । उनीहरूका पतिहरूलाई त्यही लडाईमा मारियो । त्यसैले ती महिलाहरू नोकरहरूलाई नै पति बनाएर बस्न बाध्य भए । यिनै राजपुत महिलाहरूले नोकरबाट जन्माएका सन्तान नै थारू भए भन्ने किम्बदन्ती रहेको छ । त्यस्तै कसैले थारूहरू भारतको थारमरुभूमिबाट आएको उल्लेख गरेका छन् ।"

ज्ञानेश्वर भट्टराई (वि.सं. २०६०) का अनुसार, "थारू जाति भारतको बज्जीगन राज्य (आजको विहार, राज्यको चम्पारत, भजफरपुर र दरभंगा जिल्ला समावेश भएका) बाट विस्थापित भई नेपालको जंगलमा प्रवेश गरेका थिए । त्यस्तै गरी अर्का मत अनुसार भगवान बुद्धका पिता शुद्दोदनको दरबार भएको ठाँउ तिलौराकोटको वरिपरी घनाथारू बस्ती भएकाले शुद्दोदन पनि थारू जातिका हुनसक्ने वा थारू जाति शुद्दोदनका सन्तती हुनसक्ने अनुमान लुम्बिनीको खोज गर्ने विद्वानहरूले व्यक्त गरेका छन् ।

### ५.१.३ थारू जातिको सामाजिक, साँस्कृतिक अवस्था

थारू जातिको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाको बारेमा विभिन्न विद्वान्हरुले अध्ययन गरेको पाइन्छ । यसै सन्दर्भमा विभिन्न विद्वान्हरुका थारू जातिका सामाजिक एवम् साँस्कृतिक पक्षमा उल्लेखित भनाइहरु यस प्रकार रहेका छन् ।

**थारू जातिको थर विभाजनलाई विभिन्न समाजशास्त्रीले विभिन्न प्रकारमा वर्गीकरण गरेका छन्:**

जनकलाल शर्मा (वि.सं. २०३९) ले थारू जातिको थरलाई निम्नानुसार

| | | | |
|---|---|---|---|
| १. कठरिया | २. कनफट्टा | ३. कोचीला | ४. खरल |
| ५. खवास | ६. खस | ७. खा | ८. खुनाहा |
| ९. खौसीया | १०. गछदार | ११. चितौनीया | १२. चौधरी |
| १३. जोगी | १४. डंगरीया | १५. ताबदार | १६. थन्दार |
| १७. दनुवार | १८. दगौरा | १९. दाङबदीया | २०. परिहार |
| २१. बदिया | २२. बहन्थ | २३. बाठ | २४. बातर |
| २५. वोक्सा | २६. बोट | २७. भगत | २८. भोटगमीया |
| २९. मभ्फौरा | ३०. मर्दनिया | ३१ महन्ते | ३२. महाउतो |
| ३३. माभ्फी | ३४. मोंरगीया | ३५. रभ्फठीया | ३६. राजघरीया |
| ३७. राजहातीया | ३८. राना | ३९. राजी माभ्फी | ४०. रौतार |
| ४१ लम्पुछुवा | ४२. लालपुरीया | ४३. विश्वास | ४४. सरदार |
| ४५. सुताहा | ४६. सोलरीया | ४७. हेमजालीया | |

गरी ४७ थरमा विभाजन गरेका छन् ।

लेखनाथ चौधरी (वि.सं. २०५५) का अनुसार, "थारू जाति जनजाति भित्र पर्दछ । तराई क्षेत्रका २२ जिल्लामा थारू जातिको बसोबास रहेको पाइन्छ । हाल नेपालमा यस जातिको संख्या १७३७४७० रहेको छ । यस जातिको वर्ण-वैश्य, गोत्र, कश्यप मातृभाषा-थारू, धर्म-हिन्दु र बौद्ध, पेशा-कृषि र पशुपालन, बसोबास नेपाल र भारत हो ।"

थारू जातिका चाँडहरू विभिन्न थरीका छन् । जसमा मुख्य चाडहरू माघे संक्रान्ति, धुरहेरी, गुरही, छुटकी दशीया, साउने संक्रान्ती, हर्दवा, हरेरी, अस्टमी, बडका अतवारी, होली, दशै अष्टमी, छठ, आदि हुन् । त्यस्तै गरी थारू जातिका प्रमुख नाचमा भुम्रां नाच, बिरतैन नाच, बडका नाच, कठघोरी नाच, माधवलाला नाच, गोपी नाच, लट्ठी नाच, चोरखोलीया नाच, जातजाति नाच, भ्फद्दा नाच, बन्ना नाच, मयुर नाच, तरवार नाच, बारमासा नाच, मुङ्गहवा नाच, रामलीला नाच र कठरिया नाच छन् । (भट्टराई, वि.सं. २०६०)

टेकनाथ गौतम (वि.सं. २०४४) का अनुसार, "नेपालमा बसोबास गर्ने थारू जातिका मानिसहरू होचो कद भएका रङ्गमा गहुँगोरो, नाक केही थेप्चो, बाक्लो ओठ भएका हुन्छन् । पुरुषमा दाह्रीजुँगा पातलो हुन्छ भने कसैको हुदैन । त्यसैगरी यस जातिभित्र हालसम्मको रेकर्ड अनुसार २२१ थरउपथर रहेको पाइन्छ ।"

लेखनाथ चौधरी (वि.सं. २०५५) का अनुसार, "नेपालका थारूहरूको भेषभूषा ठाँउ अनुसार फरक-फरक छ । थारू जातिहरूले लगाउने कपडा पनि ठाँउ अनुसार फरक-फरक छ । मोरङका थारू महिलाले अचराखडकी लगाउँछन् । सुनसरी पर्सातिर खोडकी, भुलाचोली, दाङदेउखुरीतिर गुनीया, चोलीया, लेहङ्गा, कुर्था, अघरान लगाउछन् । त्यस्तै लेहङ्गा, कुर्था अचरा, अंगीया, घाँघर, आँचर

लगाउदछन् । त्यस्तैगरी थारू पुरुषहरू भोग्वा, अगुच्छा, धोती, कुर्ता, हाफप्यान्ट लगाउँछन् । थारू महिलाहरू शरीरको अंग अनुसार फरक-फरक गहना लगाउँछन् । जस्तैः-

१. कानमा - विर झिलमीलीया, लुर्का, कनवजाहा, टर्की ।

२. हातमा - अगलवाला, लेगरही, पछलावाला, तरीया, वाक, चुडीया ।

३. घाटीमा - सुतीया, थोसीमा, चन्द्रहर, टाँक, सिकी, हमेल, सिकरहवा, माला

४. गोडामा - पैटि, घुरुवा

५. निधारमा - टिकली

थारू जाति धर्ममा आस्था राख्ने गर्दछ । उनीहरू जादु टुनामुनाका साथै भुतप्रेत, तन्त्रमन्त्रमा विश्वास गर्दछन् । थारूहरूले देउसार, सभ्यमाई, चमरीया, सम्सघेरा, दहरचण्डी, वनस्पती र काएदेउको पुजा गर्दछन् । हिन्दुहरूको समीश्रणले शंकर, पार्वती, दुर्गादेवी र सत्यनारायणको पूजा गर्दछन् । उनीहरू थान पूजा पनि गर्दछन् र थारू जातिको पूजा गर्ने व्यक्तिलाई गुरुवा भन्दछन् । (शर्मा, वि.सं. २०४४:८४)

थारू जातिले मनाउने सबैभन्दा ठूलो चाडपर्वमा बड्का इतवार हो । भदौ महिनाको अन्तिम आइतबारलाई बड्का इतवार भन्दछन् । त्यसदिन उनीहरूले दशैपर्वमा जस्तैः- देवीदेवताको पूजा गर्दछन् । उनीहरूले यस पर्वमा राम्रा-राम्रा लुगा लगाएर, मिठोमिठो खाना खाएर मनाउँदछन् । यसको अतिरिक्त माघे स्रक्रान्ति आफ्नै ढंगले मनाउँदछन् । दशै, तिहार, कृष्ण जन्माष्टमी र अन्य चाडपर्व पनि मनाउँदछन् । (सुचना विभाग, वि.सं. २०३१)

मगनी भएका र विवाहित थरुनीहरू हात, गोडा र छातीमा गोदना बनाउने चलन छ । यिनीहरूमा आफ्नै जातिय परम्परा भएको पाइन्छ । गर्भवती, नछुने, सुत्केरी भएकी एवं विधवा आईमाईले धार्मिक कार्य मात्र गर्दैनन् । तर अन्य घरायसी कार्यहरू गर्दछन् । छुवाछुतको मान्यता छैन । यिनीहरूका गरगहनामा नाकमा बुलाकी, नत्थी, गलामा मोहरमाला, सुतीया चुऱ्या (चुरा) मुन्द्री, लखौना आदि लगाउने गर्दछन् । तर आजकल हाम्रो जस्तै पर्वतीयहरूको गहनाहरू लगाउने गर्दछन् । (विष्ट, सन् १९८६)

थारू जातिभित्र खानपिनमा विभिन्न किसीमका परिकार बनाउने प्रचलन रहेको छ । जसमा माड, जाँड, रक्सी, मेथौरी, ठेसौरा, ढिकी, अम्चुर, सीद्रा, लेछरा, कसार, झुक्का, फुडकी, घोगी, गङटा, सीन्की, माछा, खिचडी, फुलौरी आदि हुन्छ । (घिमिरे, वि.सं. २०४४)

पश्चिम तराईका क्षेत्र दाङ, कैलाली जिल्लामा जुनघरमा छोरी दिइन्छ । त्यही घरबाट बुहारी भित्र्याई साटो विवाह गर्दछन् । (गौतम, वि.सं. २०४४)

थारू जातिको विवाह संस्कारको बारेमा रामकुमार पाण्डे भन्दछन्, "थारू जातिको विवाहमा कन्यादान अघि एक कचौरा विष दिने चलन छ । केही गरी शत्रुको हातमा परेमा आत्महत्या गर्न विष दिई दुलहीलाई डोली वा खटौलीलाई राम्रोसँग सिंगारेर त्यसमा चढाई बिदा गरीन्छ । माइतीले दुलहीको साथमा एउटा बत्ती र विषको प्याला दिएको हुन्छ । यिनीहरूको आफ्नै किसिमको विवाह संस्कार रहेको देखिन्छ । (पाण्डे, वि.सं. २०४२)

द्रोणप्रसाद रजौरे (सन् १९८१) का अनुसार, "थारू समुदायमा पनि स्थानिय परम्परा नेपाली कानुन अनुरूप निर्माण भएका छन् । उनीहरूका पनि आफ्नै सामाजिक तथा धार्मिक अगुवाहरू हुन्छन् । यी अगुवाहरू आदिवासी तवरबाट छानिएका छन् । जसलाई भलमन्सा वा दंगौरामा महतौ भनिन्छ ।

थारूहरूको सामाजिक स्थितीको बारेमा जनकलाल शर्मा भन्दछन्, "प्रायः थारूहरूको विवाह सानै उमेरमा हुन्छ । ८/९ वर्षको केटाको लागि १५/१६ वर्षकी केटी खोजेर विवाह गरिन्छ । थारूहरू मृत्यु संस्कारलाई जीवनचक्रको एक प्रमुख घटनामध्ये एक मान्दछन् । पूर्वका थारूहरू मृतकलाई नदीकिनारमा दाहसंस्कार गर्दछन् । सुदुरपश्चिमका थारूहरू लोग्ने मानिसलाई घोप्टो पारि गाड्दछन् भने स्वास्नी मानिसलाई उत्तानो पारि गाड्दछन् । पुरोहित आफ्नो वर्गको बाहेक ब्राह्मण पनि लगाउने गर्दछन् । यसरी ब्राह्मण वा पुरोहित लगाउने थारूहरू मृत्यु भएको १३ औ दिनमा अन्य हिन्दुहरूले झै काजकिया गर्दछन् ।

थारू जातिको भाषाको सम्वन्धमा मेदीनीप्रसाद धिताल (वि.सं. २०४४) का अनुसार, "थारू जातिमा सवै स्थानको भाषा एकै किसिमको पाइदैन् । पश्चिमका थारूमा अवधिभाषा, मध्ये भागका थारूमा भोजपुरी र पुर्वी भागका थारूमा मैथली भाषाको प्रभाव रहेको छ ।

### ५.१.४ थारू जातिको आर्थिक अवस्था

थारू समुदायको बारेमा लेखिएको विविध लेख तथा पुस्तक आदि उपलब्ध अध्ययन सामग्रीको आधारमा थारू जातिको आर्थिक अवस्थासम्बन्धी विभिन्न विद्वान्का भनाईहरु यसप्रकार रहेका छन् ।

ज्ञानेश्वर भट्टराई (२०६०) का अनुसार, "थारू जातिको मुख्य पेशा कृषि हो तापनि यी जातिहरू कृषि लगायत पशुपालन, माछा मार्ने, माटाका भाँडा बनाउने, घर बनाउने, गुन्द्री पासो आदि बनाउनका साथै केही मात्रामा नोकरी, व्यापार, मजदुरीलाई आर्थिक आधारमा अपनाएको पाइन्छ ।

थारू जाति राजनीति क्षेत्र, सरकारी सेवा र शिक्षातर्फ पनि अग्रसर भएको पाइन्छ । राजनैतिक क्षेत्रलाई हेर्ने हो भने हालसम्म सांसद तथा मन्त्री भएका थारूहरूको संख्या ५५ पुगिसकेको छ । त्यस्तै गरी निजामती सेवातर्फ राजपत्राङ्कित तहमा कार्यरत थारू संख्या धेरै पुगिसकेको छ । ( अन्तराष्ट्रिय मञ्च, वि.सं. २०६०)

थारूहरूको आर्थिक स्थिति कृषिमा आधारित छ । आफ्नो आवश्यकता पुरा गर्न कृषि उपजलाई बेच्ने तथा साट्ने गर्दछन् । कृषि र त्यसमा आधारित पशुपालन नै थारू जातिको जिविकोपार्जनको मुख्य स्रोत हो । थारू परिवारका सम्पुर्ण सदस्यहरु बाहिर गएर काम गर्न भन्दा घरमा नै कृषि कार्यमा संलग्न भएका हुन्छन् भने द्रोणप्रसाद रजौरे (सन् १९७७) ले थारू जातिको आर्थिक स्थितिको बारेमा जानकारी दिएका छन् । उनका अनुसार प्रारम्भिक दिनहरुमा थारूहरू नगदको अभावले आफ्नै नाममा नापी भूमि लिनको लागि त्यति इच्छुक थिएनन् ।

उनीहरु खाली भूमिमा खेती गर्न रुचाउँथे किन कि त्यस्ता जग्गाहरुको सिमित अवधिको लागि राजश्व तिर्नु पर्दैनथ्यो । त्यहाँबाट फेरि उनीहरु सो जग्गा सुपथ मूल्यमा बिक्री गरी नेपालको पश्चिम क्षेत्र बर्दिया, कैलालीतिर जुन जग्गामा राजस्व तिर्नु पर्दैनथ्यो, नयाँ जग्गामा खेती गर्नका लागि जान्थे । थारूहरूको आर्थिक स्थितिको बारेमा डा. मेदीनीप्रसाद शर्मा (वि.सं. २०४४:७६) भन्दछन्, "थारूहरू सिकर्मीको काम आफै गर्दछन् । तेल पनि आफै बनाउँदछन् । खेती नै थारूहरूको एक मात्र व्यवसाय हो । खेतीको काममा थारू जातिको जति परिश्रमी अरु कमै हुन्छन् । एउटा हलोको लागि उनीहरू ३ जोडा गोरु राख्दछन् । थारूहरू माछा मार्न ज्यादै मन पराउँदछन् । थारूहरू प्रायः घरमा बसेको समयमा त्यसै निष्कृय भई बस्दैनन् । उनीहरू केहीनकेही काम गरिरहेकै हुन्छन् । थारूहरूले बर्खेवाली र हिउँदेबाली लगाउँदछन् । बर्खेवालीमा धान र सनपाटको खेती गर्दछन् भने हिउदे बालीमा चना,

मसुरो, केराउ, गँहु लगाउँदछन् । थारूहरूले भर्खर-भर्खर आधुनिक तरिकाबाट खेती गर्न थालेको देखिन्छ । थारूहरूको आर्थिक अवस्था अधिकांश रूपमा दयनिय नै देखिन्छ । पाहुनाको सत्कारमा बढीखर्च, जाँडरक्सीको प्रयोग, पुरानै ढंगमा खेती गर्ने प्रणाली, खेती मात्र एक मुख्य पेशा आदिको कारणले थारूजातिको आर्थिक अवस्थामा सुधार भएको देखिदैन ।

### ५.२ थारु आन्दोलन

थारुहरु नेपाल तराई भुमिका मुलवासी अर्थात धर्तिपुत्र पुर्व झापा देखि पश्चिम कञ्चनपुर सम्मका २२ जिल्ला लगायत थारु ऐतिहासिकता बोकेका उदयपुर उपत्यका, सिन्धुलीको कमला खोँच, चितवन, सुर्खेत र दाङ्ग उपत्यकाका विभिन्न जिल्लाहरुमा सदियो देखि मुलवासीको रुपमा बस्दै आईरहेका छन् । थारुहरु औलो रोगको महामारी सँग लड्दै तराईको समथर भुभागलाई वस्ती  योग्य र खेति योग्य बनाए(दहित, २०६३) । नेपालमा २०३२ सालमा औँलो उन्मुलन भयो । त्यस पछि पहाडबाट बाहुन, क्षेत्रि, लगायतका तमाम जातिहरु क्रमशः तराईतिर बसाइसराई भए । तराईमा आइसकेपछि विभिन्न बहानामा ती सोझा अनपढ थारुहरुको जग्गा लिइ भुमिविहिन कमैया बनाए । सोझा र अनपढ थारुहरु आफ्नो जग्गाको मुल्य नबुझी र मालपोत बुझाउन नसक्ने भएपछि भुमिविहिन हुन पुगे । किनकि जब नेपालमा नयाँ मुलुकी एन वि.स. १९९० मा लागु भयो । नेपाल सरकारले पहाडी भेगका मानिसहरुलाई तराई तिर बासोबास गराउने भुमिका खेल्यो र वि.स.२०२१ सालमा जब भुमिसुधारको नाममा जमिनको हदबन्दि कायम गऱ्यो र सुनियोजित ढङ्गले थारु जमिन्दारबाट जमिन हड्पेर सुकुम्वासीको नाममा जग्गा वितरण गरियो । पहाडबाट पुनर्वास योजनाको माध्यमले थारुहरुको बस्तिहरुमा समुहगत बाहुन, क्षेत्री, ठकुरी आदिलाई स्थानान्तरण गराएर अल्पसंख्या बनाउन सुरु गरे । र भारतको विहारबाट बाढी पिडितको नाममा दोस्रो समुहगत बस्ति समेट प्रोत्साहित गरियो । थारुहरुको पुरानो वस्ति गाउँ ब्लकको नाममा नापी भए पश्चात उनिहरु झन् समस्या भोग्न बाध्य भए । जातिय विभेदको लामो श्रृंखला पार गर्दै थारु आफ्नो जल, जंगल, जमिन उपरको अधिकार गुमाए(चौधरी, २०६६) ।

यसरी सदियो देखि विभिन्न शोषण, उत्पीडन र दुःखहरु भाग्दै आइरहेका थारुहरु आफ्नो मुक्तिको लागि विभिन्न किसिमका ऐतिहासिक आन्दोलनहरु गर्दै आएका इतिहास भेटाउन सकिन्छ । थारु आनदोलनको इतिहास हेर्दा, वर्दिया जिल्लाको भौंराटप्पाको बेलुवामा वि.सं. २००८ सालमा बैशाख १५ गते किसान विद्रोह भएको थियो । जसमा कोइली देवि थारु लगायत ६ जना थारुहरुले सहादत पाएका थिए र १७ जना गम्भीर घाइटे भएका थिए ( दहित, गोपल,२०६३) । यसै गरि दङ्गामा गुमरा चौधरी को अगुवाइमा “जग्गा कसको जोत्नेको घर कसको पोत्नेको “भन्ने मुल नाराका साथ २०१६ साल माघ १७ गते देखि सुरु गरिएको थियो । तर अगुवा गुमरा चौधरी २०१७ साल साउन ६ गते राज्य पक्षको गोली लागेर शहिद भए, पछि आन्दोलनले गति लिन सकेन । यस्ता आफ्नो अधिकारको लागि विद्रोहका आवाज नउठेका भने पक्कै होइनन् तर निरन्तरता र ब्यापकता लिन सकेन ।

थारु आन्दोलन थारुहरुको पहिचान, अधिकार र स्वतन्त्रताको लागि गरिएको आन्दोलन हो । भु-भागको दृष्तिकाणले हेर्दा समथर र तराई भुमिलाई थरुहट भुमिलाई थारुहट भन्न सकिन्छ । थारु

आन्दोलनको दृष्टिकोणले हेर्दा नेपालको तराई क्षेत्रमा बासोबास गरेका मानिसहरु जो उत्पिडनमा परिएका छन् । सदियौं देखि शोषित पिडित र विभेदमा पारिएका छन्,यिनिहरु पहिचान र अधिकारको लागि थालिएको आन्दोलन नै थारु आन्दोलन हो ( चौधरी , बीरबल, २०६६) ।

थारुहरुको उत्थान गर्ने एकल उदेश्यले वि. सं. २००५ सालमा स्थापित थारु कल्याणकारिणि सभा लगायत थारु नामबाट कार्य गरिरहेका विभिन्न संस्था समुहले पनि थारुहरुको वास्तविक मुक्तिमा खासै टेवा पऱ्याउन सकिरहेको छैन । एक्काइसौँ शताब्दि र नेपालमा लोकतन्त्र आइसकेपनि थारुहरुले वास्तवमा लोकतन्त्रको अनुभुति सम्म पनि गर्न नसकेको थारु समुदायको गुनासो रहेको छ । थारु माथिको दमनकारि काला रातहरु अझ सक्रिय देखिन्छन् । यिनिहरु घर देखि कार्यालय, गाँउ देखि शहर र स्थानिय देखि केन्द्रिय तह सम्म सवाल रहेका छन् । यस्तो दमनकारी प्रवृति विरुद्व थारुहरु आफ्नो नेतृत्वमा सशक्त विद्रोह जबसम्म गर्न सक्दैनन् तब सम्म थारुजातिको वास्तविक मुक्ति असम्भव छ । लोकतन्त्र वा गणतन्त्रको दुहाई दिदैमा सबै नेपालिको घरआँगनमा वास्तविक लोकतन्त्र आउन सक्दैन ( दहित , गोपाल (२०६३) ।

नेपालमा विगत २४० वर्षको लामो समय देखि एक छत्र शासन गर्दै आइरहहेको राजतन्त्रमा थारु समुदायको हितमा नदेखिएकोले बेलाबखत अधिकारको लागि आन्दोलनहरु हुने गरेका छन् । झण्डै दुई दशक लामो जातिय तथा क्षेत्रिय मोर्चाहरुको संघर्ष १० वर्षे जनयुद्ध, मकै पर्व १९९७, २००७ सालमा प्रजातन्त्र स्थापना, लगत्तै २०१७ देखि २०४६ सम्म र त्यसपछि २०६२/६३ को १९ दिने संयुक्त जनसंघर्षमा सहभागि भई ऐतिहासिक रुपमा अहम भुमिका निर्वाह गरेको पाईन्छ । जनआन्दोलन २०६३ लाई टकेर २०६४ चैत्र २८ गते संविधानसभाको निर्वाचान पश्चात देशमा संघियताको वहस सुरु भयो । राज्यको पुनः संरचना गरि राज्यबाट हेपिएका, पिल्सिएका, पिडित जातजातिलाई अधिकार सम्पन्न बनाउने विषय जवरजस्तरुपमा उठेको थियो । आत्मनिर्णयको अधिकार, स्वयत्तता, आरक्षण जस्ता विषयहरु वहस भएका थिए । जातिय राज्य कि भाषिक तथा भौगोलिक राज्य बन्ने बहस पनि भए । जातियताले देश बिखण्डन गर्ने, आशंका गरे । जनजातिहरुले आरोप लगाएको पाईन्छ । जसले गर्दा मधेसी शामन्तहरुको आडमा २०६५ माघ २५ गते थारुहरु लगायत तराइका अन्य २१ आदिवासी,जनजाति तथा दलितहरुको स्वतन्त्र पहिचान नष्ट हुनेगरी मधेसिको सुचिमा ९२ जनजातिलाई सुचिकृत गरी ठुलो घाट गऱ्यो । तत्पश्चात थारुहरुको ऐतिहासिक आन्दोलन २०६५ को सुरुवाट भयो ( चौधरी , मिनराज (२०६६) ।

थरुहट आन्दोलनको सुरुवात २०६५ फाल्गुन १६ गतेका दिन थरुहट संघर्ष समितिको पत्रकार सम्मेलन भयो र फाल्गुन १८ गते साझा थरुहट तराईको सम्पुर्ण जिल्ला र काठामाडौं उपत्यकामा गरिएको भब्य मसाल जुलुसले ताप र राप दिएपछि फाल्गुन १९ देखि निरन्तर चैत्र १ गते सम्म थारुहरु तातिरहे,आम बन्द हडताल सशक्त रुपमा सफल रह्यो । थारु कल्याणकारिणी सभाले यस आन्दोलनमा नैतिक समर्थन जनायो भने विभिन्न राजनितिक दल, जातिय संगठन, विद्यार्थि, पेशाकर्ता आदिले सहकार्य तथा ऐकेबद्वता जनाए । यस आन्दोलनले ५ ओटा मुद्दालाई अगाडि सारेको थियो । ति हुन् :

- सार्वजनिक सेवालाई समावेसी बनाउने नाममा जारी गरिएको अध्यादेश र यसै सँग जोडिएको ९२ जातजातिलाई मधेसिकरण गर्ने सुचिलाई खारेज गरि थारुहरुलाई थरुहट तराईका मुल

आदिवासिको रुपमा स्थापित गर्ने र थारुहरुको लागि सबै खाले सार्वजनिक सेवामा उनिहरुको जातिय जनसंख्याको अनुपातमा स्वतन्त्र पहिचान सहित अलग्गै नियुक्तिको कानुनी व्यवस्था गर्ने ।

- यसैगरी मुस्लिम,तराईका अन्य आदिवासि जनजातिहरुको पनि स्वतन्त्र पहिचान सहित अलग अलग सार्वजनिक सेवामा प्रवेशको कानुनि ब्यवस्था गर्ने ।
- अर्को महत्वपुर्ण मुद्दामा राज्यको हरेक अंग र क्षेत्रको सबै तहमा जातिय र जनसंख्याको आधारमा पुर्ण समानुपातिक प्रतिनिधित्वको संवैधानिक सुनिश्चितता गराउन ।
- चौथो आन्तरिम संविधान को धारा ६३ मा रहेको मधेसलाई खारेज गरी सोको ठाउँमा थरुहट तराई स्थापित गराउन ।
- अन्तिम तर महत्वपुर्ण मुद्दामा स्वतन्त्र विद्यार्थी युनियनको चुनाव पुर्ण समानुपातिक रुपले गराउनु पर्ने (दहित ,गोपाल (२०६६) पृ.३ ।

यस आन्दोलनले पहिलो पटक थारुहरुको नेतृत्वमा थारुहरुको अधिकारको लागि ऐतिहासिक रुपमा सफल पारे । थारु हरुका ऐतिहासिक बस्ति रहेको २४ जिल्लामा आम जनसमुदायको ब्यापक समर्थनका कारण आमहड्ताल बन्द पुर्ण रुपमा सफल भएको थियो । यस आन्दोलनमा चार जना शहिद भएका थिए । अमर शहिद कमल चौधरी, विपीन चौधरी, प्रकाश चौधरी र रामप्रसाद चौधरी बिस शहिदका हिमायति हुन् । सयौं आन्दोलनकारी घाइते भएका थिए । करोडौ धनजनको क्षति भएको थियो । यसर्थ नयाँ संविधानमा आफ्नो पहिचान र अधिकार स्थापित नभएसम्म आन्दोलनको उत्कर्षणले निरन्तरता पाईराख्नु पर्छ भन्ने जनआवाज रहेको थियो ।

थारुहरु तराईको मुल आदिवासी हुन् भन्ने यथार्थता अन्ततः नेपाल सरकारले स्वीकाऱ्यो । थरुहट संयुक्त संघर्ष समिति र नेपाल सरकार बिच २०६५ चैत्र १ गते भएको ६ बुँदे सहमति पत्रमा अर्को कुरा पनि उजागर भयो । यो हो, नेपालको तराई भुभागमा आदिवासि थारुहरु आदिम काल देखि नै निरन्तर रहेका छन्.। लाखौं वर्षको इतिहास र वलिदानी दिएको थारुहरुको पहिचान र आत्मसम्मान यसै गरी आदिवासि अधिकार र नागरिक को अधिकारको संवैधानिक र कानुनि ब्यवस्था गर्न नेपाल सरकारले मन्जुरी जनाएको थियो। साथै थारुहरुको पहिचानलाइ आफ्नेल पार्ने खालका त्रुटि र कमजोरीहरु रहेका आन्तरिक संविधान गर्न सहमति जनाएको थियो (दहित ,गोपाल (२०६६) । १३ दिनको पहिलो आन्दोलन र १२ दिन पछिल्लो थारु आन्दोलनले देश विदेशका सत्ताधारीहरु र नागरिकहरुलाई धेरै पाठ सिकायो (चौधरी , देवनरायण (२०६६) । थरुहट संयुक्त संघर्ष समिती र नेपाल सरकार बिच २०६६ चैत्र २ गते गरिएको ६ बुँदे र २०६९ जेष्ठ १० गते १० बुँदे सहमति गरेको थियो । तर द्विपक्षिय विच भएको सम्झौता अझै सम्म कार्यान्वयन हुन सकेको छैन । यस मुलुकको बहुसंख्यक पिछडिएका जनजाति, दलित, मुस्लिम, मधेसि, महिला, अल्पसंख्यक पिछडावर्गका जाति र समुदायलाई राज्यको मुलधारमा लैजाने ब्यवस्था सहित संविधान बन्ने निश्चित भए पछि वि.स. २०६९ जेष्ठ १४ गते मध्यरातमा सुनियोजित रुपले नाटकिय ढङ्गबाट एनेकपा माओवादी सरकारको प्रधानमन्त्रि डा. बाबुराम भट्टराईले नेपाली जनताका आशा र चाहना विपरित संविधान सभा विघटन भएको घोषणा गरे । समग्रमा नेपाली जनता र विशेषगरी थारु आदिवासि, जनजाति, दलित, मुस्लिम र पिछडिएका वर्गको लागि सबै भन्दा दुःखद् घटना भयो । एक वर्ष पछि संविधान

सभा विघटन पश्चात अध्यक्ष खिलराज रेग्मी नेतृत्वको कर्मचारी तन्त्र सरकारले वि.स. २०७० मंसिर ४ गतेका दिन दोस्रो ऐतिहासिक संविधान सभाको निर्वाचन सम्मन्न भयो । त्यस पछि आफ्नो हक अधिकार अवको बन्ने संविधानमा सुनिश्चित हुन्छ भनि फेरी ओइलाइरहेको आशा मौलाएको जस्तो देखिन्थ्यो । तर जब फेरी विभिन्न राजनैतिक दलहरुले आपसी मतभेदहरु बढ्न थाल्यो । जसले गर्दा आदिवासी, जनजाति, मधेसी, दलित, मुश्लिम, लगाएतका महिला तथा पिछडिएका वर्गहरुको पक्षमा कानुन नबन्ने जस्तो देखा पर्न थाल्यो । आफ्नो पहिचान र अधिकार शुनिस्चित गराउने हिसावले फेरि पनि यी वर्गहरु संगठित भएर आन्दोलन गर्ने तयारी गरे ।

दोस्रो संविधान सभाबाट संविधान बनाउने क्रममा प्रमुख दल कांग्रेस , एमाले  र माओवादीले आफू अनुकुल पहिले ६ र लगत्तै ७ प्रदेशको प्रस्ताव ल्याएपछि मुलुकमा विभिन्न जिल्लामा सीमाङ्कनकोविरोधमा प्रदर्शन हुन थाल्यो । तराई मधेश पनि त्यसबाट अलग रहन सकेन । थरुहट प्रदेशको माग गर्दै यस क्षेत्रका थारु समुदाय पनि आन्दोलित भए । सुदुर पश्चिमलाई एक प्रदेश कयम गराउनु पर्ने माग गर्दै आएका अखण्ड पक्षधर र कैलाली , कञ्चनपुर सहितको  थरुहट प्रदेश माग गर्दै आएका थरुहट आन्दोलनकारी बीच विवाद बढ्दै गएको थियो ।

थारुहट /थारुवान संयुक्त संघर्ष समितिको नाम बाट आन्दोलन शुरु भएकोले २०७२ साउन २७ बाट विभिन्न जिल्लामा  आमसभाका कार्यक्रम सहित आन्दोलनको सूची सार्वजनिक गर्‍यो । तर प्रमुख दलले माग सम्बोधन गरेनन् । पहिले ६ प्रदेशको खाका ल्याएका दलले माग सुर्खेत , कालिकोट, जुम्ला लगायतका जिल्लामा सामान्य आन्दोलन हुादा उनीहरुको माग सम्बोधन गरिदिए । तराईका थारुले गर्दै आएको आन्दोलनको बेवास्ता गर्दै पेलेरै ७ वटा प्रदेशको प्रस्ताव संविधानसभामा पेश गरेपछि बषौंदेखिको उत्पीडनमा परेका अदिबासी थारु समुदायले फेरि पनि राज्यले आफुलाई हेपेको मशसुस गरे । र अन्तिम संघर्ष गर्ने भन्दै दशौं हजार उठे । थारु हरुले साउन ३२ गते धनगढीमा सभा गर्ने बेला त्यस सभामा सहभागीहुन जाने क्रममा थरुहट कार्यकर्तालाई अखण्ड सुदुरपश्चिम पक्षधरले अवरोध गरे । त्यसपछि दुवै पक्ष आमने सामने उभिए ।

२०७२ भदौ ३ गते  संविधान सभाबाट नेपालको संविधान २०७२ को मस्यौदा पारित गरियो । लगत्तै भदौ ४ गते अखण्ड सु. प. पक्षधरले खुशियालीममा धनगढी देखि टीकापुरसम्ममोटरसाईकल र्‍याली गरे । थरुहट आन्दोलनकारीको माग र भावना को वेवास्ता गर्दै ल्याएको संविधानले थरुहट पक्षधरमा व्यापक असन्तुष्टि थियो । एकातिर संविधानमा आफ्ना मागमुद्धा नसमेटिएको असन्तुष्टि अर्कोतिर साउन ३२ गते अखण्ड पक्षधरले गरेको अवरोधको रिसले भदौ ४ गते दुर्गौली तोरैयापुरमा अखण्ड पक्षधरलाई रोक्ने प्रयास गरेपछि दुवै पक्षबिच झडप भइ कुटाकुट समेत भयो। त्यही रातदेखि टीकापुरमा रहेको थाकासको कार्यालय तथा छात्रवासमा अखण्ड पक्षधरले तोडफोड गरे । त्यही रातदेखि स्थानिय प्रशासनले लगातार चारदिन सम्मा कर्फ्यू र निषेधाज्ञा जारी गरेपछि थरुहट पक्षधरले आन्दोलनको कार्यक्रम गर्न सकिरहेको थिएनन् ।

एकातिर पेलेर संविधान जारी गरिनु ,अर्कोतिर थरुहट पक्षले सोको विरोधमा शान्तिपुर्ण आन्दोलन पनि गर्न नपाउनुले निषेधाज्ञा तोडेर टीकापुर नगरपालिकाको कार्यालयमा थरुहट स्वयत्त प्रदेश  लेखिएको साईन बोर्ड लगाउने र नगरपालिका परिसर भित्र कोणसभागर्ने योजना बनाए । सोहि उद्देश्यका साथ भदौ ७ गते प्रदर्शनकारीहरु टीकापुरको उत्तर , दक्षिण र पश्चिम बाट आउादै थिए ।

पश्चिम बाट आउने प्रदर्शनकारी र प्रहरी बीच पशुहाट बजारनिर दिउासो १ बजेतिर झडप हुादा ७ प्रहरी र एक नबालको ज्यान जाने गरी दुःखद घट्ना घट्यो , सर्वहारी , चौधरी (२०७३) , थरुहट आन्दोलन : टीकापुर कथा ।

थरुहट आन्दोलन जातिय आन्दोलन होइन । थरुहट आन्दोलन कुनै जाति , वर्ग , लिंग , क्षेत्र , समुदाय विरुद्ध होइन , राष्ट्रिय र अन्तराष्ट्रिय कुनै देश को विरुद्ध पनि होईन , थरुहट आन्दोलन आत्मासम्मानको लागि हो , पहिचानको लागि हो । सदियों देखिको शोषण ,दमन , उत्पीडन , अन्याय , अत्याचार बाट पिल्सिदै राज्यको मूलधारबाट वहिष्करणमा पारिएका जाति , वर्ग , लिंग , क्षेत्र , समुदायको अधिकारलाई संविधानमा संवोधन गराउनको लागि हो । मुलुकमा भएको सबैखाले अन्तरविरोधहरुको सामूल अन्त्य गर्दै समतामूलक समानुपातिक समावेशी सम्मुन्नत एवम् समृद्ध नेपाल बनाउनाका लागि थरुहटको लडाई राज्यसत्ता र शासकहरुसँग हो । त्यसैले सबै जातिहरुको जातिय पहिचान स्वीकार्दै ुबै राष्ट्रियताहरुको जो सदियों देखि राज्यको मूलप्रवाहबाट पाखा लगाई बहिष्करणमा पारिएका सबै जाा ,वर्ग , लिंग , क्षेत्र र समुदायको राष्ट्रिय मूक्तिका लागि उठाएको आन्दोलन भएकोले थरुहट आन्दोलन राष्ट्रिय मूक्तिको आन्दोलन हो (चौधरी, मिनरराज, २०७३, पृ.४६) ।

**५.२.१ थारु आन्दोलनका राजनैतिक मागहरुः–**

**१. संघियता** : पूर्व झापा देखि पश्चिम कञ्चनपुर, उत्तर चुरे महाभारत सिवालिक सहित दक्षिण भारतको सीमा सम्मको भूभागमा बढीमा तीनवटा प्रदेश निर्माण हुनुपर्ने ।

क) चितवन उपत्यका , नवलपरासी , रुपन्देही , कपिलवस्तु दाङ देउखुरी , बाँके , बर्दिया, सुर्खेत, उपत्यका , कैलाली र कञ्चनपुर सम्म थरुहट स्वायत्त पहिलो प्रदेश निर्माण हुनुपर्ने ।

ख) मकवानपुर बारा , पर्सा , रौतहट , महोत्तरी , सर्लाही , धनुषा सम्म , दोस्रो प्रदेश निर्माण गरिनु पर्ने ।

ग) सिराहा , सप्तरी , उदयपुर त्रियुगा उपत्यका , सुनसरी , मोरङ र झापा सम्म तेस्रो प्रदेश निर्माण गरिनुपर्ने,

**वा**

राज्यपुनर संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्य पुनरसंरचना उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदनलाई आधार मान्दै तराईमा तपसिल अनुसारको सीमांकन सहितको दुई प्रदेश निर्माण हुनुपर्ने ।

क) पश्चिम कञ्चनपुर कैलाली , सुर्खेत उपत्यका बर्दिया , बाँके , दाङ , कपिलवस्तु , रुपन्देही , नवलपरासी र चितवन सम्म थरुहट थारुवान स्वायत्त प्रदेश ।

ख) मकवानपुर , पर्सा देखि झापासम्म को अर्को प्रदेश बनाइयोस , प्रदेशहरु आत्मनिर्णयको अधिकार ,स्वायत्त र स्वशासित हुनुपर्दछ । साथै आदिवासीहरुका लागी सघनता अनुरुप अधिकार सहित विशेष क्षेत्र , संरक्षित क्षेत्र र विशेष ईलाका समेत हुनुपर्दछ ।

२) **समानुपातिक समावेशी प्रतिनिधित्व र रोजगारी** : राज्यको हरेक अंग , निकायको प्रत्येक तहहरुमा संघीय र प्रदेशको जातीय जनसंख्याको अनुपातमा पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्व र रोजगारीको व्यवस्था गरियोस । यसैगरी संघीय र प्रदेशको सर्वोच्च अदालत उच्च अदालत र जिल्ला अदालतका न्यायधीशहरु नियुक्ति जातिय जनसंख्याको  समानुपातिक समावेशीको आधार गर्ने व्यवस्था हुनुपर्ने ।

३) **आयोगहरु** : थारु आयोग , आदिवासी जनजाती आयोग , मधेशी आयोगको काम , कर्तव्य र अधिकार सम्पन्न संवैधानिक रुपमा व्यवस्था हुनुपर्ने ।

४) **भाषा** : संघीय र प्रदेशमा सरकारी कामकाज को लागी बहुभाषिक व्यवस्था हुनुपर्ने , साथै नेपालमााबोलिने सवै मातृभाषामा सूचनाको हकको व्यवस्था हुनुपर्ने ।

५) **निर्वाचन प्रणाली** : संघीय व्यवस्थापिका सांसदको प्रतिनिधिसभा , राष्ट्रियसभा र प्रदेशसभामा जातियजनसङ्ख्याको अनुपातमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था हुनुपर्ने ।

**वा**

मिश्रित निर्वाचन प्रणली अन्तर्गत संघीय व्यवस्थापिका सांसदको प्रतिनिधिको पहिलो हुने निर्वाचनको लागि समान जनसंख्याको अनुपातमा समानुपातिक निर्वाचन प्रणलीको अधारमा निर्वाचन हुनुपर्दछ । राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट जातीय जनसंख्याको अनुपातमा निर्वाचित सदस्य संख्या निर्धारण हुनुप्रर्दछ । दुई वा दुईभन्दा बढी राजनीतिक दलहरुले एउटा चुनाव चिन्ह लिएरचुनावमा भाग लिन पाउने संवैधानिक व्यवस्था हुनुपर्दछ ।

६) **प्रथाजनित कानुन र संगठन** : थारु सहित आदिवासी जनजातीहरुको प्रथाजनित कानुनलाई कानुनीमान्यता दिनुप्रर्ने र पम्परागत संगठन  ( जस्तैः बरघर , महटौंवा , महटवा , ककन्दार ) कोप्रमुखलाई स्थानिय निकाय - गाउँपालिका र नगरपालिका ) को समिति र सभामा पदेन सदस्य हने व्यवस्था हुनु पर्ने ।

७) **शिक्षा** : मुक्तकमैया , कम्लहरी ,थारु अधेरुवा , लगायत थारु विद्यार्थीहरुलाई सबै संकायमा उच्च शिक्षासम्म अध्ययन गर्न भर्ना तथा छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था हुनु पर्ने । शिक्षा

मन्त्रालयबाट चिकित्सा क्षेत्रमा वितरण गरिने तथा मित्र राष्ट्रहरुबाट प्राप्त हुने सबै प्रकारका छात्रवृत्ति र अवसरहरुमा आदिवासी थारु विद्यार्थीहरुको लागी १० प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने ।

८) **अन्तराष्ट्रिय संन्धी सम्झौता** : अ-आˆ नो ऐतिहासिक थातथलोमा थारु लगायत आदिवासी जनजातिहरुलाई जल , जंगत , जमिन लगायत , सम्पूर्ण प्राकृतिक श्रोतसाधन र आˆ नो आदिवासी ज्ञानमा अग्राधिकारको संवैधानिक व्यवस्था हुनुपर्ने । अन्तराष्ट्रिय श्रम संगठन महासन्धी १६९ ,आदिवासीहरुको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र र सी . वी.डी कन्भेन्सन १९९२को व्यवस्था संविधानको अलग भागमा गरिनुपर्ने ।

९) **सम्झौता** : संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा र नेपाल सरकार एवम सात राजनीतिक दल बीच मिति २०६४ फागुन १८ गते भएको पाँच बुदे सम्झौता , थरुहट संयुक्त संघर्ष समिति थारु कल्याणकारिणी सभा र नेपाल सरकार बीच मिति २०६५ चैत्र १ गते भएको ६ बुँदे सम्झौता र थारु संयुक्त संघर्ष समिति र नेपाल सरकार बीच मिति २०६९ जेष्ठ १० गते भएको दश बुँदे सम्झौतालाई कार्यान्वयन हुनुपर्ने ।

१०) **आन्तरिक एवम् बाह्य आप्रवासन** : थरुहट तराईमा आन्तरिक तथा बाह्य आप्रवासनलाई व्यवस्थित र नियमन गर्न गराउन संवैधानिक व्यवस्था हुनुपर्ने ।

**आन्दोलन सँग सम्बन्धितः-**

११) थरुहट थारुवान संयुक्त संघर्ष समिति को आह्वानमा २०६४ साल देखि हालसम्म भएका चरणबद्ध संघर्षको दौरानमा आन्दोलनकारीहरु माथी लगाएको कर्तव्य ज्यान मुद्दा खारेज गरी आममाफी गर्ने र सबैलाई निशर्त रिहा  हुनुपर्ने । जारी गरिएका सबै प्रकारका वारेन्तहरु खारेज गरिनुपर्ने । सहादत प्राप्त आन्दोलनकारीहरुलाई शहीद घोषणा गरी आर्थीक क्षतिपूर्ति प्रदान गरी आश्रित परिवारलाई सरकारी रोजगारी प्रदान गरी जीविकोपार्जन को व्यवस्था गरिनु पर्ने । यसैगरी घाइतेहरुको औषधी उपचााका सबै खर्चको व्यवस्था राज्य बाट हुनुपर्ने ।

१२) टीकापुर बजारमा कर्फ्यु लागेको बेला भाद्र ७ गते र ८ गते दिउँसो थारुहरुको घर , पसल , एफएम , रिसोर्ट छानी तोडफोड गर्ने सम्पत्ति लुटपात गर्ने र आगजनी गर्नेहरुलाई कानुनी कारवाही र पीडित पक्षहरुलाई क्षतिपूर्ति प्रदान गरियोस । यसैगरी अन्य स्थानमा भएको जनधनको क्षतिपूर्तिको व्यवस्था राज्यबाट अविलम्व गरिनुपर्ने ।

१३) संघ संस्था ऐन २०३४ अनुसार थारु कल्याणकारिणी सभा एक विशुद्ध सामाजिक संस्था हो । यस संस्थाको विधान अनुसार १६ वर्ष उमेर पुगेका कुनै पनि थारु नागरिकले सदस्यता पाउने अधिकार बमोजिम यस संस्थाका अक्ष्यक्ष उवम् केन्द्र देखि स्थानीय निकायसम्मका पदाधिकारी , सदस्यहरुमाथी लगाएका सबै किसिमका मुद्दा खारेज तथा आममाफी गरिनु पर्ने । शान्तिपूर्ण आन्दोलनमा संलग्न सम्पूर्ण निजामति , कर्मचारी , शिक्षकहरु माथी लगाइएका सबै किसिमका मुद्दा खारेज तथा आममाफी गरिनुपर्ने मागहरु सरकार समक्ष राखेको छ । यी माग मुद्दाहरु अझसम्म सम्बोधन भएका छैनन् । संघर्ष समितिले आन्दोलन जारी राखेको छ (चौधरी, मिनराज, २०७३) ।

### ५.२.२ आर्न्तवार्ता तथा छलफलहरुः-

थारुसमुदायका राजनीतिककर्मी ,समाजिक अगुवा, बुद्धिजिवी, शिक्षक, महिला, यूवा लगायत विभिन्न सहकर्मी र इष्टमित्र वर्गहरुसँग गरएको छलफल तथा अन्तरक्रियाबाट आएका प्रतिक्रियाहरु रहेकाछन् ।

**क) थारु आन्दोलन के का लागी भयो ?**

- राज्यसँग नयाँ संविधानमा आफ्नो अस्तित्व , पहिचान र अधिकारहरु सुनिश्चित गर्नका लागी
- स्वतन्त्र पहिचान र अधिकार को लागी ।
- सदियों देखि बसोबास गर्दै आईरहेको थारु बहुल्यता रहेको क्षेत्रलाई छुट्टै थरुहट प्रदेशको लागी
- थारु जाति लगायत अदिबासी जनजाति ,महिला, मधेशी ,दलित , मुस्लिम , पिछडा वर्ग र सदियों देखि उत्पीडनमा परेका जातीहरुको मुक्ती तथा समुदायको विकासका लागी ।
- जाल जमिन र जंगल माथीको हधिकारको लागी ।
- भाषिक अधिकारको लागी ।
- सकरात्मक विभेदको लागी ।
- राष्ट्रको विकासमा नेतृत्व पङतिका लागी ।
- राष्ट्रियताको मुद्दाको लागी ।
- समानताको अधिकार को लागी ।
- जातिय जनसंख्याको आधारमा हरेक क्षेत्रमा समानुपातिक सहभागीताको लागी ।
- आत्म निर्णयको अधिकार को लागी ।
- थारु भाषा र संस्कृतिलाई प्रवर्द्धन र संरक्षण गर्नका लागी ।
- संविधान ,कानुन , ऐन तथा नीतिहरुमा भेदभावकारी प्रवधानलाई हटाउने परिपाटिको व्यवस्था गर्न ।

- मुक्त कमैया, कम्लह्री, अधेरुवा, हरुवा, चरुवा लगायत थारु विद्यार्थीहरुलाई सबै संकायमा उच्चा शिक्षासम्म अध्ययन गर्न छात्र तथा निशुल्क क्षिाको व्यवस्था गर्न । साथै मन्त्रालयबाट चिकित्सा क्षेत्र लगायत प्राविधिक क्षेत्रमा वितरण गरिने मित्र राष्टहरुबाट प्राप्त हुने सबै प्रकारका छात्रवृत्तिहरुमा आदिवासी थारु विद्यार्थीहरुका लागि १० प्रतिशत आरक्षणको व्यवस्था गर्नको लागी ।
- अन्तराष्ट्रिय श्रम संगठन महासन्धि १६९ लाई लागू गर्नको लागी ।
- नेपाल सरकार र थारु नेताहरुले मार्च १४, २००९ मा ७ बँदे सम्झौता को कार्यान्वयनको लागी

२) थारु आन्दोलनले उठाएका अधिकारहरु के के हुन् ?

- सदियों देखि थारुहरु बासोबास गर्दै आएको थारुकलस्टरको थरुहट प्रदेश हुनु पर्ने ।
- बरघरिया /भल्मन्सा /महटांवा , ककन्दर , गुमस्तालाई कानुनी मान्यता प्रदान गरियोस र स्थानिय निकायहरुको समितिहरुको समिति र सभा मा पदेन सदस्य हनुपर्ने व्यवस्था  गरिनु पर्ने ।
- थारुअ  आयोग को व्यवस्था गरिनु पर्ने ।
- राज्यको हरेक संरचना , निकाय , र अंगको प्रत्येक तहमा जातीय जनसंख्याको आधारमा पूर्णसमानुपातिक प्रतिनिधित्व र रोजगारीको संवैधानिक सुनिश्चित्तता गराउने ।
- थारु जातिको मातृभाषाको पाठ्यपुस्तक तथा पठन पाठनको व्यवस्था गर्ने ।
- थारु जातिले सदियों देखि बसोबास गर्दै आईरहेको क्षेत्रको छुट्टै थरुहट प्रदेशको स्थापना हुनु पर्ने ।
- थारु , मधेशी, महिला, दलित, मुस्लिम, पिछडा वर्गहरुको समता र समानताको अधिकार ।
- समानुपतिक सहभागिताको अधिकार ।

३) त्यो अधिकार प्रप्तिका लागी के के गर्नु भयो ?

- विभिन्न चरणमा संघर्ष समितिहरुको गठनगरी सडक आन्दोलन गरयियो ।
- सडक आन्दोलनले मात्रै नहुने भएर सडक, सदन र सत्ता गरि तीन तहबाटै आन्दोलन गर्ने भनि थरुहट तराई पार्टी स्थापना गरि राजनीतिक प्रतिष्पर्धा  गरियो । साथै थारु नेताहरु विभिन्न राजनीतिक दलहरुमा आवद्ध भई चुनावी प्रतिष्पर्धा गरेर सदन सम्मा पुगे ।
- स्थानिय राजनेता अर्थात बड्घर , भल्मन्सा लगायत बुद्धिजिवी, शिक्षक , युवा र महिलाहरुको सक्रिय सहभागिता भई सशक्त आन्दालन गरियो ।
- विभिन्न संघ संस्थाबाट आर्थिक संकलन गरेर तथा स्वइच्छाले विभिन्न चन्ददाताहरु बाट सहयोमागियो ।
- १० वर्षे जनयुद्धमा समेत सहभागी भईयो ।
- जनवकालत

- आन्दोलनको क्रममा धेरै जनाले सहादत भए , घाईते भए, जेलजीवन विताउन भएका छन् ।

४) आन्दोलनबाट के कस्ता उपलब्धीहरु भए ?

- छुट्टै थारु आयोग बन्ना सफल भयो ।
- आन्दोलनका क्रममा सहादत भएकालाई वीर शहीद बनाएको छ । साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्थापित एवंम् चिनाउना सफल चएको छ ।
- थारु आन्दोलन ले नेपालमा आदिवासी थारुजाति छुट्टै जाति को रुपमा रहेको छ भनि चिनाउन सफल भएको छ ।
- सम्पुर्ण थारु समुदायका मानिसमा राजनीतिक चेतनाको विकास भएको छ ।
- राष्ट्रिय राजनीतिको केन्द्र विन्दुमा स्थापित भएका छन् ।
- राजनीतिक क्षेत्रमा स्थानियतह देखि केन्द्रीयतह सम्मा समानुपातिक समावेसीकाु आधारमा चुनावी टिकट पउने व्यवस्था भई सोही अनुसार चुनावमा प्रतिष्पर्धा गरी विभिन्न स्थानियतहहरुमा प्रमुख, उप प्रमुख , वडा अध्यक्ष र सदस्य समेत भईसकेका छन् , साथै प्रदेश र संघमा समेत पुग्ने अवसर पाएका छन् ।

५) आन्दोलनले के कस्ता समस्या र चुनौतीहरु भए ?

- माओवादीले धोका दिए
- ठूलापार्टीका नेताहरुले आफ्ना पार्टी भित्र ह्वीप जारी गर्दै थारु नेताहरुलाई दवाव दिए ।
- थारुहरुको विरुद्धमा अखण्ड सु.प. लाई परिचालित गरियो ।
- थारुहरु सभा जुलुसमा जाँदा प्रहरीप्रशासनको आदमा अखण्ड पक्षधर द्वारा ट्रेक्टर , मोटरसाईकल , साईकल , घर, पसलहरु तोडफोड भएर आगोमा जले ।
- धेरै थारुहरुको मृत्यु भयो, घाईते तथा वेपत्ता भए ।
- विभिन्न चरणमा नेपाल सरकार सँग भएकका सम्झौताहरु कार्यन्वयन भएना ।
- प्रहरी प्रशासन द्वारा पनि समय समयमा दमन शोसन भयो ।
- नेपाल सरकार सँगको लडाईमा अर्को पक्ष अखण्ड सुदुर पश्चिम उठेर त्यस पक्षसँग बारम्बार सामना गर्नु पर्‍यो ।
- २०७२ साल भदौ ७ गते टीकापुर घट्ना घट्यो , एक नबालक सहित ८ सुरक्षाकर्मीहरुको मृत्यु भयो, त्यसपछि अनिश्चित कालकोलागी कर्फ्यू लाग्यो ।
- घट्ना पछि ७ गते राती र ८ गतेका दिन कर्फ्यूको समयमा थारुकल्यणकरिणी सभाको कार्यलय लगायत थारु समुदायका घर, पसलहरु छानी छानी लुतपाट तथा तोडफोड गरि जलाइए ।
- थारु समुदायका चेलीहरुलाई कुदृष्टिले हातपाट गरिए ।
- थारु गाउँ गाउँमा पुलिस प्रशान गएर थारुहरुलाई अनावश्यक गालीगलौच गरि कुतपिट गर्नेर धरपकड गरि जेल लगे,

- थारुहरुमाथि झुठामुद्धा लागेर अझै पनि जेल जिवन बिताउन बाध्य भएका छन् र धेरै जना थारु समुदायका मानिसहरु अझै सम्मा डरले घरबाट बाहिरा बस्नु पर्ने अवस्था भएको छ ।
- पहाडी र थारु समुदाय बिच सद्भाव बिग्रियो ।

६) अबको बाटो के ?

- सबै पहिचानवादी र संघीयता पक्षधरहरुको एकता र संघर्ष गर्ने ।
- साझा मुद्धा एकता, मोर्चाबन्दी र संघर्ष अहिले आन्दोलनरत् बि शक्तिहरु थारु, मधेशी , मुस्लिम, आदिवासी जनजाती, दलित, महिला, उपेक्षित जाति, वर्ग, लिंग, क्षेत्रका समुदाय एकजुट भई लड्नु पर्ने बेला आएको छ ।
- अदालती प्रकृयामा अगाडी बढ्ने साथै अर्कोतिर टीकापुर घट्नालाई राजनीतिक घट्ना बनाउने कसरत गर्ने ।
- जारी गरिएको अपुरो संबिधानको अन्तर्वस्तुमा आदिवासी थारु, जनजाती, दलित, मधेशी, मुस्लिम, महिला, अल्पसंख्यक, पिछडावर्गका थुप्रै असहमती र असन्तुष्टीहरु रहेका छन् । उनीहरुको माग मुद्धा सम्बोधन गर्नका लागि सरकार, सत्तापक्ष एवं प्रतिपक्ष दल सकरात्मक छैन, त्यसका लागि निरन्तर छलफल , संवाद र सहमतीको आवश्यक ।
- थारु आन्दोलनलाई अझै सशक्त बनाउन थारु समुदायमा रहेका नेता , बुद्धिजीवि, शिक्षक, वकिल, कर्मचारी, पेशागतकर्मी, पत्रकार, बरघर, भल्मन्सा, किसान, महिला, युवा विद्यर्थीहरु अझै सांगठनिकरुपमा गोलबद्ध भई हरेक तवरले सहयोग पुर्‍याउदै सशक्त संघर्ष गर्ने अहिलेको अपरिहार्य आवश्यकता हो ।
- थरुहट थारुवन संयुक्त संघर्ष समिति केन्द्र देखि जिल्ला तहसम्म सशक्त समिति गठन तथा पुनर्गठन हुनुपर्छ ।
- थारु अधिकार र पहिचानका लागि बलिदानी दिने वीर शहिदहरुको गाथा ओझेलमा छन् त्यसको दस्तावेजीकरण, शालिक, प्रतिष्ठान बनाउने कार्य गर्नुपर्छ ।
- मिडियाहरुमा थारु मैत्री नरहेकोले थारुहरुको मिडियालाई थारुहरुमा जागरण ल्याउने र आन्दोलनलाई बढावा दिने समाचार फिचर, अन्तरवार्ता निरन्तर संप्रेशन गर्नु जरुरी ।
- मानवअधिकारले गरेको घट्ना अनुसन्धानको प्रतिवेदन सार्वजनिक गर्न माग गर्ने ।
- ६ पार्टी मिलेर राजपा बनेजस्तै थारुहरुको पार्टी बनाउनु पर्ने , मोर्चाबन्दी हुनु पर्ने ।
- प्रशिक्षित आन्दोलनकारी बनाउनु पर्छ, नेतृत्व जन्माउनु पर्छ ।

### ५.३ समाजिक अवस्था

### ५.३.१ जनसंख्या

कुनै पनि ठाउँको सामाजिक अवस्था त्यहाँको जनसंख्याको बनावट, उमेर र लिङ्गमा आधारित हुन्छ । अध्ययनको क्रममा उत्तरदाताको उमेर अनुसारको जनसंख्या गणना गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : उमेर अनुसार उत्तरदाताको विवरण**

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-३० | ५ | १०.० |
| २ | ३०-४० | १० | २०.० |
| ३ | ४०-५० | १५ | ३०.० |
| ४ | ५०-६० | १५ | ३०.० |
| ५ | ६० भन्दा माथि | ५ | १०.० |
| **जम्मा** | | **५०** | **१००.०** |

*स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

माथिको तालिका अनुसार २० देखि ३० वर्ष उमेर समूहका उत्तरदाताको संख्या ५ वा १०.० प्रतिशत रहेको छ भने ३० देखि ४० वर्ष उमेरसमूहको उत्तरदाताको संख्या १० जना रहेको छ जुन कुल नमुनाको २०.० प्रतिशत हुन जान्छ । त्यस्तै ४० देखि ५० वर्ष उमेरसमूहको उत्तरदाताको संख्या १५ रहेको छ जुन प्रतिशतको हिसावले हेर्दा ३०.० हुन जान्छ । त्यसरी नै कुल नमुना मध्येबाट १५ जना वा ३० प्रतिशत ५० देखि ६० वर्ष उमेर समूहको उत्तरदाता भएकोमा ५ जना वा १०.०प्रतिशत उत्तरदाता ६० वर्ष भन्दा माथिको उमेर समूहबाट छनौट गरिएको छ ।

**क) उत्तरदाताको लिङ्गगत विवरण**

सामाजिक अध्ययनमा लिङ्गगत विवरणले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसै सम्बन्धमा अध्ययन गरिएको ५० घर परिवारमा ३० जना अर्थात ६०.० प्रतिशत पुरुष र २० जना अर्थात ४०.० प्रतिशत महिला उत्तरदाता रहेका छन् । यसबाट महिला भन्दा पुरुष उत्तरदाता बढी रहेको देखिन्छ ।

**ख) उमेर र लिङ्ग अनुसार छनौट परिवारको जनसंख्या विवरण**

कुनै पनि समुदायको सामाजिक आर्थिक अध्ययन गर्नका लागि त्यस समुदायको जनसंख्याको संरचनामा उमेर र लैङ्गिक आधारमा त्यस जनसंख्याको सक्रिय श्रम शक्ति र आर्थिक रुपले सक्रिय जनसंख्याको स्थिति थाहा पाउन सकिन्छ । साथै निस्क्रिय जनसंख्याको आधारमा जान्न सजिलो पर्दछ । उमेरगत जनसंख्या भन्नाले विभिन्न उमेर समूहका व्यक्तिहरु भन्ने बुझाउँछ । त्यस्तै लैङ्गिकताले

महिला र पुरुष भन्ने बुझाउँछ । अध्ययन क्षेत्र जा.गा.पा. वडा नं. ५ का थारू जातिहरुको उमेर र लैङ्गिक आधारमा प्राप्त जनसंख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ : उमेर र लिङ्ग अनुसार छनौट परिवारको जनसंख्या विवरण**

| उमेर | पुरूष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ | १७ | ५.७० | २० | ६.७१ | ३७ | १२.४१ |
| ५-१४ | २७ | ९.०६ | २५ | ८.३९ | ५२ | १७.४४ |
| १५-५९ | ९७ | ३२.५५ | ९४ | ३१.५४ | १९१ | ६४.०९ |
| ६० भन्दा माथि | ११ | ३.६९ | ७ | २.३४ | १८ | ६.०४ |
| **जम्मा** | **१५२** | **५१.०** | **१४६** | **४८.९८** | **२९८** | **१००.०** |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

माथिको तालिका अनुसार छनौट परिवारको जम्मा जनसंख्या २९८ रहेको छ । जसमध्ये ५१.० प्रतिशत पुरूष र ४८.९८ प्रतिशत महिला रहेका छन् । यस तालिकामा ०-४ वर्ष उमेर समूहको जनसंख्यालाई शिशुको रुपमा, ५-१४ वर्ष सम्मको जनसंख्यालाई विद्यालय जाने उमेरको बालबालिकाको रुपमा लिइएको छ । यस्तै गरी १५-५९ वर्ष उमेर समूहको जनसंख्यालाई आर्थिक एवम सामाजिकरुपले सक्रिय जनसंख्याको रुपमा र ६० वर्ष भन्दा माथिको जनसंख्यालाई निस्क्रिय जनसंख्याको रुपमा लिइएको छ । ६० वर्ष भन्दा माथिको जनसंख्या पुरै बसेर खाने चाहिँ हुँदैनन । सक्रिय रूपले काम गर्न नसके पनि धार्मिक एवम् साँस्कृतिक क्रियाकलापमा यो जनसंख्या निकै सक्रिय रहेको पाइन्छ । तालिकाबाट प्रस्ट हुन्छ कि ०-४ वर्ष उमेर समूहको जनसंख्या भन्दा ५ देखि १४ वर्ष उमेर समूह जनसंख्या बढी देखिन्छ । १५-५९ वर्षको उमेरको जनसंख्यालाई आर्थिक उपार्जन गर्न सक्षम उत्पादक जनसंख्याको रुपमा लिन सकिन्छ । यस थारू जातिमा यो उमेरको जनसंख्या सबभन्दा बढी ६४.०९ प्रतिशत रहेको देखिन्छ । यो उमेरको जनसंख्यालाई हेर्दा पुरुष नै बढी ३२.५५ प्रतिशत र महिला ३१.५४ प्रतिशत मात्रै रहेको देखिन्छ । यस्तै गरी ६० वर्षभन्दा माथिको जनसंख्या सबैभन्दा कम ६.०४ प्रतिशत रहेको छ । लैङ्गिक आधारमा पुरुषको जनसंख्या बढी देखिन्छ ।

### ५.३.२ परिवारको किसिम

परिवार सर्वव्यापी सामाजिक संस्था हो । परिवारमा संख्याका आधारमा सदस्यहरू रहेका हुन्छन् । आमाबुवा र तिनीहरूको अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ । आजको आधुनिक समाजमा यस्तो किसिमको परिवारमा वृद्धि भएको पाइन्छ । तीन वा तीन भन्दा बढी पुस्ता एउटै परिवारमा रहन्छन् भने यस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ । यस शोधपत्रको अध्ययन क्षेत्र

जा.गा.पा वडा नं. ७ मा बस्ने थारू जातिको घर परिवारको किसिमलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ : परिवारको बनावटको आधारमा उत्तरदाताको विवरण**

| क्र.स. | परिवारको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ३० | ६०.० |
| २ | संयुक्त | २० | ४०.० |
| **जम्मा** | | **५०** | **१००.०** |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका जानकी गा.पा. वडा नं. ७ को कुल ५० घरधुरी मध्ये ३० अर्थात ६०.० प्रतिशत  एकल परिवार र बाँकी २० अर्थात ४०.० प्रतिशत घरपरिवार संयुक्त परिवारमा बसेको देखिन्छ । यसरी अध्ययन क्षेत्रका थारूहरूको पारिवारिक संरचना संयुक्तबाट एकलपरिवार तिर परिवर्तन हुदै गएको पाइन्छ । यसरी थारू जातिमा एकात्मक परिवारप्रतिको आकषर्ण बढ्नुमा छोराहरुले बाबुसरह बराबरीको माग गर्नु, जनसंख्याको वृद्धि हुनु, बढ्दो गरिबी,  घरपरिवारको व्यवस्थापनमा समस्या, तथा सामाजिक परिवर्तन आदि प्रमुख कारण रहेको पाइन्छ ।

### ५.३.३ घरको बनावट

बासस्थान हरेक मानिसको एक महत्वपूर्ण आधारभूत आवश्यकता हो । अध्ययन क्षेत्रका थारू जातिको घरवनाउने शैली प्रायः एकै प्रकारको आफ्नै शैलिको पाइन्छ । परम्परागत रूपमा थारूहरूको घर काठको खामा ३-४ लहर गाडेर, बाँस वा अन्य काठले बेरेर त्यसमा गोबर माटोले लिपेर बनाएको हुन्थ्यो । कोठामा स-साना झ्याल बनाउने चलन थियो । घरको छाना पनि माटोको टायल हुन्थ्यो । आजकल परम्परागत घर बनाउन छोडेर पहाडिया परम्पराका तले घर बनाएको पाइन्छ । यसका साथै घरमा ठूला-ठूला कोठा झ्यालहरू बनाएको पाइयो । अधिकांश घर टायल वा जस्ताले छाना छाएको हुन्छ । सम्पन्न थारूहरूले पक्की घरहरू पनि बनाएको पाइयो र भान्साकोठा कसैको बेग्लै घरमा हुन्छ भने कसैको एउटै घरमा हुन्छ । अध्ययन क्षेत्रका नमुना छनौटमा परेका उत्तरदाताहरूको घरको किसिमलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. १० : घरको किसिमको आधारमा उत्तरदाताको विवरण**

| क्र.स. | घरको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कच्ची | १५ | ३०.० |
| २ | चुली | ३० | ६०.० |
| ३ | पक्की/ढलान | ५ | १०.० |
| **जम्मा** | | **५०** | **१००.०** |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

माथि उल्लेखित तालिकामा थारूहरूको घरको किसिमलाई देखाइएको छ । यी घरहरूमा कच्ची १५ वटा अर्थात ३०.० प्रतिशत , चुली ३० वटा अर्थात ६० प्रतिशत र पक्की ५ वटा अर्थात १०.० प्रतिशत पाइयो । कच्ची घरहरूमा पहाडिया परम्पराका काठ र माटो प्रयोग गरेको एक वा दुइतले बनाएको देखिन्छ भने कच्चीघरको छाना जस्ता, इट्टाको टायलले छाएको पाइन्छ । यस्तै गरी चुली घरहरूमा ३० वटा घर इट्टाको भित्ता भएको सिमेन्टको टायलले छाएको देखिन्छ भने ५ वटा ढलान गरी बनाएको पाइन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने थारू जातिमा परम्परागत घर बनाउने चलन घट्दै गएको छ । यस्तै गरी अन्य जातिहरूसँगको सम्बन्धले पहाडीया परम्पराका घरहरु बनाउन थालेको पाइन्छ ।

### ५.३.४ शिक्षा

आजको एक्काइसौ शताब्दीमा शिक्षा अत्यन्त महत्वपूर्ण कुरा भएको छ । जबसम्म समाजमा शिक्षाको विकास हुदैन तवसम्म कुनैपनि विकास हुन सक्दैन । नेपालमा थारू जातिमा अन्य जातिको तुलनामा साक्षरता प्रतिशत निकै कम देखिन्छ । जसको फलस्वरूप थारू परिवारमा कम्लहरी प्रथा, कमैया प्रथा हालसम्म पनि पाइन्छ । अध्ययन क्षेत्र जानकी गाउँपालिका वडा नं. ७ मा बसोबास गर्ने थारू जातिमा शिक्षाको स्तर अन्य जातिको तुलनामा बलियो पाइन्छ । हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरूलाई विद्यालय पठाउने क्रम जारी रहेको पाइन्छ । यस क्षेत्रका थारू जातिको लागि अध्ययन गर्ने विद्यालय नजिकै भएको कारण सबैजसो बालवच्चाहरू विद्यालय जाने गरेको देखिन्छ । विद्यालय शिक्षाबाट बञ्चित थारूहरूले प्रौढ शिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । यस क्षेत्रका थारू जातिमा १०+२ वा सो भन्दा माथि अध्ययन गर्ने जनसंख्या अलि बढी रहेको देखिन्छ त्यत्ति मात्रै नभएर यस क्षेत्रको थारूहरुमा मास्टर्स डिग्री एम.फिल लगायत पि.एच.डी. स्कुलर सम्म अध्ययन गरेको पाइन्छ । यस जानकी गाउँपालिका वडा नं. ७ को थारू जातिको शैक्षिक स्थिति के कस्तो छ भन्ने कुरा तलको तालिकामा देखाएको छ ।

**तालिका नं. ११ : शैक्षिक स्थिति अनुसार उत्तरदाता परिवारको विवरण**

| क्र.स. | शिक्षाको किसिम | पुरुष | % | महिला | % | कुल जनसंख्या | % |
|---|---|---|---|---|---|---|---|
| १ | १-५ कक्षा | २३ | ८.१५ | १७ | ६.०२ | ४० | १४.१७ |
| २ | ६-१० कक्षा | १४ | ४.९६ | १३ | ४.६० | २७ | ९.५६ |
| ३ | एस.एल.सी. | ११ | ३.९० | ३ | १.०६ | १४ | ४.९५ |
| ४ | आइ.ए | १३ | ४.६७ | २ | ०.७६ | ५ | ५.२७ |
| ५ | बी.ए. | १० | ३.५४ | – | – | १ | ३.५४ |
| ६ | एम.ए. | ४ | २.८९ | – | – | ४ | २.८९ |
| ७ | एम.फिल तथा पि.एच.डी. | ० | ० | – | – | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | साक्षर | ३३ | ११.७० | ५३ | १८.७९ | ८६ | ३४.०३ |
| ९ | निरक्षर | ३० | १०.६३ | ५६ | १९.८५ | ८६ | ३०.४८ |
| **जम्मा** | | **१३८** | **४८.९५** | **१४४** | **४९.९६** | **२८२** | **१००** |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

माथिको तालिकामा उत्तरदाता परिवारको ५ वर्षमाथिको २८२ जनसंख्यामा १-५ कक्षा सम्म बढेका जनसंख्या सबभन्दा बढी ४० जना रहेका छन् । जसमध्ये पुरुष २३ जना र महिला १७ जना रहेको देखिन्छ । यसैगरी आई. ए.सम्म अध्ययन गर्ने जनसंख्या ५ जना रहेका छन् । जसमध्ये पुरुष ३ जना र महिला २ जना मात्र रहेको देखिन्छ । यसका साथै बी.ए. देखि पि.एच.डी. सम्म अध्ययन गर्ने जनसंख्या थोरै देखिन्छ । प्रौढ शिक्षाको माध्यमबाट साक्षर हुने जनसंख्या ८६ जनामध्य पुरुष ३३ जना र महिला ५३ जना रहेको देखिन्छ । साक्षर जनसंख्यामा पुरुषभन्दा महिलाको संख्या बढी रहेको दखिन्छ ।

यस तथ्याङ्कबाट के देखिन्छ भने १० कक्षासम्म अध्ययन गर्ने थारूहरुको संख्या तुलनात्मक रुपमा बढी देखिन्छ भने बी.ए. सम्म अध्ययन गर्न थारूहरु निकै कम रहेका छन् । यसैगरी अन्य समुदायमा जस्तै थारू समुदायमा पनि पुरुष प्रधानता घरायसी कामकाजको बोझ, अज्ञानता, अशिक्षा आदि मूलभूत कारणहरु अझै विद्यमान छन् ।

**५.३.५ महिलाको स्थिति**

थारू जातिको परिवारमा महिलाहरूको स्थिति उच्च जातिहरूमा भन्दा उच्च नै हुन्छ । तथा स्वतन्त्रता पनि तुलनात्मक रूपले बढिनै देखिन्छ । थारूहरूको दैनिक, सामाजिक तथा आर्थिक जनजीवनमा स्त्रीहरूले महत्वपूर्ण भूमिका निभाएका हुन्छन् ।

यस अध्ययन क्षेत्रका थारू समाज पुरुष प्रधान भएपनि घरायसी कामकाजहरूमा पुरुष भन्दा महिलाको योगदान बढी देखिन्छ । यस क्षेत्रका महिलाहरू घरेलु क्रियाकलाप, घरधन्दा, जाँडरक्सी बनाउने काममा बढी समय विताउने गर्दछन् । शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति आदि क्षेत्रमा महिला वर्ग निकै पछाडी परेको देखिन्छ । विद्यालयको साधारण शिक्षा हासिल गर्ने महिला केही बढी संख्या र एस.एल.सी. तथा आई.ए. सम्म अध्ययन गर्ने महिलाहरूको संख्या एकदमै कम रहेको देखिन्छ भने अधिकाशं महिलाहरु प्रौढ शिक्षा लिएको देखिन्छ । घरव्यवहारको काममा निर्णयकर्ता र सल्लाहकारको भूमिका निभाउने कार्यमा महिलाको पनि प्रमुख भूमिका रहेको हुन्छ । आजभोलि भने केही मात्रामा छोराछोरीलाई पढाउने उनीहरूको विवाह गर्ने कुरामा महिला वर्गको निर्णायक भूमिका बढ्दै गएको पाइन्छ ।

आजभोलि केही जागरुक महिलाहरू मिलेर महिला उत्थानको लागि महिला समूह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सक्रिय हुदै आएका छन् । विभिन्न प्रकारका सीपमूलक तालिमहरू लिदै आएको पाइन्छ ।

### ५.३.६ साँस्कृतिक अवस्था

हरेक जातिको आ-आफ्नै किसीमको संस्कृती हुन्छ । तसर्थ जानकी गाँउपालिकाको थारू जातिको साँस्कृतिक अवस्था के कस्तो छ भन्ने कुरालाई विभिन्न शीर्षकहरूमा राखेर विश्लेषण गरिएको छ ।

**(क) धर्म**

थारूहरू आफूलाई परापूर्वकालदेखि हिन्दु धर्म कै अनुयायी भएको बताउँदछन् । यिनीहरू पहिला बौद्ध धर्मका अनुयायी मानिन्थे । यस अध्ययन क्षेत्रका थारू जातिले पनि हिन्दु धर्म मान्ने गरेको पाइन्छ । उनीहरूले पूजा गर्ने देवी-देवताहरूमा शिवजी, पार्वती, राम, कृष्ण, दुर्गा आदि हुन् । यी देवी-देवताहरूलाई घरको देउरार/मिन्भारी (देवी-देवता राख्ने कोठा) मा राख्ने गर्दछन् ।

**(ख) जन्म संस्कार (जल्मकरम/जन्मकरम)**

थारू भाषामा जन्म संस्कारलाई जल्मकरम/जन्मकरम भन्ने गरेको पाइन्छ । जानकी गाउँपालिका वडा नं. ७ का थारू जातिमा आफ्नै प्रकारको जन्म संस्कार रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका थारू जातिमा बालक जन्मिदा सोरिन्या (सुडेनी) बोलाउने चलन छ । वर्तमान समयमा भने अस्पताल लगेको देखिन्छ । शिशुको जन्म भएपछि नाभी काट्ने नुहाइ-धुवाइ गर्ने, सुत्केरीलाई नुहाइदिने, कपडा लगाइदिने एवम् तेल घसीदिने आदि सवै काम सोरिन्याले गर्दछिन् । शिशु जन्मेपछि साल (नारा) लाई डिहुवा (बारी) को एक कुनामा गाड्ने गर्दछन् । सुत्केरीलाई मासु सहितको सामान्य भोजन दिइन्छ । सोरीन्याले आमा तथा बच्चाको सवै काम गर्दछिन् । बच्चाको नाभी खसेपछि सुरक्षित तवरले घरबाहिर गाड्ने चलन छ । यसैगरी सोरिन्याले बच्चाको आमालाई घर वा (नदी, कुवा, ताल) मा लगी नुहाइ धुवाइ गराउछिन् । सुत्केरीले त्यहाँ खुर्सानी, सिन्दुर काजल लगेर चढाइ आएपछि गुरुवाले मन्त्रोचारण गर्दै चोख्याउने चलन रहेको पाइन्छ । बच्चा जन्मेको सोही दिनमा घरको देवी-देवतालाई चढाउन विशेष किसिमको चामलको पिठोको प्रसाद बनाइन्छ जसलाई ठसौरा भनिन्छ । ठसौरा पुजा गर्दा घरको सबै देवी-देवताको अगाडी दियो बाली ठसौरा प्रसादको रूपमा चढाइन्छ । चामलको पिठोमा चिनी वा गुड र मरिच मिसाई उक्त पिठोलाई डल्लो आकारमा बनाई उसिनिन्छ र देवी-देवतालाई चढाइसकेपछि घरपरिवारको सबै सदस्य लगायत छर-छिमेकमा बाँडिन्छ । बच्चा जन्मेको ६ दिन वा नाइटो (ढौंह्री) छुटेको दिनमा चोख्याउँदछन् । सोरिन्याले आवश्यकता अनुसार बच्चा र आमाको हेरचाह गर्दछिन् । सोरिन्याले यसरी काम गरी

दिएवापत केही भेटीको रूपमा पैसा, अनाज, लत्ताकपडा पाउँछन् । त्यस्तै यस क्षेत्रमा थारूहरूले बच्चा जन्मेपछि आफ्ना छिमेकी, इस्टमित्रहरूलाई बोलाई रक्सी, मासु र भात खुवाउने परम्परा छ ।

**(ग) भेषभूषा**

जातजाति अनुसार भेषभूषा पनि फरक पाइन्छ । अध्ययन क्षेत्रका थारू जातिको पनि आफ्नै किसिमको भेषभूषा छ । पुरूषलाई थारू र महिलालाई मेढारू अथवा जन्नी मनै भनिन्छ । स्थानीय रुपमा सिलाएको टोपी पनि लगाउने चलन थियो । पहिले पहिले सबै किसिमका लुगाहरू ठेटुवाका (एक प्रकारको घरबुना कपडा) हुने गर्दथे ।

महिलाको भेषभूषामा विवाह अघि र पछिको भेषभूषा पनि बेग्लै प्रकृतिको हुन्छ । साना ८-१० वर्ष सम्मका छोरीहरूले फ्रक (जामा) लगाउदछन् भने त्यस भन्दा माथिकोले चोल्या र गोन्या लगाउने चलन पाइन्छ । विवाह भैसकेका महिलाले भने भिन्नै किसीमका लुगा लगाउछन् । जसलाई डैना झुल्वा भनिन्छ । यो एकप्रकारको चोली हा । वर्तमान समयमा पुरुषहरूले कमीज, पाइन्ट, टिर्सट, लगाएको पाइन्छ भने महिलाहरूले साडी, ब्लाउज, कुर्ता सलवार लगाउछन् । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने थारू समाजमा पनि परम्परागत पहिरनमा परिवर्तन आउन थालेको देखिन्छ । भर्खर मात्र शिक्षा तथा चेतनाको विकास हुन थालेकोले पुरानो विचारमा परिवर्तन आउन थालेको आभाष पाइन्छ ।

**(घ) विवाह संस्कार (भोज)**

थारू समाजमा विवाह संस्कारलाई महत्वपूर्ण संस्कारको रूपमा लिएको पाइन्छ । थारू जातिमा विवाहलाई भोज भन्दछन् । यस जातिको आफ्नै जातिमा विवाह गर्ने प्रचलन रहेको छ । र मागी विवाहलाई विशेष मान्यता प्रदान गरन्छि ।

**(ङ) चाडपर्व**

अन्य जातिमा झै थारू जातिमा पनि चाडपर्वको विशेष महत्वका साथ मनाइन्छ । यिनीहरूका प्रमुख चाडपर्वहरूमा दशै (दश्या), तिहार (देवारी), माघे संक्रान्ती (माघी), फागु पूर्णिमा (धुरेहरी), कृष्णा जन्माष्टमी (अष्टिम्की), आइतवारको ब्रत (अत्वारी), आदि हुन् । जसलाई निम्न अनुसार वर्णन गरिएको छ

**अ) गुरिया, गुर्ही पर्व**

गुर्ही पर्व थारूहरूले सबभन्दा सुरुमा मनाउने पर्व हो । नागपञ्चमीको दिन थारू समुदायमा गुरिया पर्वको रूपमा मनाउने चलन छ । यस दिन विहान पख घरको सबै देवताहरुको पुजा गरिनुको साथै शेषनागका प्रतिक देवताको पुजा विशेष रूपमा गरिन्छ र दुधको धार चढाइन्छ । यही दिनमा चना र अन्य गेडागुडी भिजाई विभिन्न परिकार बनाउने परिचलन छ । साँझपख घरमा आउने पहुनालाई गेडागुडीको परिकारको साथ जाँडरक्सी आदि खान दिइन्छ ।

विशेषगरी यसै दिन केटाहरूले स्वाँटा, सुटाकुन बनाउने गर्दछन् भने केटीहरू गुर्ही बनाउने गर्दछन् । साँझपख केटीहरू आफूले बनाएको गुर्ही गाउँको चौराहा गाउँको दक्षिण पट्टिको खुल्ला ठाउँमा गुर्ही गाड्न जान्छन् । जसलाई गुर्ही अस्रैना भनिन्छ । गुर्ही गाड्ने बेला रोगब्यधा लैजा भनी कामन गर्दछन् र फालिएको गुर्हीलाई केटाहरू स्वाँटाले हिर्काउछन् । त्यसपछि गुरुवाले गाउँका देवतालाई छाँकी (रक्सी) अछाटपाटी चढाई गुर्ही पुजा सम्पन्न गरिन्छ र केटीहरूले आफनो साथमा लिएर गएका गेडागुडी सबैजना बडीचुडी खान्छन् । यसरी थारू समुदायको पहिलो चाड गुर्ही पर्व बडो रमाइलोको साथ मनाउने चलन चलिआएको छ ।

**आ) कृष्णाअष्टमी (अर्षटिम्की)**

यो पर्वमा विशेष गरी महिलाहरू व्रत बस्दछन् । यस पर्वमा अष्टमीको अघिल्लो रात दर (मीठा मीठा भोजन जस्तैः- माछा, मासु, रोटी, तरकारी फलफूल) खाने गर्दछन् । दोस्रो दिन नुहाएर व्रत बस्दछन् । गाउँमा व्रत बसेका सबै महिलाहरू भलमन्साको घरमा जम्मा हुन्छन् । यसरी सबै जना मिलेर पुजाको लागि अग्नी स्थापना र भित्तामा कृष्णको चित्र बनाउछन् र पुजा गर्दछन् । त्यसपछि पुजामा चढाएको फलफूल प्रसादको रुपमा खान्छन् । कृष्णलीला सम्बन्धी गीतहरू गाँउछन् । भोली पल्ट नवमीको दिनमा पुजामा चढाएका फलफूलहरू बत्तिहरू टपरीमा राखेर नदीमा सेलाउन जान्छन र घर फर्किएर फरहारा (विभिन्न तरकारीको परिकार सहित भोजन गरिनु भन्दा अगाडी गरिने पुजा) गरिसकेपछि व्रत समाप्त हुन्छ र फलफूल, पुजामा चढाइएको भात, तरकारीको विभिन्न परिकार लिई दिदी, बहिनी, फुफुको घरमा चामल समेत लिएर दिन चाने चलन छ । जसलाई अग्रसन दिने भनिन्छ ।

**इ) आइतवारी व्रत (अत्वारी)**

पहिलो आइतवारमा मनाउने यो चाड आइतवार पर्ने हुनाले यसलाई अत्वारी भन्ने गरेको पाइन्छ । यो पर्व पुरूषले मात्र मान्ने गर्दछ । व्रत बसेको पुरुषले आइतवारको अघिल्लो रातीमा शुद्ध भोजन गर्दछ । व्रत वसेको पुरुषले घरको एउटा कोठा सफा गरेर अग्नि स्थापना गरी धुपवत्ती गर्दछन् । स्थापीत अग्नीमा फलफूल पनि चढाउँछन् । साझ त्यहि फलफूल खान्छन खाना खादैनन । सोही दिन चोखो आगोबाट पुरी, रोटी, बरिया, खुर्मा अन्दिक रोटी लगायत विभिन्न प्रकारका तेलहन परिकार पकाउछन् । भोलिपल्ट त्यही पुरी, रोटी, तरकारी, अग्रासनका रूपमा दिदीबहिनीहरूलाई अलग्याई फरहारा (विभिन्न तरकारीको परिकार सहित भोजन गरिनु भन्दा अगाडी गरिने पुजा) गरी व्रत टुंग्याउदछन् र फलफूल, पुजामा चढाइएको भात, तरकारीको विभिन्न परिकार लिई दिदी, बहिनी, फुफुको घरमा चामल समेत लिएर दिन चाने चलन छ । जसलाई अग्रसन दिने भनिन्छ ।

**ई) माघे संकान्ती (माघी)**

माघी थारू जातिको एउटा महत्वपूर्ण चाड हो । यो पर्व यिनीहरूको नयाँ वर्ष पनि हो । अध्ययन क्षेत्रका थारू जातिहरूले यस पर्वलाई बडो धुमधामका साथ मनाउछन् । यो पर्व थारूहरुले धार्मिक तथा सामाजिक दुवै किसिमबाट मनाउँदछन् । यस दिनलाई यिनीहरुले नव वर्षको रुपमा पनि लिन्छन् । यो पर्व मनाउनका लागि केहि दिन अगाडि देखि नै जाँड बनाउन थाल्छन् । पुसको अन्तिम दिनमा यिनीहरु माछा मार्न जान्छन् र यसै दिन गाउँभरिका सबै मानिसहरू एक ठाउँमा बंगुर मार्ने गर्दछन् । जसलाई जीता मर्न भनिन्छ । यिनीहरु यसै दिन ढिक्री बनाउने पिठो पनि तयार गरी राती ढिकी बनाउने गर्दछन् । अर्को दिन अर्थात माघे सक्रान्तीको दिन बिहानै नुहाएर नयाँ लुगा लगाएर देउरार (देवताकोठा) मा पुजा पाठ गर्दछन् । यसैदिन सुँगुर बंगुरको मासु सबैजना मिलेर खान्छन् । आ-आफ्नो आफन्तहरूको घरमा गई ठुलाबडालाई ढोक सलाम लाग्ने महत्वपूर्ण चलन रहेको छ । थारूहरु यसै समयमा पहिले बसेका ठाउँमा काम गर्ने वा नयाँ ठाउँमा जाने, नयाँ वर्षको ज्याला-जिन्सीमा धान, मकै, तोरी इत्यादि) तोक्ने (काम गरेको ज्याला) कसको जमिन वा के कति जमिन लगाउने, कम्लहरी बस्ने वा छुटाउने काम आदि सबै कुराहरुको छिनोफानो सोही वेला गर्दछन् । यसरी जग्गा, जमिन, काम, ज्याला, मजदुरी आदिको निश्चित भैसकेपछि उसले अर्का माघीसम्म सोही सम्झौता अनुसार काम गर्नुपर्छ । यस बीचमा केहि कुरा फेरबदल गर्न पाउँदैनन् ।  आफन्तहरूलाई निम्ता दिई खानपान गर्ने गराउने गरिन्छ । यसबेला जाँड रक्सी, माछामासु, प्रशस्त खाने चलन छ । यस पर्वको बेला थारू युवायुवती भेला भएर सखीया नाच, मघौटा नाच नाचेर मनोरञ्जन गर्ने गर्दछन् । यो पर्व ६-७ दिनसम्म मनाउने चलन छ ।

**ए) फागुपुर्णिमा (होली/धुरेह्री)**

फागु पुर्णिमा थारूहरूको महत्वपूर्ण चाड मध्ये एक हो । यस चाडलाई थारूहरूले होरी, होली, धुरेह्री नामले बोलाउदछन् । यस चाडमा फागु पूर्णिमाको एक दिन पहिले साँझपख पुर्खा पुरन्या, युवाहरू माडल र डफको तालमा डफ गीत गाउँदै सीमलको बुटा अथवा रैँरको हाँगा काटी एक ठाउँमा गाडी आगो लगाउने गर्दछन् । सो कार्यलाई होल्का गर्ना भनिन्छ र सोही रात सो होल्कामा आगो लगाउने गर्दछन् । जसलाई होल्का डुङ्ना भनिन्छ । त्यसपछि भोलि विहान गाउँभरिका महिला, युवती सो होल्कालाई निभाउन लोटा पानी, चामल, र रंग अबिर लिएर जाने गर्दछन् र यहीबाट होली सुरुवात भएको मानिन्छ । त्यसपछि होलेर्वाहरू घर-घरमा गएर होली पर्वको गीत गाउँदै डफ र माडलको तालमा नाचगान गरी रमाइलो गर्दै एक आफसमा रंग अबिर लगाउदै होलीका शुभकामना अदानप्रदान गर्दै यस होली मनाउने चलन चलिआएकोछ ।

**(च) धार्मिक प्रचलन**

थारू जाति हिन्दु धर्म संस्थान अन्तर्गतकै धर्म भएतापनि धार्मिक प्रचलन गर्ने विधिहरू मध्ये वेग्लै किसीमको पाइन्छ। धार्मिक कार्य गराउने उनीहरूको आफ्नै पुरोहित हुन्छ। जसलाई गुरुवा भनिन्छ। यी गुरुवा पनि दुई थरीका हुन्छन। घरगुरुवा र देशबन्ध्या गुरुवा। घरगुरुवाले घरभित्रको धार्मिक कार्य गर्दछ। देशबन्ध्या गुरुले विभिन्न गाउँका देवीदेवता, भुत प्रेतबाट हुने कुप्रभावबाट बचाउन साझा पुजा गराउछन्। थारूले पुज्ने गरेका देवता केही घरभित्र, केही आगनमा, केही गाउँदेखि अलिपर राखिएका हुन्छन्। अध्ययनक्षेत्रका थारू जातिका प्रमुख देवीदेवताहरू यसप्रकार छन्।

**अ. कुलदेवता (घरदेवता)**

थारू जातिको हरेक चाडपर्वमा आफ्नो कुलदेवतालाई अनिवार्य रूपमा पुजा गर्ने गर्दछन्। थारूहरूमा प्राय सबैको घरमा उत्तरपूर्वपट्टिको कोठाको कुनामा देवता राख्ने गर्दछन्। जसलाई थारूहरूले देउरार भन्दछन्। आफ्नोकुललाई सम्झेर वा मरेको पुर्खालाई सम्झेर बेलपाती, दुवो, गाईको दुध, अविर जस्ता चित्रहरू पुजा गर्दछन् भन्ने अन्य देवतालाई सुगुर, बोका, परेवा, कुखुराको नामबाट पुजा गरिन्छ।

**आ. माटोको घोडा (भेरुवा, घोरुवा)**

माटोको घोडालाई थारूजातिले इन्द्रलोकबाट आएको अशोकको रुपमा लिन्छन्।

**इ) भुयार देवता (गाँउ देवता)**

थारू जाति मानिसले गाँउको पायक पर्ने ठाउँमा रहेको रुखको फेदमा एउटा झुप्री बनाएर त्यसमा काठका मुड्काहरू र ढुङ्गा गाडिएको हुन्छ। त्यसलाई देवताको रुप सम्झी गरीने पुजालाई भुयाँर पुजा भनिन्छ। यो पुजा गुरुवा, भलमन्सा द्वारा गरिन्छ। यसरी थारूजातिमा विभिन्न देवीदेवताहरू रहेका छन्।

**(छ) खानपान र भाषा**

थारू जातिको आफ्नै संस्कृति, रहनसहन, भाषा रहेको छ। त्यस्तै प्रकारले आफ्नै खानपानको परम्परा छ। यी जातिको मुख्य खानामा भात, रोटी, तरकारी (टिना), माछा, मासु, रक्सी, (दारु), जाँड, भात, कप्वा (झोल्यालो तरकारी) तथा दाल आदि हुन्। जाँड तथा रक्सी नियमित खाने गर्दछन्। जाडरक्सी घरमै बनाउदछन्। यिनीहरूले सुगुर, भेडा, हासँ, कुखुरा, माछा, घोगी, (शंखसीपी) गगँटा आदिको मासु खाने गरेको पाइयो। तर सुगुरको सिकार नै यिनीहरूको प्रिय रहेको पाइन्छ।

नेपालमा रहेका विविध जातिहरूको परापूर्वककालदेखि आफ्नो मातृभाषाको प्रयोग गर्दै आएको पाइन्छ। थारू जातिको आफनै किसिमको मातृभाषा रहेको छ। यस अध्ययन क्षेत्रका थारूजाति आफ्ना

घरपरिवारमा मातृभाषाको प्रयोग गर्दछन् भने अन्यत्र नेपाली भाषा नै प्रयोग गर्दछन् । सबै थारूहरूले नेपाली भाषा बोल्न सक्छन् र बुझ्छन ।

**(ज) धार्मिक अन्धविश्वास**

थारू जातिका मानिसहरू अन्य जाति भन्दा बढी रुढीवादी संस्कार तथा धार्मिक अन्धविश्वासमा विश्वास गर्दछन् । उनीहरूमा मानिसको उत्पत्ति भगवान भएको हो भन्दछन् । यसका साथै ढुंगा, माटो, काठको विभिन्न आकृतिलाई देवतामानि पुजा गर्दछन् । यिनीहरूको समाजमा गुरुवालाई बैद्य, डाक्टर सरह मान्ने गर्दछन् । यस्तै यस जातिमा भूत, प्रेत, वोक्सीबाट वच्न विभिन्न प्रकारको जन्तर बाध्ने भाकल गर्ने र बलि चढाउने गर्दछन् । हाल आएर थारूजातिमा यस किसीमको प्रथामा विश्वास गर्ने प्रचलनमा कमी आएको पाइन्छ भने कतिपयले भूतप्रेत प्रति विश्वास मानेको देखिन्छ ।

**५.३.७आर्थिक अवस्था**

नेपाल एक कृषि प्रधान विकासोन्मुख देश भएकोले यहाँको अर्थव्यवस्थालाई कृषिमा निर्भर ग्रामिण अर्थव्यवस्था भन्न सकिन्छ । यहाँ ९० प्रतिशत भन्दा बढी जनता खेतीमा निर्भर छन् । त्यस्तै थारू जाति पनि कृषिमा नै निर्भर छन् । सामान्यतया थारूहरू नेपालका अन्य जातिहरू भन्दा आर्थिक स्थितिले कमजोर छन् । यसको मुख्य कारण उनीहरू कृषिबाटै जीविकोपार्जन गर्दछन् । व्यापार, नोकरी नगन्य मात्रामा गर्दछन् । अहिले आएर अन्य पेसामा पनि लागेको पाइन्छ । यहाँका थारूहरूको जीवन पद्धति पनि कृषिमै आधारित रहेको छ । शिक्षाको कारण यहाँ कतिपय थारूहरूले नोकरी गरेको देखिन्छ भने वैकल्पिक रोजगारीको निम्ति देश विदेशमा समेत जाने गरेको देखिन्छ । सिंचाइको असुविधा, जमिनको खण्डीकरण, असमानुपातिक वितरण तथा अवैज्ञानिक कृषि प्रणाली, जमिनको खण्डीकरण जस्ता कारणले उब्जनिमा ह्रास आएको देखिन्छ । परिणामस्वरुप यहाँका कतिपय थारूहरूलाई वर्षभर खानपुग्ने अवस्था छैन । यसको परिपूर्तिका लागि यिनीहरूले अधियाँ ज्यालादारी, मजदुरी गरेको पाइन्छ ।

यस अध्ययन क्षेत्रका थारूहरूको आर्थिक अवस्थाअन्तर्गत भू-स्वामित्व, उत्पादनको स्थिति, खाद्यान्नको पर्याप्तता, आम्दानीको स्रोत आदिलाई आर्थिक सूचकको रुपमा लिइएको छ । जुन सविस्तार वर्णन गरिन्छ ।

**क. भू-स्वामित्व**

भू भनेको जमिन र स्वामित्व भनेको अधिकार हो । यसकारण भू स्वामित्व अन्तर्गत घर जग्गा र खेतबारी पर्दछन् । थारूहरूको भू-स्वामित्वबाट र यसबाट उत्पादनको स्थितिले सामाजिक

प्रतिष्ठा कायम हुने देखिन्छ । यस अध्ययन क्षेत्र जा.गा.पा. वडा नं. ७ का थारू जातिको भू-स्वामित्वको वितरण के कस्तो छ भन्ने कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका नं. १२ : भू-स्वामित्वको विवरण**

| क्र.सं. | जग्गाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नो नाममा | १५ | ३०.० |
| २ | बाजे | १३ | २६.० |
| ३ | बुवा | १० | २०.० |
| ४ | आमा | ५ | १०.० |
| ५ | भूमिहिन | ७ | १४.० |
| **जम्मा** | | **५०** | **१००.०** |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

माथिको तालिकामा ५० जना उत्तरदातामध्ये  आफ्नो नाममा जग्गा हुने उत्तरदाताको संख्या सबभन्दा बढी १५ जना रहेका छन् भने भूमिहिन उत्तरदाताको संख्या ७ जना रहेको छ । यस्तै गरी आमाको नममा जग्गा  ५ जना , बाजेको नाममा १३ जना र बुवाको नाममा १० जना मात्र रहेको देखिन्छ  । यसबाट यो भन्न सकिन्छ कि अधिकांश नमुना थारू परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ ।

**ख. अधिया/ठेक्का**

अध्ययन क्षेत्रका थारुहरुले आफ्नो जग्गा भएर पनि वर्षभरि खानालाउन तथा आफ्ना बालबलिकाहरुलाई पढाउनको लागी मालिकहरुको अधिया तथा ठेक्का लगाउनु पर्ने बाध्यता रहेको छ । जसको स्थितिलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ : अधिया तथा ठेक्का जग्गामा खेती गर्नेको विवरण**

| क्र.सं. | जग्गाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नो जग्गामा मात्रै | २२ | ४४.० |
| २ | आफ्नो जग्गा र अधियामा | १३ | २६.० |
| | अधियामा मात्रै | ५ | १०.० |
| ३ | आफ्नो जग्गा र ठेक्कामा | १० | २०.० |
| **जम्मा** | | **५०** | **१००.०** |

*स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

यस क्षेत्रका थारूहरूको भू-स्वामित्व अन्तर्गत अधिकांश नमुना थारू परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ । आफ्नै जग्गा जमिनमा खेतीगर्ने उत्तरदाताको संख्या ४४.० प्रतशित ,आफ्नो स्वामित्व र अधिया जग्गामा खेती गर्ने २६.० प्रतिशत, अधिया मात्र लगाउने उत्तरदाताको संख्या १०.० प्रतिशत रहेको पाइन्छ । साथै आफ्नो जग्गा र ठेक्कामा खेती गर्नेको संख्या २०.० प्रतिशत खेती गर्ने गरेको पाइन्छ । आफ्नो जग्गा भएकोले पनि खान नपुग्ने हुँदा अधिया र ठेक्कामा खेतीपाटी गर्ने गरेको देखिन्छ ।

**ग.उत्पादनको स्थिति**

अध्ययन क्षेत्र जानकी गा.पा. वडा नं. ७ का थारूहरूले धान, मकै, गहुं, तोरी तथा तरकारी खेती गरेको पाइन्छ । यहाँका थारूहरूले वर्षभरिमा गर्ने उत्पादनको स्थितिलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ : नमुना छनौटमा परेका घरपरिवारको वार्षिक उत्पादन**

| क्र.सं. | वार्षिक उत्पादन ( क्वीन्टल) | धान | मकै | गंहु | तोरी | तरकारी |
|---|---|---|---|---|---|---|
| १ | ०-१० | १५ | ४४ | ४० | २४ | ४० |
| २ | ११-२० | १२ | ६ | १० | २ | १ |
| ३ | २१-३० | १० | | | | |
| ४ | ३१-४० | ८ | | | | |
| ५ | ४१-५० | ३ | | | | |
| ६ | ५१-६० | २ | | | | |
| **जम्मा** | | **५०** | **५०** | **५०** | **२६** | **४१** |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

प्रस्तुत तालिकामा नमुना छनोटमा परेका ५० घर परिवारले उत्पादन गर्ने धान, मकै, गहुँ, तोरी, तरकारी गरी मुख्य पाँचवटा बालीको वार्षिक उत्पादन क्वीन्टलमा देखाएको छ । त्यसमा धान ५० परिवारले उत्पादन गरेको देखिन्छ, मकै ५० परिवारले, गहुँ ५० परिवारले, तोरी २६ परिवारले र तरकारी ४१ परिवारले उत्पादन गर्दछन् ।

माथिको तालिकाबाट प्रस्ट हुन्छ कि नमुना छनौटमा परेका ५० घरपरिवारले सबभन्दा बढी धान १०-६० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ । त्यसपछि गहुँ १०-३० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ भने मकै १०-२० क्विन्टलसम्म मात्र उत्पादन गरेको पाइन्छ । यसैगरी तोरी र तरकारी पनि १०-२० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने यस क्षेत्रका थारूहरुको मुख्य उत्पादन धान र गहुँ हुन् ।

**घ.खाद्यान्नको पर्याप्तता**

यस अध्ययन क्षेत्रका कतिपय थारू परिवारसँग कम जग्गा तथा जग्गा भएका थारू परिवारको पनि कृषि उत्पादनमा कमी आउनु र विविध किसिमका घर खर्च चलाउन आफूले उत्पादन गरेको खाद्यान्न समेत बेच्नु पर्ने भएकोले केही थारू परिवारलाई आफ्नो उत्पादनबाट वर्षभर खान नपुग्ने स्थितिरहेको देखिन्छ । यस क्षेत्रका थारू जातिको खाद्यान्न पर्याप्तताको स्थिति तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५ : खान पुग्ने र नपुग्ने आधारमा विवरण**

| क्र.सं | खानाको पर्याप्त महिना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ६ महिनासम्म | १३ | २६.०० |
| २ | ९ महिनासम्म | १५ | ३०.०० |
| ३ | वर्षदिन पुग्ने | १२ | २४.०० |
| ४ | वर्षदिन खान पुगेर बेच्न समेत हुने | १० | २०.० |
| **जम्मा** | | **५०** | **१००.०** |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

माथिको तालिकामा ५० जना उत्तरदाता मध्ये ६ महिनासम्म मात्र खान पुग्ने उत्तरदाताको संख्या १३ जना, ९ महिलनासम्म खान पुग्ने उत्तरदाताको संख्या १५ जना, वर्षदिन नै पुग्ने उत्तरदाताको संख्या १२ जना, वर्षदिन खान पुगेर बेच्न समेत पुग्ने उत्तरदाताको संख्या १० जना रहेको देखिन्छ । यसबाट के देखिन्छ भने आफ्नो जग्गा कम हुने तथा भूमिहिन थारूहरूले मिहिनेत गरी अर्काको जग्गा अधिया गरेर, ज्यालादारी, मजदुरी गरेर जीवन धानेको पाइन्छ ।

**ङ.आम्दानीको स्रोत**

थारू जातिले पनि परम्परागत रुपमा अपनाएको पेसा कृषि हो । तर अहिले आएर अन्य पेसामा संलग्न हुन थालेको पाइन्छ । यहाँका थारू जातिले अपनाएका पेसागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६ : उत्तरदाता थारू जातिको आम्दानीको स्रोत**

| क्र.सं | स्रोत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि, पशुपालन | २५ | ५०.० |
| २ | ज्याला मजदुरी | १५ | ३०.० |
| ३ | नोकरी | ५ | १०.० |
| ४ | व्यापार | ५ | १०.० |
| **जम्मा** | **जम्मा** | **५०** | **१००.०** |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

प्रस्तुत तालिकामा ५० जना उत्तरदाता मध्ये २५ जना उत्तरदाताको पेसा कृषि तथा पशुपालन रहेको छ । श्रमिकको रुपमा काम गर्ने उत्तरदाताको संख्या १५ जना रहेको छ भने नोकरी गर्ने उत्तरदाताको संख्या ५ जना रहेको देखिन्छ । व्यापार गर्ने उत्तरदाताको संख्या ५ जना रहेको छ । श्रमिकको रुपमा काम गर्ने थारूहरूले प्रायजसो सिकर्मी तथा डकर्मीको काम गरेको पाइन्छ । माथिको तालिकाबाट के देखिन्छ भने यसबाट अझै पनि थारूजातिको प्रमुख पेशा कृषि नै रहेको भए तापनि विस्तारै यिनीहरू अन्य आर्थिक क्रियाकलापमा संलग्न हुन थालेको पाइन्छ ।

### ५.३.८ वार्षिक खर्चको विवरण

मानिसको आम्दानीको स्रोतहरूले खर्चको क्षेत्रहरूलाई निर्धारण गर्ने गर्दछ । खर्चका क्षेत्रहरू कतिपय बाध्यात्मक पनि हुने गर्दछन् । सामाजिक मूल्य, मान्यता, आफ्नो आर्थिक उत्पादन परिवार संख्या जस्ता कुराहरूले समेत खर्चका क्षेत्रहरू निर्धारण गर्दछ । घरपरिवारको पालनपोषण, रोगव्याधी, शिक्षा, चाडपर्व, मनोरञ्जन आदि लगायतका क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ । यहाँका मानिसहरूले खर्चका लागि छुट्ट्याउने शीर्षकहरू निम्न अनुसार रहेका छन् ।

**तालिका नं. १७: खर्चका क्षेत्रहरूको विवरण**

| क्र.सं. | क्षेत्रको विवरण | प्रतिशत |
|---|---|---|
| १ | खाना | ३५ |
| २ | चाडपर्व तथा मनोरञ्जन | २५ |
| ३ | लत्ताकपडा | १५ |
| ४ | शिक्षा | २० |
| ५ | स्वास्थ्य | ३ |
| ६ | विविध | ५ |
| **जम्मा** | | १००.० |

*स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७५*

यस अध्ययन क्षेत्रका थारू जातिहरूको मानिसहरूले खानामा सबैभन्दा बढी ३५ प्रतिशत खर्च गर्दछन् । खानापछिको ठूलो खर्चको हिस्सा उनीहरूको चाडपर्व मनोरञ्जन मनाउनेमा जान्छ । जुन उनीहरूको कूल आम्दानीको २५ प्रतिशत ओगटेको छ । त्यस्तै गरी लत्ताकपडामा १५ प्रतिशत, शिक्षामा २० प्रतिशत, स्वास्थ्यमा ३ प्रतिशत र विविधमा ५ प्रतिशत खर्च गर्ने गरेको देखिन्छ । यहाँ प्रतिशत निकाल्ने सन्दर्भमा उत्तरदाताहरूले आफ्नो आम्दानीको निश्चित रुपैयाको विवरण नदिएर अनुमानित प्रतिशतमा बताएको आधारमा माथिको तालिकामा प्रस्तुत गरिएको हो ।

माथिको तालिकाबाट प्रस्ट हुन्छ कि अध्ययन क्षेत्रमा थारूहरू धेरै चाडबाड मान्ने भएकोले आम्दानीको धेरै हिस्सा खाद्यान्नमा खर्च गर्ने गरेको देखिन्छ । शिक्षामा २० प्रतिशत खर्च देखिएकोले थारूहरूमा पहिलेको तुलनामा छोराछोरी पढाउने प्रवत्ति बढी रहेको देखिन्छ ।

### ५.३.९ वैकल्पिक रोजगारीको स्थिति

यहाँ थारू जातिमा कृषि पेसा बाहेक अन्य रोजगारीको स्थिति त्यति राम्रो देखिँदैन । तापनि हाल अन्य पेसामा संलग्न हुन थालेको पाइन्छ । पढेलेखेका थारूहरू पनि बेरोजगारीको चपेटामा परेका देखिन्छन् । केही थारू शिक्षण पेसामा लागेका देखिन्छन् भने दुईजना थारूले बैंकमा काम गरेको देखिन्छ । यस्तै गरी कतिपयले विजुलीको काम गर्ने, साइकल मर्मत गर्ने गरेको पनि पाइन्छ । महिलाहरूमा केही महिलाहरूले प्रौढ शिक्षा दिने कार्यमा रोजगारी गरेको पाइएको थियो भने एक दुईजनाले सिलाई बुनाई सिकाउने गरेको पाइयो । अन्य महिलाहरू घरायसी कामकाजमा नै दिन बिताइरहेको पाइन्छ । वैकल्पिक रोजगारीमा केही थारूहरूले ट्याक्टर चलाउने, बिजुलीको काम गर्ने, सिकर्मीको काम गर्ने, साइकल मर्मत गर्ने, घरेलु सामान छतरी, ढकीया, डोको, नाम्लो आदि बनाउने काम गर्दछन् । कृषि क्षेत्रमा

विद्यमान समस्याहरू तथा आधुनिकीकरणले ल्याएको परिवर्तनले गर्दा यहाँका युवा थारूहरू रोजगारीका लागि आफ्नो ठाउँ छोडेर सहर बजारतिर तथा विदेशतिर जाने क्रममा बृद्धि हुँदै आएको पाइन्छ ।

## ५.४ थारु समुदायको राजनीतिक पहुचको अवस्था

### ५.४.१ राजनैतिक संलग्नता/सहभागीता :

थारु समुदायले परम्परा देखि प्रधान , भल्मन्सा , बरघरिया , भर्रराहरुको विश्वास गरी निर्णय गरेको पाइन्छ । थारुहरु परम्परागत रुपमा राजनैतिक अवस्था मान्दै आएको हुनाले र राजनैतिक सिद्धान्त भन्दा स्थानीय अगुवाहरुको अनुसार नै थारु समुदायमा राजनीति भैइरहेको देखिन्छ । समय परिवर्तन सँगै थारु समुदायका मानिसमा अलि राजनीतिक चेतनाको विकास भएको पाइन्छ । आफ्नो अस्तित्व , पहिचान र आधिकारको लागी राजनीतिक पहुँच हुन अत्तिनै आवश्यक हुन्छ भन्ने थारु जातिका मनिसको मनमष्टिस्कमा पसिसकेको छ । त्यसैले यहाँका बासिन्दाहरु स्थानिय देखि केन्द्र सम्म पहुच वृद्धि का लागी राष्ट्रिय राजनीति तिर अग्रसर भैइरहेको पाइन्छ ।

नेपालको विभिन्न कालखण्डमा सशस्त्र द्धन्द्ध तथा जनआन्दोलन भएको इतिहास रहेको छ। हरेक आन्दोलनमा थारु समुदायका मानिसहरु सकिय रुपमा सहभागीभई सहयोग गर्दै आई रहेको पाईन्छ । भारतको सीमा अतिक्रमणबाट जोगाउने देखिलिएर नेपाल एकिकरण पश्चात २००७ सालमा प्रजातन्त्रको स्थापना, २०४६ को जनआन्दोलन, १० वर्षे जनयुद्ध त्यस्तै २०६२/६३ को संयुक्त आन्दोलनमा सक्रिय सहभागिता जनाई अहम भुमिका निर्वाह गरेको पाइन्छ । तर आज आएर यस जातीलाई विभिन्न किसिमका बहाना बाजी गरेर उनीहरुले जुन पाउनु पर्ने अधिकारको त्यसबाट बञ्चित गराइरहेको अवस्था छ । जसले गर्दा आज थारुहरु आफ्नो पहिचान र प्रतिनिधित्व खोज्दै आन्दोलन गरिरहेको छन् । थारु जातिले आफ्नो पहचान र अधिकारको लागि २०६५ साल देखि थारु आन्दोलन गर्दै आईरहेको छ । आफ्नो आन्दोलनलाई सफल पार्नका लागि र आफ्नो अधिकार सुनिश्चित पार्ना का लागि विभिन्न राजनितिक दलहरुमा आवद्ध भए । नेपलमाबहुदलीय व्यवस्थाको सिद्धान्त भए अनुसार मानिसहरु आफुलाई मनपर्ने विचार अनुसारका पार्टीमा संलग्न हुँदै गए । तलको तालिकाबाट अध्ययन क्षेत्रमा राजनैतिक दलहरुको जनसमर्थनको अवस्था स्पष्ट हुन्छ ।

### तालिका नं. १८ राजनैतिक दलमा जनसहभागीता

| समर्थनगरेको पार्टी | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| नेकपा माओवादी | २२ | ४४ | ५ | १० |
| नेपाली काँग्रेस | १६ | ३२ | १० | २० |
| नेकपा एमाले | ४ | ८ | ६ | १२ |
| फोरम | ० | ० | ३ | ६ |
| राजप | ० | ० | ७ | १४ |
| राप्रपा | ४ | ८ | १ | २ |
| भन्न नचाहेको | ४ | ८ | १८ | ३६ |
| **जम्मा** | **५०** | **१००** | **५०** | **१००** |

श्रोत : स्थलगत सर्वेक्षण, २०७५

अध्ययन क्षेत्रमा नेकपा माओवादी र नेपाली काँग्रेसलाई खुलेर समर्थन गर्नेको संख्या पहिले भन्दा घटेको छ। माओवादी भन्दा काँग्रेस  समर्थकको संख्या झन घटेको छ। अहिले नयाँ जन्मेको पार्टी मा समर्थन बढेको दखिन्छ। आफुले समर्थन गर्ने पार्टीलाई खुलेर भन्न नचाहेको संख्या निकै बढेको छ। अरुलाई आफु कुन पार्टीको भन्ने थाहा भएमा असुरक्षित हुन, छिमेकी र नातेदारसँगको सम्बन्ध बिग्रने डर भएको बताएका छन्। खुलेर आफ्नो विचार प्रकट गर्न नसक्ने अवस्थामा रहेको अध्ययन क्षेत्रका ती मानिसहरु आवाजबिहीन जस्तै छन्। उनीहरु राजनैतिक कुरा गर्न समेत चाहँदैनन्।

### ५.४.२ राजनैतिक चेतनामा आएको परिवर्तन

परम्परागत रुपमा थारू समाजमा सम्पूर्ण शक्ति गाउँको मुलीमा मात्र सीमित हुन्थ्यो। धार्मिक कार्य गुरुवाको नियन्त्रणमा हुन्थ्यो। तर देशमा कानुन तथा प्रशासनिक तरिकाबाट सामाजिक नियन्त्रणका प्रयासहरू हुन थालेबाट थारूहरूको आफ्नो जातिय सङ्गठन एवम् सामाजिक संरचनामा धेरै परिर्वतन आएको पाइन्छ। गाउँमा नै बसेर झगडा मिलाउने प्रचलनमा परिवर्तन आई वडाप्रहरी, अदालतमा जाने प्रचलनमा वृद्धि भएको पाइन्छ। आफ्नो भलाईको लागि थारूहरु जातिगत रुपमा सङ्गठित हुन थालेका छन्। त्यस्तै गरी यहाँका थारूहरूले समाजमा आफ्ने वर्चस्व कायम गर्न विभिन्न

संघसंस्थाहरू थारू कल्याणकारी सभा, थारू समाज आदि खोलेको पाइन्छ । यस्ता सङ्गठनहरूबाट जातिय स्वतन्त्रता संरक्षणको लागि माग गरिरहेका छन् । यहाँका थारू महिला तथा पुरुषमा राजनैतिक चेतनाको विकास भएको पाइन्छ । विभिन्न राजनीतिक दलहरुमा आवद्ध भई चुनावमा प्रतिष्पर्धा गरेर गाउँपलिका , नगरपलिकाहरुमा प्रमुख ,उप-प्रमुख तथा वडा प्रमुख भईसकेको पाईन्छ । चुनावमा भोट खसाल्ने कार्यमा पहिले भन्दा बढी सक्रिय हुन थालेको पाइन्छ । हरेक पार्टीका विषयमा र देशमा भइरहेको राजनीतिक उथलपुथलका विषयमा यहाँका थारूहरूलाई ज्ञान हुँदै आएको देखिन्छ । लैङ्गिक समानता र अधिकारका विषयमा बिस्तारै यहाँका महिलाहरूले बुझ्न थालेका छन् ।

# अध्याय - ६

## सारांश तथा निष्कर्ष

### ६.१ सारांश

थारू जाति तराई क्षेत्रका आदिवासी मानिन्छन् । थारू जाति नेपालको पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मको क्षेत्र चुरे तथा महाभारत पर्वतबीचको भित्री मधेशमा छरिएर रहेका छन् । झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, सर्लाही, धनुषा, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी रुपन्देही, कैलाली कञ्चनपुर आदि जिल्लाहरूमा थारू जातिको बसोबास रहेको पाइन्छ ।

यो अध्ययन कैलाली जिल्ला जानकी गाउँपालिकामा बसोबास गरेका थारू जातिमा आधारित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य थारू समुदायको  आन्दोलनको महत्व र राजनितिमा पहुँच लगायत सामाजिक साँस्कृतिक अवस्थाको जानकारी लिनु रहेको छ । यस अध्ययनको ढाँचामा अन्वेषणात्मक र वर्णानात्मक दुवै विधिको प्रयोग गरिएको छ । यस गा.पा. को वडा नं. ७ मा थारू जातिको जम्मा घरपरिवार ३०० मा अध्ययनको लागि ५० घरपरिवारलाई लिइएको छ । यस अध्ययनको तथ्याङ्क स्रोतमा प्राथमिक स्रोत र द्वितीय स्रोत दुवैबाट प्राप्त भएका तथ्याङ्कलाई प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई संख्यात्मक र व्याख्यात्मक दुवैमा प्रस्तुत गरिएको छ ।

यस जानकी गा.पा.को जम्मा जनसंख्या ४१८९५ रहेको छ । जसमा पुरुषको संख्या २१७५३ ( ५२.२ प्रतिशत) र महिलाको संख्या २०१४२ (४७.७ प्रतिशत) रहेको छ । यस गा.पा.को जम्मा जनसंख्यामा थारू जातिहरूको संख्या ३२२५० रहेको छ । जसले गा.पा.को जम्मा जनसंख्यामा ७५ प्रतिशत स्थान ओगटेको छ । भाषागत आधारमा थारू बोल्नेहरूको संख्या ३२२५० (७५ प्रतिशत) रहेको छ ।

जनसंख्याको दृष्टिकोणले छनोट परिवारमा पुरुष ५१.० प्रतिशत र महिला ४८.९८ प्रतिशत रहेको देखिन्छ । जसअन्तर्गत ०-४वर्ष सम्मको जनसंख्या १२.४१ प्रतिशत र ५-१४ वर्षसम्मको जनसंख्या १७.४४ प्रतिशत, १५-५९ वर्षको जनसंख्या ६४.०९ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसंख्या ६.०४ प्रतशित रहेको छ । परम्परागत रुपमा संयुक्त परिवारमा बस्न रुचाउने यहाँका थारूहरू अहिले एकल परिवारमा बस्न थालेको पाइन्छ । यस्तो एकलपरिवारको संख्या ६०.० प्रतिशत रहेको छ भने संयुक्त परिवारको संख्या ४०.० प्रतशित रहेको छ ।

यहाँका थारूहरूको घरको किसिमलाई हेर्दा कच्ची घर भएका उत्तरदाता ३०.० प्रतिशत , चुली घर भएका ६०.० प्रतिशत र पक्की घर भएका उत्तरदाता १०.० प्रतिशत रहेका छन् ।

यस गा.पा.का थारू जातिको शैक्षिक अवस्था अन्य जातिको तुलनामा कमजोर नै पाइन्छ । तापनि आजभोलि सबैले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेको देखिन्छ । जसअनुसार उत्तरदाताको परिवारको शैक्षिक स्थिति हेर्दा १-५ कक्षासम्म अध्ययन गर्ने संख्या १४.१७ प्रतिशत ,कक्षा ६-१०,एस. एल. सी. सम्म १४.५१ प्रतिशत र आई.ए. तथा बी.ए. सम्म अध्ययन गर्ने संख्या ८.८१ प्रतिशत रहेका छन् । उत्तरदाता परिवारमा पुरुषभन्दा महिलाहरु निरक्षर बढी रहेको देखिन्छ ।

यहाँको थारू समाजमा पुरुष प्रधान भए पनि आजभोलि केहीमात्रामा छोराछोरीलाई पढाउने विवाह गर्ने, जस्ता कुरामा महिलाहरूको निर्णयात्मक भूमिका बढ्दै गएको पाइन्छ । यस जातिमा पनि पैतृक सम्पत्तिमा छोरालाई  नै प्राथमिकता दिएको पाइन्छ । यिनीहरूमा नाता सम्बन्ध बलियो र सुमधुर  रहेको देखिन्छ । यसैगरी यस क्षेत्रका थारूहरुको आफ्नै सामाजिक सङ्गठन भए पनि आजभोलि थारू जातिसँग सम्बन्धित विभिन्न संघसंस्थाहरू खोलेको देखिन्छ । साथै यहाँका थारूहरूले राजनीतिक  गतिविधिप्रति पनि निकै  रुचि राखेको पाइन्छ ।

धर्मअन्तर्गत यहाँका थारू जातिले हिन्दू धर्म मान्दै आएका छन् । यिनीहरूको सामाजिक संस्कारमा जन्मसंस्कार, विवाह संस्कार, मृत्युसंस्कार आदि रहेका छन् ।

यहाँका थारूहरूका प्रमुख चाडपर्वमा माघी, होरी, अत्वारी, दश्या, आदि हुन । यसैगरी यिनीहरूको चाडपर्वमा धेरैजसो जाँड रक्सी र मासुको बाहुल्यता रहेको भेटिन्छ । थारू जातिमा नाचमा मुख्य गरी सखिया नाच र झुमरा नाच रहेको छ । यिनीहरूको धार्मिक कार्य गराउने पुरोहितलाई गुरुवा भनिन्छ । यी गुरुवा दुई किसिमका हुने गर्दछन् । घरगुरुवा र देशबन्ध्यागुरुवा । यहाँका थारू जातिको धार्मिक प्रचलनमा विभिन्न देवीदेवताको पूजा गर्ने परम्परा रहेको पाइन्छ । यिनीहरूका देवीदेवतामा सबै कुलदेवता, गुरुबाबा, मैया, सौरा, भुयाँरदेवता आदि पुज्ने चलन देखिन्छ । अतिथिहरूको स्वागत गर्ने परम्परा पनि अत्यन्त राम्रो रहेको पाइन्छ । यिनीहरूमा पाहुनालाई देवता नै मान्ने चलन देखिन्छ । थारूहरूको आफ्नै भाषा भए पनि घरपरिवारमा मात्र थारू भाषा नै बोले पनि अन्यत्र नेपाली भाषा बोल्ने गर्दछन् । साथै यिनीहरूले धार्मिक अन्धविश्वास र रुढिवादी संस्कारमा पनि विश्वास गर्ने गरेको पाइन्छ ।

यस क्षेत्रका थारूहरूको भू-स्वामित्व अन्तर्गत अधिकांश नमुना थारू परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ । आफ्नै जग्गा जमिनमा खेतीगर्ने उत्तरदाताको संख्या ४४.० प्रतशित र अधियाँ लगाउने उत्तरदाताको संख्या ३६.० प्रतिशत रहेको पाइन्छ भने ठेक्का लगाउने उत्तरदाताको संख्या २०.० प्रतिशत देखिन्छ । आफ्नो जग्गा भएकोर पनि खानलाउननपुग्ने हुँदा अधिया र ठेक्का गर्ने गरेको देखिन्छ । यहाँका थारूहरूले मुख्य गरेर धान, मकै, गहुँ तोरी तरकारी उत्पादन  गर्दछन् ।

यहाँ धान, गहुँ, सबभन्दा बढी उत्पादन गरेको देखिन्छ । त्यसपछि मकै तोरी र तरकारी उत्पादन गर्दछन् । यहाँका सबै थारूहरूलाई वर्षभरि खान नपुग्ने स्थिति रहेको छ । वर्षभरि खान नपुग्ने घरपरिवारले अँधिया लगाएको पाइन्छ । ६४.० प्रतिशत उत्तरदाताको आम्दानीको स्रोत कृषिमै निर्भर रहेको पाइयो । नोकरी र व्यापार गर्ने संख्या १०.० प्रतिशत र ८.० प्रतिशत रहेको पाइयो । कृषि प्रणालीबाट राम्रो प्रतिफल पाउने, घरखर्च गर्न, व्यापार गर्न ऋण लिएको पाइन्छ । यहाँका थारूहरूले पशुपालनमा सबभन्दा बढी हाँस कुखुरा, गाइगोरु, भेडाबाख्रा र त्यसपछि सुगुर बंगुर रागा पाल्ने गरेको देखिन्छ । ४८.० प्रतिशत परिवारहरू मध्यम वर्गमा भएको देखिन्छ । केवल थोरै परिवारहरू मात्र ४.० प्रतिशत सम्पन्न वर्गमा भएको देखिन्छ । यहाँका थारूमा खर्चको प्रारुप हेर्दा शिक्षा र स्वास्थ्यका लागि  कम खर्च  १० प्रतिशत र ८ प्रतिशत खर्च गरेको देखियो भने खाना तथा चाडपर्वका लागि बढी खर्च ३० प्रतिशत र २७ प्रतिशत खर्च गरेको पाइन्छ । अध्ययन क्षेत्र जानकी गा.पा.का थारूहरू आजभोलि कृषि पेसामा बाहेक अन्य पेसा जस्तै बिजुलीको काम गर्ने, साइकल मर्मत गर्ने तथा शिक्षण पेसामा लागेका देखिन्छन् भने महिलाहरू पनि प्रौढ शिक्षा दिने सिलाई बुनाई सिकाउने आदि कार्यमा संलग्न भएको देखियो । यसैगरी शैक्षिक विकास, आधुनिक परम्परा, बढ्दो शहरीकरण तथा अन्य जातिको सम्पर्कले थारू जातिको सामाजिक साँस्कृतिक तथा आर्थिक अवस्थामा परिवर्तन आएको देखिन्छ ।

**६.२ निष्कर्ष**

यस अध्ययनको मुख्य उद्देश्य  कैलाली जिल्ला जानकी गा.पा. वडा नं. ७मा बसोबास गरेका थारू समुदायको अधिकार प्राप्तिका लागि भएको थारु आन्दोलन को महत्व र थारु जातिको राजनितिक पहुँच लगायत सामाजिक साँस्कृतिक अवस्थाको बारेमा जानकारी हासिल गर्नु रहेकोछ । यो अनुसन्धान कार्लमाक्स को द्वन्द्वात्मक उपगमको प्रतिकार्या सिद्धान्तमा अधरित रहेको छ । यस अनुसन्धानबाट  निम्न निष्कर्षमा  पुगिएको छ ।

- उत्पत्तिको दृष्टिले अझै रहस्यमय रहेका थारूजाति परापूर्वकाल देखि नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएको आदिवासी  जनजाति  हो ।
- थारू जाति संयुक्त परिवारभन्दा एकात्मक परिवारमा बस्न थालेको पाइन्छ । किनभने अध्ययन क्षेत्रमा एकात्मक परिवार भएका घरधुरी सख्या बढी रहेको पाइन्छ ।
- शैक्षिक क्षेत्रमा पछाडि परेको थारू जातिमा अहिले केही मात्रामा भए पनि शैक्षिक चेतनाको विकास भएको कारण आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेको पाइन्छ । विद्यालय शिक्षाबाट वञ्चित थारूहरूले प्रौढशिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । बीचैमा

पढाइ छोड्ने प्रवृत्तिले आई.ए. वा सोभन्दा माथि अध्ययन गर्ने थारूहरूको संख्या एकदमै कम रहेको देखिन्छ ।

- थारूहरूको खानपिनमा पनि परिवर्तन आई आधुनिक परिकारहरू खाने प्रचलन बढेको देखिन्छ
- थारूमा परम्परागत धामी, झाँक्रीमा विश्वास गर्ने प्रचलनमा भने कमी आएको कारण बिरामी हुँदा अस्पताल लैजाने प्रचलन बढेको देखिन्छ ।
- पुराना ढाँचामा घरहरू बनाउन छोडेर नयाँ ढाँचामा पक्कीघरहरू बनाएको देखिन्छ ।
- थारू जातिको आफ्नै प्रकारको सामाजिक सङ्गठन भए पनि वर्तमान समयमा थारू जातिसँग सम्बन्धित संघ संस्था खोलेको पाइन्छ । यी जातिहरूमा राजनैतिक जागरुकता पनि बढेको देखिन्छ ।
- परम्परागत भेषभूषा गरगहना लगाउन छोडेर आधुनिक भेषभुषा गरगहना लगाएको देखिन्छ ।
- यिनीहरूमा परम्परागत धार्मिक अन्धविश्वास, भुतप्रेत, बोक्सीमा विश्वास गर्ने प्रचलनमा केही मात्रामा कमी आएको देखिन्छ ।
- यिनीहरूले चाडपर्व तथा पूजाआजा आफ्नै किसिमले मनाउने चलन रहेको देखिन्छ । यिनीहरुको चाडपर्व तथा पूजाआजामा जाँड रक्सी, र मासुको बढी महत्व भएको देखिन्छ ।
- थारू महिलाहरूमा आएको शैक्षिक चेतनाको कारण महिला समुह गठन गर्ने तथा नारी उत्थानका लागि जागरुक हुनेतर्फ अगाडि बढेको देखिन्छ ।
- मिहिनेती जातिको रुपमा परिचित यस क्षेत्रका थारू जातिले आफ्नो जग्गा नभएका र जग्गा जमिन थोरै भएकाले अधिया गरेर धेरैजसो परिवारले वर्षदिन खान पुऱ्याएको देखिन्छ ।
- परम्परागत पेसा कृषिको अलावा श्रमिक, नोकरी, व्यापार, व्यवसाय जस्ता पेसामा लाग्ने गरेको पाइन्छ । विशेष गरी युवाहरू कृषि कार्यमा बढी उत्पादन नहुने कारणले वैकल्पिक रोजगारी तर्फ आकर्षित भएको पाइयो ।
- आफ्नो हक अधिकारको लागी एक जुटभएर लाग्नु पर्छ भन्ने चेतनाको विकास भएको पाइयो
- जुनसुकै राजनीतिक पार्टीमा भए पनि थारु समुदायको अधिकारको लगी एकजुट हुनु पर्छ भन्ने पाइयो ।
- अध्ययन क्षेत्रमा बासोबास गरेका थारु जातिले परापूर्वकाल देखि नै परम्परागत कृषि पेशामा अधारित रहेका छन् । अधिकांशले खेती गरेर आफ्नो जिवन गुजारा गरिरहेका छन् । अपवादको रुपमा व्यपार र नोकरी गरिरहेको पाइन्छ । खेती गर्दा आधुनिकीकरणलाई अलिअलि अवलम्वन गर्न तिर अग्रसर भएको पाइन्छ ।

- राजनीतिक चेतनामा विकास भएको पाइन्छ ।
- अध्ययन क्षेत्रमा अहिले स्थानिय तहका गाउँपालिका प्रमुख, उप प्रमुख, वडा प्रमुख र सदस्यहरु भइसकेका छन् ।
- टीकापुर घट्ना पछि थारु र पहाडी समुदायबिच सद्भाव खलबलिएको पाइयो ।

कैलालीको आदिवासी जातिहरूमा संख्यात्मक बाहुल्य भएको र व्यापक रूपमा छरिएर रहेको जाति थारू जाति नै हो । यस जिल्लामा थारू समुदाय निकै अगाडिदेखि बसोबास गर्दै आएका छन् । यस क्षेत्रमा अन्य जातिको आगमन धेरै पछि मात्र भएको हो । खासगरी औलोको रोकथाम भएपछि अन्यजातिहरू पहाडी क्षेत्रबाट बसाई सरी आएको पाइन्छ । अन्य जातिहरूको व्यवस्थित बसोबास पछि पनि थारूहरू सबै जातिसँग घुलमिल भई उल्लेख्य संख्यामा कैलालीमा बसोबास गर्दै आइरहेका छन् । यसैगरी यस कैलाली जिल्लामा बसोबास गर्ने थारूलाई डगौंरा थारू भनिन्छ । थारूहरू प्राय समथर भू-भागमा बस्न रुचाउने जाति भएकोले कैलाली जिल्लाको जानकी गाउँपालिकाको ९ वडाहरूमा थारू जातिको बसोबास रहेको पाइन्छ । यिनीहरूको आफ्नै किसिमको सामाजिक स्तर, साँस्कृतिक प्रचलन, रहनसहन भएको पाइन्छ ।

यस शोधकार्यको अध्ययन क्षेत्र अन्तर्गत रहेको जानकी गाउँपालिकाका थारू जाति बसाई सरि आएको अन्य समुदायको मानिसहरूको सम्पर्कले गर्दा आफ्नो चालचलन तथा भेषभुषा भुलिसकेका देखिन्छन् । यहाँका थारू जातिलाई आफ्नो उत्पति थलोबारे खासै जानकारी नभएपनि बुढा पाका थारूका अनुसार उनीहरूका पुर्खा दाङ उपत्यकाबाट बसाई सर्दै कैलाली पुगेका हुन् । यस गाउँपालिकाका थारू जातिको थरमा दहीत, कुश्मी, महतौं, कठरिया, राजवंशी, गोइजिहार, बडायक, ढकेहर, डगौंरा, रतगैयाँ आदि थर भए पनि उनीहरूले आफ्नो नाम पछाडि चौधरी मात्र लेख्ने गरेको पाइन्छ । बिशेष गरि दाङ बाट बसाई सरि आएका थारुहरु अझै पनि आफ्नो थर डंगौरा लेखाउने गर्दछन । यस गाउँपालिकाका थारू जातिको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्था अन्य जातिको भन्दा फरक रहेको छ ।

## परिभाषिक शब्द र प्रयोग भएका शब्दावली

गुरुवा - थारू जातिको धार्मिक काम गर्ने मानिस

भलमन्सा ,बरघरिया - गाउँको मुख्य मानिस

किसनुवा - घरमुली

भोज - विवाह

जन्मकरम - जन्मसंस्कार

मरनीकरनी - मृत्युसंस्कार

पितर देना - श्राद्ध गर्नु

गोन्याचोल्या - अविवाहित थारू महिलाको परम्परागत पहिरन

लगौटी र भोटो- थारू पुरुषको परम्परागत पहिरन

माघी - माघे संक्रान्ति

दश्या - दशैं

देवारी - तिहार

होली - फागु पूर्णिमा

देउरार - थारू जातिको देवता राख्ने कोठा

अष्टमी - कृष्णजन्म

आइतवारी - आइतवार बस्ने व्रत

गुरिया(गुरही असरैना) पर्व - नागपञ्चमी

# अनुसुची १

## अन्तर्वार्ता प्रश्नावली

फाराम नं. मिति:२०७५

**१. उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक विवरण**

क) घरमुलीको नाम: ख) उत्तरदाताको नाम:

ग) उमेर : घ) लिङ्ग :

ङ) पेशा : च) धर्म :

छ) मातृभाषा : ज) शैक्षिक योग्यता :

झ) गा. पा./न. पा. : ञ) वडा नं: :

**१.१ तपाईको पारिवारिक विवरण :**

| क.सं | नाम ,थर | घरमुलीसँगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेसा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

**२. समाजिक , आर्थिक तथा सांस्कृतिक सम्बन्धी प्रश्नावली**

२.१ तपाई कस्तो खालको घरमा बस्नु हुन्छ ?

(क) कच्ची (ख) पक्की (ग) चुली (घ) खरफुस

२.२ तपाई को जमिन कस्को स्वमित्व मा छ ?

(क) बाजे ख) बुवा ग) आमा घ) .........

२.३ आफ्नो स्वमित्वमा रहेको जमिनले तपाईलाई खाना लाउन ।

(क) पुग्छ ख) पग्दैन

२.४ यदि पुग्दैन भने के गर्नु हुन्छ ?

(क) अधिया (ख) ठेक्का (ग) अन्य..............

२.५ जग्गा ठेक्का / अधिया गर्नु हुन्छ, भने मालिकलाई के श्रम गर्नु हुन्छ ?

...........................................................................................

२.६ अन्य आम्दानीका स्रोतहरु...................................................

२.७ तपाई यसै गाउँमाजन्मनु भएको हो कि बसाई सराई गरि अएको ?

(क) यसै गाउँमाजन्मेको

(ख) बसाई सरेको ..................कहाँबाट .............

२.८ कहिले देखि यहाँ बसोबास गर्दै आउनुभएको छ ?

(क)..................................................

२.९ तपाई यो ठाउँमा आउँदा खेरी जमिनको अवस्था कस्तो थियो ?

(क) बस्ना मिल्ने (ख) बस्ना नमिल्ने

२.१० यो अवस्था सम्मा आउँदा तपाईको योगदान के थियो ?

.................................................................................................................................

.................................................................................................................................

....

२.१२ तपाईको समाजमा कस्तो प्रकारको विवाह बढी प्रचलित छ ?

(क) मागीविवाह ...................... (ख) प्रेमविवाह ...............

(ग) अन्य .................

२.१३ तपाईको समाजमा वैवाहिक अवस्था कस्तो किसिमको छ ?

(क) जातिय (ख) अन्तरजातिय

२.१४ तपाई कुनधर्म मान्नु हुन्छ ?

(क) हिन्दु (ख) बौद्ध

(ग) क्रिश्चियन (घ) अन्य ...................

२.१५ तपाईले वर्ष भरिमामनाउने चाडपर्वहरू के के हुन?

(क) अइतवारी/अनत्तर , माघी, होली, गुरिया, चिरैय, भजहर (ख) दशैं , तिहार, तीज

(ग) कीसमस डे , नयाँवर्ष (घ) बकरईद (ङ) अन्य......................

२.१६ तपाईले मान्ने पर्वमा राज्यको नीति अर्थात विदाको अवस्था कस्तो छ ?

(क) सरकारी विदा हुन्छ (ख) विदा हुदैन

२.१७ तपाई हरुले लगाउने पोषाक मा राष्ट्रको मानसिकता अर्थात राष्ट्रिय पोषाकमा झल्किन्छ , अवस्था के छ ?

(क)......................... (ख) ...........................

२.१८ तपाईको जातमा लगाईने भेष भुषा के के हुन?

| क. सं. | महिलाले लगाउने | पुरुषले लगाउने |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

२.१९ तपाईहरूको बोल्ने मुल भाषा के हो ?

(क) नेपाली .................. (ख) थारू ......................

(ग) अन्य ......................

**३. शिक्षा सँग सम्बन्धित प्रश्नावली**

३.१ तपाईको वडामा शैक्षिक संस्था विद्यालय छ ?

(क) छ ......................... (ख) छैन ................

३.२ यदि छ भने कुनतह सम्मको विद्यालय छ ?

(क) प्रावि .................. (ख) निमावि ...............

(ग) मावि .................. (घ) उच्चमावि ..............

(ङ) बी.ए. वा सो भन्दामाथि .........................

३.३ तपाईले छोरा छोरी दुवैलाई पढाउनु भएको छ ?

(क) छ ....................... किन .........................

(ख) छैन ......................... किन ........................

३.४ कस्तो स्कूलमा पढाउनु भएको छ ?

(क) सरकारी................ (ख) संस्थागत ...........(ग) निजी.....

## ४. राजनितीक प्रश्नावली

४.१ तपाईको समुदायमा कस्को नेतृत्व स्वीकार्य हुन्छ ?

(क)बड्घर/भल्मन्सा (ख) बुद्धिजिवी (ग) राजनीतिज्ञा (घ) शिक्षितव्यक्ति (ङ)अन्य .......

४.२ थारु समुदायका व्यक्तिहरु राजनितिक कार्यक्रमप्रति चासो के छ ?

(क) चासो देखाउनु हुन्छ (ख) कि हुदैन

४.३ थारु समुदायबाट राजनीतिक नेतृत्व लिन व्यक्तित्व छन् , कि छैनन् ?

....................................................................................

४.४ थारु समुदायका व्यक्तिहरु राजनीतिक नेतृत्व चयनमा बाफादारीता छ , कि छैन ?

....................................................................................

४.५ आन्दोलनलाई तपाईको कुन रुपबाट हेर्नु हुन्छ , तपाईको दृष्टिकोण कस्तो छ ?

..............................................................................................

४.६ आन्दोलनमा तपाईको कस्तो किसिम को भूमिका, सहभागीता र समर्थन थियो ?

(क) प्रत्यक्ष रुपमा सहभगी (ख) आर्थिक रुपले (ग) राजनैतिक रुपले

(घ) समाजिक रुपले (ङ) अन्य.............

४.७ आन्दोलन मा भएका पीडालाई साम्य पार्न अर्थात पहिलेकै अवस्थामा ल्याउना के गर्नु पर्छ ?

...........................................................................

४.८ थारू जातिको सम्पूर्ण पक्षको विकासकालागि के सुझाव दिनुहुन्छ ?


....................................................................................

## आनुसुची नं. २




नक्सा नं.१ कैलाली जिल्ला


## अनुसुची नं. ३




*(जानकी गाउँपाकिलका तथ्याङ्क विभाग, वि.सं. २०७४)*

नक्सा नं. २ जानकी गाउँपालिकाको समग्र वस्तुस्थिती

अनुसुची नं. ४




नक्सा नं. ३जानकी गाउँपालिकाको जनसंख्या विवरण

## सन्दर्भ सामग्री


- दहित, गोपाल, ( वि.सं.२०६२), *थारु संस्कृतिको संक्षिप्त परिचय* : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिस्थान ।
- अर्याल, भोजेन्द्र, (२०६९), नेपाली समाज र संस्कृतिका उपागमहरु : द्वन्द्वात्मक उपागम ।
- गुरुङ, डा. ओम, (सन् २००६), *मधेश समस्या र सम्भावना,* नेपालमा आदिवासी जनजाती आन्दोलनको इतिहास, आदिवासी जनजाति पहिचानकानयाँआधारहरु ।
- Dahit, Gopal, ( 2009), *Tharu Indigenous Knowledge and Practices*, Unyc Nepal, NayaGau , Bardiya.
- गुरुङ, डा. हर्क,(२००५), आदिवासी जनजाती सुचिकरण अवधारणा तथा अनुभव, आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा आदिवासी दिवस (९ अगस्ट २००५) को उपलक्षमा आयोजना गोष्ठीमा प्रस्तुत कार्यपत्र ।
- गुरुङ, डा. हर्क, कृष्ण भट्टचन, मल्ल के सुन्दर, डा. ओम गुरुङ, (२०००) , जनजाती विकासको जुक्ति, काठमाडौं : जनजाती विकास समन्वय केन्द्र ।
- भट्टचन, डा. कृष्ण, (२०६८) आदिवासी जनजाति जर्नल : विश्वको आदिवासी जनजाति आन्दोलनको संक्षिप्त इतिहास र सिक्नसक्ने ठाउँ ।
- दहित, गोपाल, थारु, लक्ष्मण, चौधरी, मिन राज, चौधरी, योगेन्द्र, चौधरी, विरवल, चौधरी, देवनारायण, *थरुहट आन्दोलन एक परिचय (२०६५/६६)* : थरुहट संयुत्त संघर्ष समिति, केन्द्रिय संयोजन समिति, काठमाडौं, नेपाल ।
- गुनरत्ने, अर्जुन,(२००६), "थारु र राज्य : प्रजातन्त्र, राज्यनिर्माण र जनजाति पहिचान", मधेशः समस्या र सम्भावना, सम्पादक : वसन्त थापा र मोहन मैनाली, प्रकाशक : शोसल साइन्स वाहा, पाटनढोका, ललितपुर ।
- थारु, राधेश्याम, (२०७२ पुस १९, अंक २४३, पृष्ठ ८) , नागरिक दैनिक, कस्तोसाझाफूलवारी ।
- कानुन किताब व्यवस्था समिति, (२०६३), नेपालको अन्तरिम संविधान २०६३ काठमाडौं कानुन किताब व्यवस्था समिति ।
- National Population Census ,(2011), Central Bureau of Statistics, Kathmandu, Nepal, November 2012.
- अन्तरराष्ट्रिय श्रम संगठन, (२०१३), आदिवासी जनजाति सम्बन्धि महासन्धी, १९८९ (नं.१६९) सम्बन्धी जानकारी ।
- दहित , डा. गोपाल, (२०६३) , थारुहरुमाथि सुनियोजित दमन र थारुहरुको मुद्दा ,युवा नेतृत्वको सवाल ।

- चौधरी , मिनराज, (२०७३) , थरुहट आन्दोलनः माग ,मुद्दा र उपलब्धी ।
- सर्वहारी, कृष्णराज /चौधरी, गणेश , (२०७३) , थरुहट आन्दोलनः टीकपुर कथा ।
- शेर्पा,लाक्पा, (२०७१) ,नेपालका आदिवासी जनजाति आन्दोलनको ऐतिहासिक रुपरेखा ।
- तराई मानव अधिकार रक्षक सञ्जाल ( थर्ड एलायन्स) , एसियन ह्युमन राईट्स कमिशन (एएचआरसी), (२०७३) , नेपालः प्रदर्शन तथा दमन ।
- चौधरी , बीरबल , (२०६६) , थरुहट आन्दोलन : अस्तित्व पहिचान र अधिकारको लागि आन्दोलन ।
- ह्योमे , के ,(सन्२००६), मधेश समस्या र सम्भावना : मधेसीप्रतिको विभेद र समानता आन्दोलन ।
- श्रेष्ठ , पदम, (२०५७) , थारु र शाक्य दुवै गौतम वुद्धका नश्ल ।
- आचार्य, बाबुराम, (२०१०) , थारु जातिको मूलघर कहाँ ?
- मिश्र, चैतन्य, (सन्२००६), मधेश समस्या र सम्भावनाः दलित समस्या, राजनीति र अर्थतन्त्र ।